सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ पुस २०८०, बिहीबार (4 Jan 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २५५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पालिकामातहत बस्न नमानेका विद्यालय शिक्षकको संविधान संशोधनको माग

संसद्को शिक्षा समितिले राजनीतिक तहमा छलफल गर्ने



(विस्तृत पृष्ठ ३)

नयाँ पत्रिका Lifestyle

भान्सामै औषधि

हाम्रो समाजमा एउटा समूह मसला खानै हुँदैन भनेर प्रचार गरिरहेको छ। अर्को समूह, मिठो स्वादका लागि अत्यधिक रूपमा मसला प्रयोग गरिरहेको छ। हामीले सन्तुलित रूपमा मसलाको प्रयोग गर्ने हो भने यसले हामीलाई निरोगी रहन सहयोग गर्छ।

डा. **मिथिलेशकुमार साह**
उपप्राध्यापक, आयुर्वेद क्याम्पस, कीर्तिपुर

अर्थ पत्रिका पृष्ठ।९

निगमको डिपोभित्रै ट्यांकरमा त्रिपाल ओढाएर 'तेल चोरी'



वास्तविक तापक्रममा भएको घटबढले हुने वैधानिक चुहावटबाहेक चिसो त्रिपाल ओढाएकै कारण प्रतिट्यांकर ९० लिटरका दरले 'चुहावट'को हिसाबले गर्दा धनगढी डिपोबाट दैनिक १६ सय २० लिटरसम्म चोरी भइरहेको देखिन्छ।

प्रिमियम आइपिओमा लेखा समितिको निर्देशनपछि प्राधिकरणको बिमा कम्पनीलाई पत्राचार

प्रिमियमबापत नौ अर्ब ६६ करोड जगेडा कोषमा राख्न निर्देशन

कर्नर किक

● रवि मिश्र



NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

राष्ट्रिय सभा निर्वाचनमा सहकार्य गर्न सत्तागठबन्धनसँग एमालेको प्रस्ताव

२१ फागुनदेखि एमालेका आठसहित राष्ट्रिय सभाका २० सांसदको कार्यकाल सकिँदै छ। ११ माघमा हुने निर्वाचनमा एक्लै प्रतिस्पर्धामा उत्रिँदा जित्ने मतभार एमालेसँग छैन। अध्यक्ष ओली सत्तागठबन्धन वा त्यसभित्रका दलसँग पनि सहकार्य गर्ने गरी संवाद बढाउँदै छन्।

शुरोजंग पाण्डे, केशवप्रसाद पाण्डे

प्रमुख प्रतिपक्षी एमालेले आगामी ११ माघमा हुने राष्ट्रिय सभा निर्वाचनमा सत्तारूढ गठबन्धनसँग मिलेर जान प्रस्ताव गरेको छ। उसलाई मिलाएर जाने विषयमा गठबन्धनमा पनि छलफल सुरु भएको छ।

राष्ट्रिय सभाका अध्यक्षसहित एमालेका आठ, कांग्रेसका चार, माओवादीका तीन, एकीकृत समाजवादीका दुई, जसपाका एक र स्वतन्त्र दुई गरी २० सांसदको कार्यकाल २१ फागुनमा सकिँदै छ। दलीय मतभार बलियो रहेको सत्तागठबन्धनले आ-आफ्ना सिट यथावत् राखेर एमालेले जितेका सिट बाँडफाँट गर्ने तयारी गरेको थियो। उम्मेदवारी दर्ताको मिति २३ पुस नजिकिँदै गर्दा एमालेबाट सहकार्यको प्रस्ताव आएपछि छलफल त्यता केन्द्रित भएको छ।

२१ फागुनमा ६ वर्षे पदावधि सकिने २० सांसदको सूची
पृष्ठ ११

एमाले अध्यक्ष केपी ओलीले प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँगको लगातारको भेट तथा कांग्रेस सभापति शेरबहादुर देउवासहित तीन शीर्ष नेताबीचको छलफलमा सहकार्यका लागि तयार रहेको सन्देश दिएका छन्। राष्ट्रिय सभा निर्वाचनबारे छलफल गर्न बुधबार बसेको गठबन्धनका चार दलको बैठकमा प्रधानमन्त्री प्रचण्डले 'एमालेले पनि मिलेर जान चाहेको' ब्रिफिङ गरेका थिए। एमालेको ठोस प्रस्ताव आएपछि थप छलफल गर्ने निष्कर्षसहित बैठक सकिएको थियो।

त्यसलगत्तै बालुवाटार पुगेका एमाले अध्यक्ष ओलीले केहीबेर प्रधानमन्त्री प्रचण्डसँग छलफल गरे। त्यसपछि कांग्रेस सभापति देउवासहित तीन नेताबीच वार्ता भएको थियो। स्रोतका अनुसार त्यहाँ पनि सहकार्य गर्ने विषयमा छलफल भएको थियो। तर, औपचारिक केही निर्णय भने भइसकेको छैन।

प्रधानमन्त्री प्रचण्डको सचिवालयका अनुसार तीन नेताबीच राष्ट्रिय सभा निर्वाचन, भारतीय विदेशमन्त्री एस जयशंकरको नेपाल भ्रमण, संक्रमणकालीन न्याय र समसामयिक राजनीतिक

» पृष्ठ ११ मा क्रमशः



बुधबार सत्तागठबन्धनको बैठकलगत्तै बालुवाटार पुगेका एमाले अध्यक्ष ओलीको केहीबेर प्रधानमन्त्री प्रचण्डसँग छुट्टै र त्यसपछि कांग्रेस सभापति देउवासहित तीन नेताबीच छलफल भएको थियो। त्यहाँ पनि चुनावी सहकार्यबारे कुराकानी भएको स्रोतको भनाइ छ। तर, औपचारिक निर्णय भने भइसकेको छैन।

एक्लै जित्ने स्थिति छैन, सहकार्यका लागि छलफल जारी छ



● **राजेन्द्र गौतम**, एमाले स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख

सिंगै सत्तागठबन्धनसँग मिलेर जाने स्थिति बन्छ कि बन्दैन बेग्लै कुरा हो, तर एक्लै परिणाम नआउने भएकाले गठबन्धनभित्रकै कुनै दलसँग मिलेर जाने परिस्थिति पनि हुन सक्छ, त्यस क्रममा विभिन्न दलसँग छलफल जारी नै छ। छलफलकै क्रममा संक्रमणकालीन न्यायसम्बन्धी विधेयक टुंग्याएर जानुपर्ने विषय पनि छलफलमा आएको छ, तर संवाद के निष्कर्षमा पुग्छ अहिल्यै भनिहाल्ने स्थिति भने छैन।

एमाले पनि मिलेर जान चाहेको छ, हामी सकारात्मक नै छौं



● **देव गुरुङ**, महासचिव, माओवादी

गठबन्धनमा छलफल चलिरहेको छ, बुधबार पनि हामीबीच छलफल भयो। एमाले पनि मिलेर जान चाहेको छ। मिलेर जाने कुरामा हामी सकारात्मक नै छौं। छलफल सुरु भएको मात्रै हो, टुंगिएको छैन। गठबन्धनमा एमालेसँग के आधारमा, कसरी मिलेर जाने भन्ने विषयमा छलफल गरिरहेका छौं।

सिट बाँडफाँटमा एमालेको ठोस प्रस्ताव पर्खिँदै सत्तागठबन्धन



● **राजेन्द्र पाण्डे**, उपाध्यक्ष, एकीकृत समाजवादी

प्रधानमन्त्रीजीसँग ओलीजीले राष्ट्रिय सभामा हामीलाई जिरो नगर्नुस् भन्नुभएको रहेछ। पहिलो कुरा, एमालेको प्रस्ताव के हो, त्यो उताबाट क्लियर आओस् अनि कुराकानी गर्न सजिलो हुन्छ भन्ने हाम्रो कुरा भयो। एमाले पनि हामीसँगै आयो भने त्यो 'कन्डिसनल सहमत' हुनेछ। कस्तो प्रस्ताव आउँछ त्यसका आधारमा हामी छलफलबाट अगाडि बढ्छौं।

● **रमेश लेखक**, मुख्य सचेतक, कांग्रेस



गठबन्धन दलबीच राष्ट्रिय सभामा कसरी जाने भन्ने छलफल भएको हो। एमालेसँग समसामयिक विषयमा छलफल भएको हो। दलहरूका बैठकमा विभिन्न कोणबाट छलफल हुने नै भयो।

नयाँ पत्रिका

सत्तागठबन्धनले राष्ट्रिय सभाको सिट बाँडफाँटमा एमालेको प्रस्ताव पर्खिने भएको छ। एमालेलाई समेत समेटेर लैजानेबारे छलफल अघि बढेसँगै गठबन्धनले एमालेको प्रस्ताव हेरेर अघि बढ्ने नीति लिएको हो।

बुधबार दिउँसो सत्तारूढ दलहरू कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपाबीच बालुवाटारमा छलफल भएको थियो। बैठकमा सहभागी एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेका अनुसार एमालेलाई समेटेर लैजाने विषयमा प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बैठकमा ब्रिफिङ गरेका थिए।

'प्रधानमन्त्रीजीसँग ओलीजीले राष्ट्रिय सभामा हामीलाई जिरो नगर्नुस् भन्नुभएको रहेछ। पहिलो कुरा, एमालेको प्रस्ताव के हो, त्यो उताबाट क्लियर आओस् अनि कुराकानी गर्न सजिलो हुन्छ भन्ने हाम्रो कुरा भयो। एमाले पनि हामीसँगै आयो भने त्यो 'कन्डिसनल सहमत' हुनेछ। कस्तो प्रस्ताव आउँछ त्यसका आधारमा हामी छलफलबाट अगाडि बढ्छौं,' पाण्डेले भने।

दलीय मतभारमा बलियो रहेको गठबन्धनमा एमालेले जितेका सिटमा बाँडफाँट गर्ने

» पृष्ठ ११ मा क्रमशः

इरानी जनरल सुलेमानीको वार्षिक स्मृति सभामा विस्फोट

कम्तीमा १०३ को मृत्यु



तेहरान/ इरानको सशस्त्र बलको एक शाखा रिभोल्युसनरी गार्डका दिवंगत जनरल कासिम सुलेमानीको हत्याको चौथो वार्षिक स्मृतिमा आयोजित कार्यक्रममा भएका दुई शक्तिशाली विस्फोटमा कम्तीमा १०३ जनाको मृत्यु भएको छ। सुलेमानीको दक्षिणी गृहनगर केरमानस्थित साहेब अल-जमान मस्जिदनजिकै बुधबार विस्फोट भएको थियो।

इरानी सरकारी मिडियाले कम्तीमा १०३ व्यक्तिको मृत्यु भएको पुष्टि गर्दै उक्त आक्रमणलाई 'आतंकवादी'को संख्या दिएको छ। तर, विस्फोटको कारणबारे विस्तृत विवरण सार्वजनिक भएको छैन। त्यस स्थानमा सुलेमानीको चिहान छ। सरकारी टेलिभिजनमा प्रसारित घटनाका तस्बिरहरूमा उक्त क्षेत्रमा कैयौं

» पृष्ठ ११ मा क्रमशः

०७७ जेठसम्मकै बक्यौता उठाउनुपर्ने विद्युत् नियमन आयोगको निष्कर्ष

अदालत, संसदीय समिति, अख्तियार, ऊर्जा मन्त्रालयलगायतका निकायबाट बक्यौता उठाउने निर्णय र निर्देशन यसअघि नै भएको थियो, विद्युत् नियमन आयोगले पनि बक्यौता उठाउनुपर्ने निष्कर्ष दिएपछि प्राधिकरणलाई थप सहज

मिलन विश्वकर्मा/नयाँ पत्रिका

विद्युत् नियमन आयोगले डेडिकेटेड फिडर तथा ट्रंक लाइनको ०७७ जेठसम्मकै बक्यौता उठाउनुपर्ने निष्कर्ष निकालेको छ। बक्यौता महसुलबारे नेपाल विद्युत् प्राधिकरण र उद्योगीबीचको विवाद पेचिलो बन्दै गएको वेला आयोगले यस्तो बताएको हो।

लोडसेडिङको वेला प्राधिकरणले ६५ प्रतिशत प्रिमियम शुल्कमा उद्योगहरूलाई २० देखि २४ घन्टासम्म विद्युत् दिएको थियो। त्यसबापत ब्याज र जरिवानासहित ५९ उद्योगबाट मात्रै २२ अर्ब २४ करोड रुपैयाँ बक्यौता उठाउन बाँकी छ। प्रिमियममा उद्योगलाई २४ घन्टासम्म विद्युत् आपूर्ति दिने गरी ०७२ साउनमा बनाएको महसुलदर ०७२ पुसमा तत्कालीन महसुल निर्धारण आयोगले अनुमोदन गरेको थियो। ३१ वैशाख ०७५ मा लोडसेडिङ अन्त्य भए पनि ०७७ असारमा मात्रै उक्त महसुलदर खारेज गरिएको थियो। उद्योगीहरूले लोडसेडिङ अन्त्य

» पृष्ठ ११ मा क्रमशः

विद्युत् नियमन आयोगको निष्कर्ष-

नयाँ महसुल निर्धारण नभएसम्म पूर्वनिर्धारित महसुल नै लागू हुने आयोगको ठहर छ। आयोगले ०७७ असारदेखि मात्रै डेडिकेटेड फिडर र ट्रंक लाइनको प्रिमियम महसुलदर खारेज गरेको थियो। त्यसमा गुनासो भएमा ग्राहकले १५ दिनभित्र आयोगमा पुनरावेदन दिन सक्ने व्यवस्था थियो। तर, कसैबाट पनि पुनरावेदनको माग नभएको हुनाले यसमा थप निर्णय गर्न आवश्यक नभएको आयोगको निष्कर्ष छ। अब प्राधिकरणले जेठ ०७७ सम्मै डेडिकेटेड फिडर र ट्रंक लाइनसरहको महसुल उठाउन पाउनेछ। तर, तोकिएको सर्त भने पूरा भएको हुनुपर्नेछ।

■ के भन्छ प्राधिकरण ?

प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवालले आयोगको निष्कर्षका आधारमा थप निर्णय गर्न नपर्ने बताए। 'प्राधिकरणले यसअघि गरेको निर्णय, लेखा समितिको निर्देशन, अदालतको फैसलालगायतको निर्णयका आधारमा कारबाही अघि बढाउनु भनेको



मनोज सिलवाल

छ। प्राधिकरणले पहिलेदेखि नै यसैअनुसार कामकारबाही अघि बढाएको छ,' उनले भने, 'त्यसैले यसमा थप निर्णय गर्न आवश्यक देखिन्न।'

■ आयोगको निर्णय ठीक छ : उद्योगी



पशुपति मुरारका

उद्योगीहरू भने आयोगको निष्कर्ष शतप्रतिशत स्वागतयोग्य भएको बताउँछन्। लाइन काटिएका अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले अब यसको सही कार्यान्वयन हुनुपर्ने बताए। 'आयोगले प्रमाण र सर्त पुगेको आधारमा बक्यौता असुल गर्नु भनेको छ। ०७५ वैशाखपछि तोकिएका सर्त नै पुग्दैनन्। साथै, अरू बक्यौता पनि प्रमाणको आधारमा उठाउनु भनेको छ,' उनले भने, 'प्राधिकरणले यहीअनुसार काम गरे यो विवाद एकै दिनमा समाधान हुन्छ।'

मधेशमा मन्त्री व्यवस्थापन गर्न थपिएको खेलकुद मन्त्रालय कामविहीन

जनकपुरधाममा **हदिश खुद्दार**

मधेश प्रदेशमा विनाविभागीयमन्त्रीलाई व्यवस्थापन गर्न चार महिनाअघि तत्कालीन शिक्षा तथा समाज कल्याण मन्त्रालय फुटाएर थप गरिएको खेलकुद तथा समाज कल्याण मन्त्रालय कामविहीन बनेको छ। मन्त्री, सचिव र अन्य कर्मचारी दैनिक मन्त्रालय पुगे पनि बजेट अभावमा कुनै काम गर्न सकेका छैनन्। यतिसम्म कि मन्त्री चढ्ने गाडीको इन्धनदेखि मन्त्रालयको दैनिक चियापानी खर्च पनि उधारोमा चलिरहेको छ।

मुख्यमन्त्री सरोजकुमार यादवले विनाविभागीयमन्त्री सुरिता साहलाई व्यवस्थापन गर्न सातौंपटक सरकार विस्तारका क्रममा तत्कालीन शिक्षा तथा समाज कल्याण मन्त्रालय टुक्र्याएर शिक्षा तथा संस्कृति र खेलकुद तथा समाज कल्याण मन्त्रालय बनाएका थिए। सत्तारुढ गठबन्धन दलको भागबन्डामा शिक्षा मन्त्रालय जनमत पार्टीको भागमा परेको थियो। तर, झन्डै दुई महिना

» पृष्ठ ११ मा क्रमशः



मन्त्रालय टुक्र्याएको झन्डै चार महिना हुन लाग्दा पनि अहिलेसम्म मन्त्रालयको खातासमेत खुल्न सकेको छैन। न दरबन्दीअनुसार कर्मचारी नै छन्। खेलकुद मन्त्रालयका सचिव चूडामणि फुँयालका अनुसार कार्पेट, कुर्सी, टेबुल, फर्निचर, पर्दालगायत व्यवस्थापन पनि उधारोमा गरिएको छ। मन्त्रालयको आफ्नै खाता सञ्चालन नभएको र बजेट चलाउने पिएलएमबिएस कोड पनि अर्थ मन्त्रालय र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट उपलब्ध हुन नसकेको उनले बताए।

आर्थिक कारोबार गर्न चाहिने कोड नपाउँदा काम गर्न सकिएको छैन

● **सुरिता साह**, मन्त्री, खेलकुद तथा समाज कल्याण



तत्कालीन शिक्षा तथा समाज कल्याण मन्त्रालय टुक्र्याएर दुई नयाँ मन्त्रालय बनाइयो। पटक-पटक ताकेता गरेपछि केही दिनअघि अर्थ मन्त्रालयले मन्त्रालय व्यवस्थापनका लागि पहिलो चरणमा २ करोड रुपैयाँ विनियोजन गऱ्यो। तर, आर्थिक कारोबार गर्ने कोड उपलब्ध नगराउँदा त्यो रकम पनि निकासा हुन सकेको छैन। उता शिक्षा तथा संस्कृति मन्त्रालयले भने नयाँ कोड नलिई तत्कालीन मन्त्रालय शिक्षा तथा समाज कल्याण मन्त्रालयको कोडले काम गरेर आर्थिक सुशासनको खिल्ली उडाइरहेको छ।

उच्च अदालतमा ३९ न्यायाधीश नियुक्त

■ **सर्वोच्चको मुख्य रजिस्ट्रारमा ढकाल र रजिस्ट्रारमा पौडेल नियुक्त**



देवेन्द्रराज ढकाल



विमल पौडेल

सर्वोच्चका मुख्य रजिस्ट्रार लालबहादुर कुँवर र रजिस्ट्रार निर्मला पौडेललाई उच्च अदालतको न्यायाधीश नियुक्त गरिएपछि न्याय सेवा अयोगले रिक्त पद पूर्ति गरेको छ। आयोगले मुख्य रजिस्ट्रारमा देवेन्द्रराज ढकाललाई नियुक्त गरेको छ। उनी यसअघि न्यायपरिषद्का सचिव थिए। बुधबार आयोगले न्याय सेवाको उच्च पद (राजपत्राङ्कित विशिष्ट श्रेणी)मा उनलाई नियुक्त गरेको हो। रजिस्ट्रार पदमा भने सहरजिस्ट्रार विमल पौडेलको बढुवा भएको छ। वरिष्ठताका आधारमा उनीहरूको नियुक्ति भएको हो।

शिल्पा कर्ण/नयाँ पत्रिका

न्यायपरिषद्ले उच्च अदालतमा रिक्त रहेकामध्ये ३९ न्यायाधीश नियुक्त गरेको छ। २६ जिल्ला न्यायाधीश, नौ कानुन व्यवसायी पृष्ठभूमिका र अन्य चारजना न्यायिक क्षेत्रका कर्मचारीलाई उच्चको न्यायाधीशमा नियुक्त गरेको हो।

बुधबारको परिषद् बैठकले उच्चमा नियुक्त गरेका जिल्ला न्यायाधीशहरूमा राजेन्द्र अधिकारी (मकवानपुर), वसन्तराज पौडेल (गुल्मी), पूर्णेश्वरप्रसाद उपाध्याय (बारा), केशवप्रसाद बास्तोला (कास्की) र जयानन्द पनेरू (बैतडी) छन्। त्यस्तै, खडकबहादुर केसी (रुकुम), सूर्यनाथप्रकाश अधिकारी (कपिलवस्तु), कैलाशप्रसाद सुवेदी (बर्दिया), मातृकाप्रसाद मरासेनी (रौतहट) र ओमप्रसाद अर्याल (कैलाली) पनि उच्चमा नियुक्त भएका छन्। भरत लम्साल (नवलपरासी), कृपासुर कार्की (दाङ), हेमन्त रावल (सप्तरी), विष्णुप्रसाद अर्याल (सुर्खेत), ध्रुवकुमार पिया (कास्की), सूर्यप्रसाद पराजुली (ललितपुर), दुर्गाप्रसाद दुंगेल (मोरङ), तेजेन्द्रप्रसाद शर्मा (गोरखा) र डिल्लीरत्न श्रेष्ठ (दोलखा) पनि उच्चमा नियुक्त भएका छन्। परिषद्ले टीकाराम आचार्य (ओखलढुंगा), उमेश कोइराला

» पृष्ठ ११ मा क्रमशः

मानव अंग मिर्गौला बेचबिखनमा संलग्न फरार अभियुक्त पक्राउ

काठमाडौं/ मानव अंग मिर्गौला बेचबिखनमा संलग्न रही फरार रहेका अभियुक्त नुवाकोट बेलकोटगढी नागरपालिका-१३ का ४३ वर्षीय हरि नेपाली भन्ने हरि दर्जीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ। पीडितलाई भारत कलकत्तामा मःम पसलमा मासिक ३० हजार भारतीय रुपैयाँ तलबमा काममा लगाइदिने भन्ने प्रलोभन देखाई काकडभिट्टा हुँदै भारतको कलकत्ता पुऱ्याई मिर्गौला झिकेको प्रहरीले जनाएको छ। घटनामा संलग्न रही फरार रहेका दर्जीलाई मानव बेचबिखन अनुसन्धान ब्युरो बबरमहलबाट खटिएको प्रहरीले काठमाडौंबाट पक्राउ गरेको हो। उनीउपर मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सात दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको छ।

आवासीय चिकित्सकलाई निलम्बन गरेपछि केएमसीका चिकित्सक आन्दोलित

दैनिक करिब २५ अप्रेसन प्रभावित



चार दिनदेखि आन्दोलनरत आवासीय चिकित्सक बुधबार अस्पतालपरिसरमा धर्ना दिँदै। **तस्बिर : दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

काठमाडौं/ सिनामंगलस्थित काठमाडौं मेडिकल कलेज (केएमसी)का आवासीय चिकित्सक आन्दोलनमा उत्रिएका छन्। आवासीय डा. विशद दाहाललाई अस्पताल प्रशासनले निलम्बन गरेपछि चिकित्सकहरू आन्दोलनमा उत्रिएका हुन्।

उनीहरूले अस्पताललले डा. दाहाललाई एक महिनासम्म गरेको निलम्बन फुकुवाको माग राख्दै अस्पताल परिसरमा धर्ना दिँदै आइरहेका छन्। आवासीय चिकित्सक आन्दोलित भएपछि नियमित उपचार सेवामा समेत प्रभावित भएको छ। अस्पताल प्रशासनले डा. दाहाललाई अस्पताल प्रवेशमै रोक लगाएको छ। विनाकारण अस्पतालले कारबाही गरेको भन्दै अध्ययनरत तथा कार्यरत क्लिनिकल र ननक्लिनिकल गरी २१० चिकित्सक धर्नामा बसेका हुन्। उनीहरूले डा. दाहालमाथिको निलम्बन फुकुवा गर्नुपर्ने र करिकुलमभन्दा बाहिरी काममा नलगाउन अस्पताल प्रशासनसँग माग गरेका छन्। 'मैल पढाइ र आफूमाथि अन्याय भएको बारेमा बोलेँ भनेर ममाथि कारबाही भयो,' आवासीय डा. दाहालले भने, 'हामीले लामो समयदेखि प्रशासनको दमन सहेर बसेका छौं, आवासीय चिकित्सकमाथि अस्पतालले अनावश्यक कार्यबोझ र तनाव थपेको छ।'

आवासीय चिकित्सक आन्दोलित भएपछि दैनिक हुने अप्रेसनसमेत रोकिएका छन् भने बिरामी मर्कामा परेका छन्। प्रशासनका अनुसार केएमसीमा सबैखाले गरेर हरेकदिन करिब २५ वटा अप्रेसन हुन्छन्। तर, चार दिनयता आवासीय चिकित्सकको आन्दोलनले सेवा प्रभावित बने पनि अस्पताल प्रशासन त्यसप्रति जिम्मेवार देखिएको छैन। अस्पतालका क्याम्पस व्यवस्थापक नारायणप्रसाद दाहालले चिकित्सक र प्रशासनबीच छिट्टै सहमति हुने बताए। आवासीय चिकित्सकहरूले सोमबार चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष प्रा.डा. अञ्जनीकुमार झालाई ज्ञापनपत्रसमेत बुझाएका छन्।

महानगरले बालाजुमा वारुण यन्त्र कार्यालयको शाखा भवन बनाउँदै



काठमाडौं/ काठमाडौं महानगरपालिकाले बालाजु औद्योगिक क्षेत्रमा वारुण यन्त्र शाखा कार्यालय भवन निर्माण गर्ने भएको छ। विपत् व्यवस्थापन समितिका संयोजक प्रेम थापा, वडा नम्बर १६ का कार्यवाहक अध्यक्ष पुष्प महर्जनसहित समितिका सदस्यहरूले बुधबार भवनको जग पूजा गरेका छन्।

२८औं महानगर दिवसको अवसर पारेर गत वर्ष काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साह (बालेन) र उपप्रमुख सुनिता डंगोलले उद्योग व्यवस्थापन कार्यालयपरिसरमा दमकल सेवा शुभारम्भ गरेका थिए। यही कार्यालयपरिसर (औद्योगिक क्षेत्र प्रवेश मूलद्वारसँगै) शिलान्यास गरिएको हो। भवनको लागत अनुमान चार करोड ७९ लाख ८९ हजार ६ सय ८५ रुपैयाँ गरिएको थियो। बोलपत्रबाट चार करोड ३० लाख ९० हजार रुपैयाँ कबोल गर्ने सबिरा मंगलुग्मा जेभीले निर्माणको जिम्मा पाएको छ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०९/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन सी.सी.बैंक लि) शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दे दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दे दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न १५ दिने धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात मिति २०८० पुस २६ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन २०६३ को दफा ५ को उपदफा (१) बमोजिम मिति २०७८/०६/१९ मा कम्पनी दर्ता नं. २७४५९९/०७८/०७९ को प्रमाणपत्र प्राप्त भई आन्तरीक राजश्व कार्यालय भैरहवा, रुपन्देहीबाट मिति २०७८/०८/२० गते स्थायी लेखा नम्बर ६१०१२२९७४ प्राप्त भई रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०६, स्थित **सिद्धार्थ लुम्बिनी राइस मिल प्रा.लि.** (सञ्चालक अब्दुल रहिम मुसलमानको बुहारी, नईमुद्दीन मुसलमानको छोरी, मजिबुर्रहमान मुसलमानको पत्नी रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ०६ बस्ने **फातमा खातुन** (ना.प्र.नं.३७-०१-७४-०१०४५, जारी मिति २०७४/०२/०१, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. अब्दुल रहिम मुसलमानको बुहारी, नईमुद्दीन मुसलमानको छोरी, मजिबुर्रहमान मुसलमानको पत्नी रुपन्देही जिल्ला लुम्बिनी साँस्कृतिक न.पा., वडा नं. ०६ बस्ने **फातमा खातुन** (ना.प्र.नं. ३७-०१-७४-०१०४५, जारी मिति २०७४/०२/०१, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।

२. अब्दुल सकुरको नाति, अब्दुल रहिम मुसलमानको छोरा, फातमा खातुनको पति, रुपन्देही जिल्ला, लुम्बिनी साँस्कृतिक न.पा. वडा नं. ०६ (साबिक रुपन्देही जिल्ला, तेनुहवा गा.बि.स. वडा नं. ०६ बस्ने **मजिबुर्रहमान मुसलमान** (ना.प्र.नं.४/२१५८१, जारी मिति २०६३/०४/१०, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **सिद्धार्थ लुम्बिनी राइस मिल प्रा.लि.**को नामामा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा./गा.बि.स. वडा नं.०६, स्थित कित्ता नं. ११ को क्षेत्रफल ३,३७३.०० (व.मि.) को घर/जग्गा र सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले **मितिले ७ (सातौं) दिन अर्थात २०८० पुस २५ गते** भित्र बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको मितिले **८ औं दिन अर्थात मिति २०८० पुस २६ गते** ३:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० पुस २६ गते बिहीबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय सिद्धार्थनगर, रुपन्देही फोन नं. ०७१-५७६९५३/५४

ऋणी/जमानी सदस्यलाई पन्द्र (१५) दिने सूचना

(प्रकाशित मिति : २०८०/०९/१९)

यस श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्थाबाट विभिन्न मितिमा ऋणकर्जा सेवा उपभोग गरि मासिक किस्ता नतिरेका,ब्याज नतिरेका,आशिँक ब्याज मात्र तिरेका,कर्जाको अवधि समाप्त भई कर्जा नविकरण नगरेका तथा संस्थाको सम्पर्कमा नरहेका ऋणीसदस्यहरुमा मिति २०८०।०८।२७ मा सात दिने सूचना प्रकाशित भएकोमा उक्त सूचना वेवास्ता गरि तपशिलमा उल्लेखित ऋणी तथा जमानी संस्थाको सम्पर्कमा नआउनु भएकोले यो १५ दिने सूचना प्रकाशित भरिएकोछ। यो सूचना प्रकाशित भएको मितिले १५दिन भित्र संस्थामा उपस्थित भई ऋणकर्जा तिर्नहुन वा कर्जाको किस्ता नियमित गर्नहुन जानकारी गराईन्छ। उक्त समय भित्र ऋणकर्जा नियमित नगरेमा ऋणी सदस्य तथा जमानी सदस्यहको फोटो सहित राष्ट्रिय दैनिक पत्र-पत्रिकामा प्रकाशित गरि,सम्बन्धित वडामा सूचना टाँसगरि प्रचलित्त नेपाल कानून,सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ बमोजिम आवश्यक कार्वाहि गरि ऋणकर्जा असुल उपर गरिनेछ।

तपशिल

क्र. सं.	ऋणीको विवरण	जमानीको विवरण
१.	**नाम : रमेश बिक्रम थापा** बाबु : शिवहरी थापा बाजे : दुर्योधन थापा ठेगाना : ललितपुर,मैसेपाटी, विनायक कोलोनी	**नाम : रमेश बिक्रम थापा** बाबु : शिवहरी थापा बाजे : दुर्योधन थापा ठेगाना : ललितपुर,मैसेपाटी, विनायक कोलोनी
२.	**नाम : पदम बहादुर कार्की** बाबु : कृष्ण ब.कार्की बाजे : बखत ब.कार्की ठेगाना :रामेछाप, ठोसे-१, हाल-कोटेश्वर, काठमाडौं।	**नाम : कल्पना खड्का(कार्की)** पति : पदम ब. कार्की बाबु : पदम बहादुर खड्का ठेगाना : रामेछाप,ठोसे-१,हाल-कोटेश्वर, काठमाडौं।
३.	**नाम : अनिता जोशी(कार्की)** बाबु : मणिकलाल जोशी पति : प्रकाश कार्की ठेगाना : कामपा-९,बानेश्वर	**नाम : अनिता जोशी(कार्की)** बाबु : मणिकलाल जोशी पति : प्रकाश कार्की ठेगाना : कामपा-९,बानेश्वर
४.	**नाम-तेज प्र.दाहाल** बाबु-केदार प्र.दाहाल बाजे-मिन प्र.दाहाल ठेगाना-सिन्धुली,सिथौली-१हाल-कामपा-९,गौशाला।	**नाम : सुनिता दाहाल** बाबु : चन्द्र ब. बस्नेत पति : तेज प्र.दाहाल ठेगाना : सिन्धुली, सिथौली-१, हाल-कामपा-९, गौशाला।
५.	**नाम : मेरुलाल श्रेष्ठ** बाबु : पदमलाल श्रेष्ठ बाजे : शँखलाल श्रेष्ठ ठेगाना : टोखा नपा-५,धापासी,काठमाडौं।	**नाम : सरस्वती श्रेष्ठ** बाबु : कृष्ण ब. श्रेष्ठ पति : मेरुलाल श्रेष्ठ ठेगाना : टोखा नपा-५, धापासी, काठमाडौं।
६.	**नाम : प्रभाकर बिक्रम शाह** बाबु : दिवाकर बिक्रम शाह बाजे : हरि बिक्रम शाह ठेगाना : सांविक कामपा-३४, हाल-कामपा-३१	**नाम : प्रभाकर बिक्रम शाह** बाबु : दिवाकर बिक्रम शाह बाजे : हरि बिक्रम शाह ठेगाना : सांविक कामपा-३४,हाल-कामपा-३१
७.	**नाम : निरज थापा** बाबु : लाल ब.थापा बाजे : मोहन ब.थापा ठेगाना : सिन्धुली, दुधौली-१ भई भक्तपुर सल्लाघारी बस्ने।	**नाम-निरज थापा** बाबु-लाल ब.थापा बाजे-मोहन ब.थापा ठेगाना-सिन्धुली,दुधौली-१, भई हाल भक्तपुर सल्लाघारी बस्ने
८.	**नाम : भिखारी राउत** बाबु : लक्ष्मण राउत बाजे : दुर्बल राउत ठेगाना : रौतहट गमहरिया-९ भई हाल भिमसेन गोला काठमाडौं।	**नाम : भिखारी राउत** बाबु : लक्ष्मण राउत बाजे : दुर्बल राउत ठेगाना : रौतहट गमहरिया-९ भई हाल भिमसेन गोला काठमाडौं।
९.	**नाम : रेखा कुमारी नेगी** बाबु : शेर सिंह नेगी बाजे : मिलन रेग्मी ठेगाना : मठैराज बैतडी भई हाल कामपा-अनामनगर	**नाम : मिलन रेग्मी** बाबु : डण्डपाणी रेग्मी ठेगाना : धनगढी नपा-२ भई हाल कामपा-अनामनगर।
१०.	**नाम : बिनिदलाल सि.कु.श्रेष्ठ** बाबु : यादवलाल श्रेष्ठ बाजे : हर्षलाल श्रेष्ठ ठेगाना : बनेपा,भोलाछें।	**नाम : बिनोदलाल श्रेष्ठ** बाबु : यादवलाल श्रेष्ठ बाजे : हर्षलाल श्रेष्ठ ठेगाना : बनेपा, भोलाछें।
१२.	**नाम : भजन अधिकारी** बाबु : नारायण प्र.रेग्मी पति : जनकराज अधिकारी ठेगाना : कैलाली टिकापुर-९ भई गौशाला काठमाडौं बस्ने।	**नाम : जनकराज अधिकारी** बाबु : पद्माखर अधिकारी ठेगाना : अछाम, बिनायक-५ भई गौशाला काठमाडौं बस्ने।
१३.	**नाम : अन्जना बराल** बाबु : देबिरमण रेग्मी पति : बिश्वनाथ बराल ठेगाना : शुकनगर-२, चितवन भई बुनपा-१०, बालुवा काठमाडौं।	**नाम : बिश्वनाथ बराल** बाबु : लोकनाथ बराल बाजे : ऋषीराम बराल ठेगाना : शुकनगर-२,चितवन भई बुनपा-१०, बालुवा काठमाडौं।
१४.	**नाम : राजेन्द्र बहादुर आगन्जा** बाबु : रत्न ब. आगन्जा बाजे : न्हुच्छेमान आगन्जा ठेगाना : चाँगुनारायण-२ भक्तपुर।	**नाम : सुन्तली श्रेष्ठ** बाबु : सानु श्रेष्ठ पति : राजेन्द्र बहादुर आगन्जा ठेगाना : चाँगुनारायण-२ भक्तपुर।
१५.	**नाम : काली बहादुर लामा** बाबु : श्रीमान लामा बाजे : सन्तविर लामा ठेगाना : कामपा-६ बौद्ध काठमाडौं।	**नाम : प्रेम लामा** बाबु : सेते तामाङ बाजे : शंकर सिं ठेगाना : गोकर्णेश्वर-१५ अत्तरखेल काठमाडौं।

श्रीयन्त्र बचत तथा ऋण सहकारी संस्था लि.

पिंगलास्थान, गौशाला, काठमाडौं, फोन नं. : ०१-४४८३२४५

Government of Nepal
Minstry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Itahari
Road Division Harkapur, Okhaldhunga

Invitation for Bid

Bid Notice No.: **04-RDHKR/2080/81**
Date of Publication : 2080/09/19 (04 January 2024)

1. Road Division Harkapur, Okhaldhunga invites open competitive Bidding (Single Stage Single Envelope) from eligible bidders for the construction of following works under National Competitive Bidding Procedure:

Contract Identification No.	Description of Works	Estimated Amount Excluding VAT in NRs.	Bid Security Amount, NRs.	Bid Validity Period, Days	Bid Document Fee, NRs
RDHKR/337310113/2080/81-12	Road Improvement Works on Sakela Aa.bi. to Mewa Khola to Sahakari Bhawan Road Section, Khotang	51,28,196.88	1,45,000	90	3,000
RDHKR/337310113/2080/81-13	Specific Maintenance Works on Siddicharan Highway, Okhaldhunga	55,55,467.42	1,55,000	90	3,000

2. Date of Pre-Bid Meeting , Submission Deadline and Opening of Bids:

Pre-Bid Meeting	Last Date of Submission of Bids	Date of Opening of Bids	Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash for the Bid Security
23 January 2024 (2080/10/09), 13:00 hrs at Road Division Harkapur, Okhaldhunga	04 Februry 2024 (2080/10/21), 12:00 hrs at Road Division Harkapur, Okhaldhunga	04 Februry 2024 (2080/10/21), 13:00 hrs at Road Division Harkapur, Okhaldhunga	Name of the Bank: Rastriya Banijya Bank, Okhaldhunga Name of Office: Road Division, Harkapur Office Code no.: 337-011-001 Office Account no.: 1000200010000 Revenue Head No. : 14229	Name of the Bank: Rastriya Banijya Bank, Okhaldhunga Name of Office: District Treasury Controller's Office, Okhaldhunga Office Code: 337-011-001 Office Account No.: 2070203000000

Division Chief

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
राष्ट्रिय वाली रोग विज्ञान अनुसन्धान केन्द्र
फिड द फ्युचर हर्टिकल्चर इनोभेसन ल्याब, खुमलटार, ललितपुर

Procurement of Porometer / Flurometer (Handheld photosynthesis System) / मेसिन खरिद सम्बन्धि पुनः विधुतीय बोलपत्र आह्वान सम्बन्धि सूचना

पुनः प्रकाशित मितिः २०८०/०९/१९

Porometer / Flurometer (Handheld photosynthesis System) थान १ खरिदको लागि मिति २०८०/०६/२४ गतेका दिन विद्युतिय बोलपत्र आव्हानको सुचना अनुसार पर्न आएका बोलपत्रहरु रद्द भएकोले पुनः उक्त मेसिन विद्युतीय बोलपत्र माध्यमद्वारा खरिद गर्नु पर्ने भएकोले ईच्छुक सम्बन्धित सबैको लागि पुनः आव्हान सम्बन्धि यो सूचना प्रकाशित गरिएको छ। सुचनाको विस्तृत विवरण कार्यालयको सूचना पाटीमा टांस गरिएको व्यहोरा अनुरोध छ।

तपशिलः

ठेक्का नं.	कामको बिवरण	लागत अनुमान	बिड जमानत रकम	बोलपत्र दस्तुर	बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति	बोलपत्र फाराम दाखिला गर्ने अन्तिम मिति	बोलपत्र खोल्ने मिति समय र स्थान
FTFHIL/NCB/02/2080/081	Procurement of Porometer (Handheld photosynthesis System)	२५,००,०००/-	६५,०००।- को.ले.नि.का. ललितपुरको नेपाल बैंक लि.को गाबहाल स्थित खाता नं. ०१८०१०००००२००३०००००१ (कार्यालय कोड ३१२४१३४३६)	३०००।-रा.बा.रो.बि. अनुसन्धान केन्द्रको ने.बै.लि. गाबहाल स्थित खा.नं ०१८००१००२२०२३७०००००१	२०८०/१०/०४	२०८०/१०/०५ गते मध्यान्ह १२ बजे सम्म	२०८०/१०/०५ दिनको २:०० बजे राष्ट्रिय वाली रोग बिज्ञान अनुसन्धान केन्द्र, खुमलटार

सडक डिभिजन, दमौलीको

निर्माण कार्यहरू सम्बन्धि अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८०/०९/१९)

यस सडक डिभिजन, दमौली,तनहुँ अन्तरगत तपशिल बमोजिमका निर्माण कार्य सम्पन्न गर्न यस कार्यालय तर्फबाट पटक पटक लिखित एवं मौखिक जानकारी गराउँदा समेत निर्माण कार्यहरुको प्रगति अत्यन्त न्यून देखिएको ,पेश गरिएका Revised work Schedule, Milestones र कामहरुको क्रमागत प्राथमिकता अनुसार निर्माण कार्य सम्पन्न गर्ने,गराउने सम्बन्धमा निर्माण व्यवसायीहरुको तर्फबाट कुनै प्रयास नगरेको/तदारुकता नदेखाएकोले सार्वजनिक खरिद ऐन २०६३को दफा ५९ (२क) बमोजिम ठेक्का अन्त्य हुन किन नपर्ने ? सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्झौताको मर्म र कानुनी परिधि भित्र रहि स्पष्ट प्रमाण र आधारहरु सहित उचित जवाफ पेश गरी निर्माण कार्यहरु द्रुत गतिमा संचालन गर्नुहुन जानकारी गराईन्छ अन्यथा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र ठेक्का सम्झौताको शर्त बमोजिम ठेक्का तोडने प्रकिया अघि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिल

सि.नं.	ठेक्का नं.	निर्माण कार्यहरुको विवरण	निर्माण व्यवसायीहरुको नाम
१	109/DB/069/70	Design and Build of Trishuli River, Ghumauneghat, Tanahun	श्री मृत संजीवनी निर्माण सेवा प्रा.लि.,मकवानपुर

डिभिजन प्रमुख

भारतीय विदेशमन्त्री जयशंकरका सबै भेटवार्ता आज

संयुक्त आयोगको बैठकदेखि पशुपतिनाथ दर्शनसम्मको कार्यतालिका

पर्शुराम काफ्ले/नयाँ पत्रिका

नेपाल र भारतबीच परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको सातौँ बैठकमा सहभागी हुन भारतीय विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकर बिहीबार आउँदै छन् ।

भारतीय वायुसेवाको विशेष विमानबाट आउन लागेका जयशंकर राष्ट्रपति, प्रधानमन्त्रीसँग शिष्टाचार वार्तादेखि कांग्रेस र एमालेका शीर्ष नेतासँग भेटवार्ता र संयुक्त आयोगको बैठकमा सहभागी हुनेछन् । नेपाल र भारतबीच परराष्ट्रमन्त्रीस्तरीय संयन्त्र (संयुक्त आयोग)को बैठक तीन वर्षपछि बस्न लागेको हो ।

विदेशमन्त्रीका रूपमा जयशंकरको यो दोस्रो नेपाल भ्रमण हो । यही वर्ष संसदीय निर्वाचनमा जान लागेको भारतबाट चुनावअधिको यो नै सबैभन्दा उच्चस्तरीय प्रतिनिधिमण्डल हुनेछ ।



नेपाल र भारतका परराष्ट्र मन्त्रालयले बुधबार दिउँसो संयुक्त आयोगको बैठकबारे औपचारिक जानकारी सार्वजनिक गरेका थिए । परराष्ट्र मन्त्रालयले बुधबार जारी गरेको विज्ञप्तिमा नेपाल-भारत संयुक्त आयोगको बैठकमा दुई देशबीचका पारस्परिक सहकार्यका सबै पक्षमा समीक्षा हुने उल्लेख छ । संयुक्त आयोगको बैठकमा नेपालको नेतृत्व परराष्ट्रमन्त्री एनपी साउद र भारतको नेतृत्व विदेशमन्त्री जयशंकरले गर्नेछन् ।

नेपाल–भारत संयुक्त आयोग

पहिलो बैठक	: १८ जेठ ०४४, काठमाडौं
दोस्रो बैठक	: ६ मंसिर ०४८, नयाँदिल्ली
तेस्रो बैठक	: १९ असार ०७१, काठमाडौं
चौथो बैठक	: १८ असोज ०७३, नयाँदिल्ली
पाँचौं बैठक	: ४ भदौ ०७६, काठमाडौं
छैटौं बैठक	: २ माघ ०७७, नयाँदिल्ली

भारतीय विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भारतको छिमेक प्रथम नीतिको प्राथमिकता प्राप्त साझेदार नेपाल भएको उल्लेख छ । जयशंकरको भ्रमणले दुई निकट छिमेकीबीच उच्चस्तरीय भ्रमण आदानप्रदानको परम्परालाई निरन्तरता दिएको उनले उल्लेख गरेका छन् ।

विदेशमन्त्री जयशंकरलाई परराष्ट्रसचिव सेवा लम्सालले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विशिष्ट कक्षमा स्वागत गर्ने कार्यक्रम छ । काठमाडौं ओर्लेपछि उनको पहिलो शिष्टाचार भेट बिहान ११ बजे राष्ट्रपति रामचन्द्र पौडेलसँग हुनेछ । उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग मध्याह्न १२ बजे भेट गर्ने तय भएको छ ।

बालुवाटारमा प्रधानमन्त्रीसँगको भेटपछि विदेशमन्त्री जयशंकरले नेपाली समकक्षी साउदसँग १ बजे भेटवार्ता गर्नेछन् । होटेल याक एन्ड यतीमा उनीहरूबीच १५ मिनेटको भेटवार्तापछि त्यहीं नेपाल-भारत संयुक्त आयोगको बैठक बस्नेछ । बैठक सकिएपछि परराष्ट्र मन्त्रालयका तर्फबाट आयोजित दिवाभोजमा सहभागी भएर जयशंकरले एमाले अध्यक्ष केपी ओली र कांग्रेस सभापति शेरबहादुर देउवासँग बेग्लाबेग्लै भेटवार्ता गर्नेछन् । साँझ परराष्ट्रमन्त्री साउदद्वारा होटेल सोल्टीमा आयोजित रात्रिभोजमा जयशंकर सहभागी हुनेछन् ।

जयशंकरले शुक्रबार बिहान पशुपतिनाथ मन्दिरको दर्शन गर्ने कार्यक्रम छ । त्यसपछि त्रिभुवन विश्वविद्यालयमा भारतीय सहयोगमा निर्मित केन्द्रीय पुस्तकालय उद्घाटन गरेपछि उनको नेपालमा कार्यक्रम सम्पन्न हुनेछ । दिउँसो १२:३० बजे उनी दिल्ली फर्किनेछन् ।

०४४ मा गठित परराष्ट्रमन्त्रीस्तरीय संयुक्त आयोगको बैठक नेपालमा बस्न लागेको चौथोपटक हो । बैठकको पूर्वसन्ध्यामा परराष्ट्रमन्त्री साउदले मंगलबार पूर्वपरराष्ट्रसचिव तथा भारतका लागि पूर्वराजदूतसँग सुझाव लिएका थिए ।

जयशंकरले ४ भदौ ०७७ मा काठमाडौंमा भएको पाँचौं बैठक, त्यसपछि दिल्लीमा भएको छैटौं बैठकमा भारतीय पक्षको नेतृत्व गरेका थिए । नेपालबाट पाँचौं र छैटौं बैठकको नेतृत्व तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले गरेका थिए भने अब परराष्ट्रमन्त्री साउदले नेतृत्व गर्दै छन् ।

यस वर्ष पनि जलविद्युत्, क्षेत्र, पारवहन, कनेक्टिभिटी, पूर्वाधार, व्यापार, सिँचाइ तथा डुबान, कृषि, विकास सहयोग, स्वास्थ्य, संस्कृति र जनस्तरको सम्बन्धलगायत एजेन्डामा छलफल हुनेछ भने नेपाल र भारतबीच प्रबुद्ध व्यक्ति समूह (इपिजी)को प्रतिवेदन, १९५० को सन्धि पुनरावलोकनलगायत विषयले पनि प्रवेश पाउनेछ ।

सुस्ता र कालापानीबाहेक दुई देशको सीमांकन गर्न नौ वर्षअघि गठित नापी विभागका महानिर्देशकस्तरीय बाउन्ड्री वर्किङ ग्रुप (बिडब्लुजी)को भविष्यबारे पनि बैठकमा छलफल हुनेछ । विशेषतः यसअघि शीर्ष नेताहरूको तहमा भएका द्विपक्षीय सहमति र सम्झौताको कार्यान्वयन, एकीकृत जाँचचौकी, काठमाडौं-रक्सौल रेलमार्ग, जलविद्युत् परियोजनाको निर्माणलगायत विषयमा छलफल गर्ने दुवै पक्षको तयारी छ । छलफलका लागि भारतीय प्राविधिक टोली मंगलबार नै काठमाडौं आइसकेको छ । आयोगको बैठकमा पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाको डिपिआर (विस्तृत परियोजना प्रतिवेदन) चाँडै टुंग्याउने विगतका सहमतिको समीक्षा हुनेछ । यस्तै, नेपाल-भारत हवाई रुट, सीमा क्षेत्रमा हुने गरेका डुबान, पानीको निकासी अवरोध हुने गरी निर्माण भएका बाँधका विषयमा छलफल हुनेछ ।

मोटरसाइकलको ठक्करबाट प्रहरी जवानको मृत्यु

मकवानपुर/ हेटौँडामा मोटरसाइकलको ठक्करबाट बुधबार प्रहरी जवानको मृत्यु भएको छ । दुईजना घाइते भएका छन् । मृत्यु हुनेमा डडेल्धुराको आलिताल गाउँपालिका- ६ घर भई बागमती प्रदेश प्रहरी गण हेटौँडामा कार्यरत २५ वर्षीय प्रहरी जवान विनोद ऐरी छन् । मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएका उनलाई उपचारका लागि हेटौँडा अस्पताल लगिएकोमा उपचारका क्रममा मृत्यु भएको थियो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता एवं डिएसपी लक्ष्मी भण्डारीका अनुसार हेटौँडा उपमहानगरपालिका- ११ थानाभञ्ज्याङस्थित पूर्व-पश्चिम राजमार्गमा दौ डिँदै गरेका ऐरीलाई हेटौँडा बजारबाट नवलपुरतर्फ जाँदै गरेको ना.४३ प २२२ नम्बर को मोटरसाइकलले ठक्कर दिएको थियो । ऐरीलाई ठक्कर दिएपछि अनियन्त्रित भएको मोटरसाइकल पल्टिँदा मोटरसाइकलचालकसमेत घाइते भएका छन् ।

पालिकामातहत बस्न नमानेका विद्यालय शिक्षकको संविधान संशोधनको माग

संसद्को शिक्षा समितिले राजनीतिक तहमा छलफल गर्ने



● **सुमना श्रेष्ठ**
सांसद, रास्वपा

यहाँ संविधान नै यस्तो होइन भनेपछि संविधान लेख्ने वेलाका मान्छेहरू बोलाऔं । यो जिल्ला शिक्षाको औचित्य बुझ्नैपर्‍यो । किनभने संविधानमा शिक्षालाई जिल्ला होइन पालिकामातहत लेखेको छ, यो किन लेखेको थाहा पाउनुपर्‍यो ।



● **लक्ष्मीकिशोर सुवेदी**,
महासचिव, नेपाल शिक्षक महासंघ

विद्यालय शिक्षकको तलब वृद्धि तथा बढुवा रोक्का स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई भन्ने ठीक छैन । स्थानीय तहले चेतावनी दिने, जिल्लामा कारबाही सिफारिस गर्ने र दुइटैको सिफारिसमा प्रदेशले निर्णय गर्ने राखौं । यसले तलको संलग्नता पनि हुन्छ र एकैपटक पूर्वाग्रह राखेर काम गर्न पनि पाउँदैन ।

कमलराज भट्ट/नयाँ पत्रिका

पालिकामातहत बस्न नमानेका विद्यालय शिक्षकले संविधान संशोधन गरेर प्रदेश वा संघअन्तर्गत राख्न संसदीय समितिमा माग गरेका छन् । विद्यालय शिक्षा विधेयकमाथिको छलफलमा भाग लिन प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा उपस्थित भएर ६१ बुँदे संशोधन प्रस्तुत गरेका शिक्षकले संविधान संशोधन गरेर विद्यालय शिक्षक प्रदेश वा संघमातहत रहने गरी ऐन बनाउन माग गरेका हुन् । शिक्षकहरूको मागपछि समितिले यसको औचित्यका लागि राजनीतिक तहमा छलफल चलाउने भएको छ ।

शिक्षा समितिले शिक्षकहरूको साझा संगठन नेपाल शिक्षक महासंघलाई बुधबार विधेयकमा आफ्नो धारणा राख्न बोलाएको थियो । महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले शिक्षकका तर्फबाट विधेयकमा गर्नुपर्ने परिमार्जनका लागि ६१ बुँदे संशोधन प्रस्तुत गरेका थिए ।

विद्यालय शिक्षक पालिकाले नियुक्त गर्ने, अनुगमन, निरीक्षण र मूल्यांकन पनि पालिकाले नै गर्ने तथा दण्डित गर्ने, सेवाबाट हटाउने पनि पालिकाबाटै हुने व्यवस्था अन्यायपूर्ण हुने उल्लेख गर्दै महासचिव सुवेदीले संविधान संशोधन गरेर भए पनि प्रदेश निर्देशनालय वा शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा राखिनुपर्ने बताए । 'विद्यालय शिक्षकको तलब वृद्धि तथा बढुवा रोक्का स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतलाई भन्ने ठीक छैन । स्थानीय तहले चेतावनी दिने, जिल्लामा कारबाही सिफारिस गर्ने र दुइटैको सिफारिसमा प्रदेशले निर्णय गर्ने राखौं । यसले तलको संलग्नता पनि हुन्छ र एकैपटक पूर्वाग्रह राखेर काम गर्न पनि पाउँदैन,' उनले भने ।

अहिले पनि बढुवाको अधिकार प्रदेशमै रहेको महासचिव सुवेदीले सुनाए । 'परीक्षा प्रणाली पनि तीन तहमा अधिकार बाँडफाँट गरेर जानुपर्छ । स्थानीय तहमा ५ कक्षा, प्रदेशमा एसईई र प्लस टु संघमा राख्नुपर्छ,' उनले भने, 'विद्यालय कर्मचारीको सुविधा स्थानीय तहको कानुनबमोजिम हुने व्यवस्था ठीक छैन, स्थानीय तहमा गयो भने केही पाउँदैन । स्थानीय तहले सुविधा व्यहोर्न सक्दैन । त्यसकारण सेवा-सर्त संघीय कानुनबमोजिम हुनुपर्छ ।'

तीन तहको सरकारको अधिकारमा संघीय ऐनमा तोकिएबमोजिम विद्यालयको स्वीकृति, खारेजी एवं शिक्षकको विभागीय कारबाही भन्नुपर्ने र यसको अधिकार प्रदेशलाई दिनुपर्ने उनको भनाइ थियो । संसारका अधिकांश मुलुकमा विद्यालय शिक्षाको अधिकार प्रदेशमा रहेको, तर नेपालमा मात्रै किन स्थानीय तहमा भनेर उनले प्रश्न गरे । 'त्यसैले विश्वको दृष्टान्त हेरेर संविधान संशोधन गर्नुपर्छ । संविधानको अनुसूची ८ बाट झिकेर त्यसलाई अनुसूची ९ मा लानुपर्छ र विद्यालय शिक्षा तीन तहको साझा सरोकार हुनुपर्छ,' उनले भने । संघीयता भनेको अधिकार बाँडफाँट भएकाले विद्यालय शिक्षाको अधिकारको बाँडफाँट पनि विद्यालय तहले संघीयताको अनुभूति गर्ने गरी हुनुपर्ने उनको भनाइ छ ।

महासंघकी अध्यक्ष कमला तुलाधरले शिक्षकलाई कारबाहीको जिम्मेवारी स्थानीय तहलाई दिँदा अराजकता हुने भएकाले संविधान संशोधन गर्नुपर्ने जिकिर गरिन् । 'स्थानीय तहमा शिक्षक बस्न मानेनन् भन्ने कुराले तपाईंहरूलाई पनि गाह्रो छ,' उनले भनिन्, 'आफैंले बनाइराखेको संविधानमा कसरी ब्याक हुने, त्यो ब्याक हुँदा के हुने भन्ने छ, त्यस्तो होइन । राम्रो हुन्छ भनेर संविधान बनाइयो । तर, बनाउनै गर्दा राम्रो भएको संविधानअनुसार ऐन, नियम, कानुन अभ्यास हुँदै जाँदा बेठीक भयो भने त्यसलाई संशोधन पनि गर्नुपर्छ । संशोधन नै गर्नुहुन्न भन्ने होइन ।'

अहिलेकै अवस्थामा ऐन बने स्थानीय तहले कारबाही गर्नुपर्नेलाई नगर्ने र नगर्नुपर्ने शिक्षकलाई कारबाही गर्ने जोखिम हुने उनको चिन्ता थियो । 'विभिन्न आग्रह-पूर्वाग्रह, नाता-सम्बन्ध नजिकै भएका कारण टसल बढ्ने, ढाकछोप हुने, नसिहत र निष्कासन गर्नुपर्ने शिक्षकलाई जोगाएर अर्को पर्ने हुन सक्छ,' तुलाधरले भनिन्, 'त्यसैले स्थानीय तहबाट प्रदेश अथवा शिक्षा विभागसम्म पुऱ्याइदियो भने राम्रो हुन्छ ।' स्थानीय सरकारको कामकारबाही गलत मनसायका साथ अगाडि बढेको र शिक्षकले दुःख पाइरहेको अभ्यासका आधारमा यो विकल्पमा आफूहरू पुगेको उनले जिकिर गरिन् ।

विद्यालय शिक्षकले प्रदेश वा संघमै रहेको अन्तर्राष्ट्रिय अभ्यासको समेत उदाहरण दिँदै समितिमा संविधान संशोधनको माग गरेपछि सांसद सुमना श्रेष्ठले संविधान निर्मातालाई बोलाएर बुझ्नुपर्ने प्रस्ताव राखिन् । 'यहाँ संविधान नै यस्तो होइन भनेपछि संविधान लेख्ने वेलाको मान्छेहरू बोलाऔं । यो जिल्ला शिक्षाको औचित्य बुझ्नैपर्‍यो । किनभने संविधानमा शिक्षालाई जिल्ला होइन पालिकामातहत लेखेको छ, यो किन लेखेको थाहा पाउनुपर्‍यो,' उनले भनिन् ।

समिति सभापति भानुभक्त जोशीले विद्यालय तहको शिक्षा स्थानीय तहलाई जिम्मा दिने संवैधानिक व्यवस्थाप्रति चौतर्फी प्रश्न उठेको भन्दै दलहरूबीच छलफल गर्नुपर्ने बताए । 'शिक्षकहरूले केही संघीयता भएको ठाउँमा संघमा रहेको र अधिकांश ठाउँमा प्रदेशमा छ, स्थानीय तहलाई आधारभूत तह हो, मावि तह छैन भन्ने विषय उठाउनुभएको छ,' उनले भने, 'यो पेचिलो सवालमा राजनीतिक नेतृत्व तहमा छलफल गर्नुपर्छ ।' महासंघबाट उठेको विषय गम्भीर भएको र सांसदले चासो राखेको भन्दै सभापति जोशीले भने, 'को मान्छेले संविधान बनाउँदा कसको भूमिका कति, के कारणले बनायो, किन असजिलो पाऱ्यो भन्ने समितिको छलफल विषय हो । आवश्यकताअनुसार राजनीतिक तहसम्म पनि छलफल गर्छौं ।'

■ 'शिक्षकले वैचारिक आस्था राख्न पाउनुपर्छ'

समितिमा शिक्षकहरूले वैचारिक आस्था राख्न ऐनले बन्देज लगाउन नहुने माग गरेका थिए । 'पार्टीका विभिन्न तहगत समितिमा रहन, राजनीतिक पद लिन, चुनाव लड्न र प्रचारमा सामेल हुने छैन भनेपछि राजनीतिक क्रियाकलाप रोकिन्छ,' महासंघका महासचिव सुवेदी भन्छन्, 'त्यो ढंगले लेख्नुपर्नेमा कुनै पनि ढंगको राजनीतिक संलग्नता देखिएमा लेख्दा कसैले गलत मनसायले प्रयोग गर्न सक्छ ।' ऐनबाट लेख तथा प्रकाशनमा रोक लगाएर पेसागत हकहितकै बारेमा बन्देज लगाउनु संविधानको ३४ (३) ले दिएको ट्रेड युनियन अधिकारको हनन हुने उनको भनाइ थियो । अन्याय हुँदा प्रदर्शन, हडताल गर्न नपाउँदा लोकतन्त्रकै उपहास हुने र सहकारीमा शिक्षक संलग्न सहभागी हुन नपाउने कुरा पनि उचित नहुने भन्दै यी कुराहरू आचारसंहिताले बोल्नुपर्ने धारणा राखे ।

शिक्षकहरूले ऐनमा शिक्षण काउन्सिलको व्यवस्था समेट्न पनि माग गरे । 'मिडिया काउन्सिल, नर्सिङ काउन्सिलगायत छ । पेसागतकर्मीमा सबैभन्दा ठूलो संख्या लगभग चार लाख शिक्षक भएको काउन्सिल छैन । त्यसैले शिक्षण काउन्सिलको व्यवस्था गर्नुपर्छ । यो नहुँदा धेरै वर्षदेखि शिक्षकको तालिम रोकिएको छ,' महासचिव सुवेदीले भने ।

■ सूर्यदर्शन सहकारी ठगी प्रकरण

पूर्वअध्यक्ष राईका मुख्य सहयोगी भोटे पुर्पक्षका लागि थुनामा

कास्कीमा **रोहितराज पराजुली**

सूर्यदर्शन बचत तथा ऋण सहकारीको ठगी प्रकरणमा पूर्वअध्यक्ष गीतेन्द्रबाबु राई (जिबी) का मुख्य सहयोगी पोखराका शिवबहादुर गुरुङ (महेन्द्र भोटे) पुर्पक्षका लागि थुनामा गएका छन् । जिल्ला अदालत कास्कीले थुनछेक बहसपछि सहकारीका पूर्वसञ्चालक सदस्यसमेत रहेका गुरुङ र सहकारीका सञ्चालक समिति सदस्य भविश्वर अर्याललाई बुधबार पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो ।

प्रहरीले गुरुङविरुद्ध इन्टरपोलमार्फत डिफ्युजन नोटिस जारी गर्ने तयारीसमेत गरेको अवस्थामा उनी आफैं आएर अदालतमा आत्मसमर्पण गरेका हुन् । गुरुङ एमालेको भ्रातृ संस्था युवा संघका केन्द्रीय उपमहासचिव हुन् । गुरुङ ०७९ वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा कास्कीको मादी गाउँपालिकाको अध्यक्षमा एमालेका तर्फबाट उम्मेदवार भएर पराजित भएका थिए । गुरुङ सहकारी ठगीको मुख्य आरोपी भनिएका पूर्वअध्यक्ष जिबीका मुख्य सहयोगी हुन् । जिबी र गुरुङ मिलेर सहकारीको रकम हिनामिना गरेको आरोप छ ।

सहकारीमा रहेको आफ्नो बचत फिर्ता नपाएपछि बचतकर्ताले पोखरा महानगरपालिका- १६ लामाचौरका किरण श्रेष्ठको संयोजकत्वमा सूर्यदर्शन बचतपीडित संघर्ष समिति गठन गरेका छन् । भवनसँगै सहकारीबाट गुरुङले एकपटक आठ करोड ५० लाख र अर्को किस्तामा दुई करोड ६१ लाख गरी ११ करोड एक लाख बढी रकम कर्जा लिएर अपचलन गरेको देखिएको उनले जानकारी दिए । जिबीबाट गुरुङको नाममा आएको पोखराको सो भवनपछि काठमाडौंस्थित जिबीले सञ्चालन गरेको स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्थालाई पछि गुरुङले मञ्जुरीनामा दिएर १२ करोडभन्दा धेरै रकम निकालेको देखिएको श्रेष्ठले बताए ।

सहकारीका ठगी गरेको आरोप लागेका र प्रहरीले पक्राउ पुर्जी जारीसँगै अदालतमा मुद्दा दर्ता भएका १९ मध्ये हालसम्म चारजना पुर्पक्षका लागि थुनामा गएका छन् । १५ जना फरार छन् । बुधबार गुरुङ र अर्यालसँगै यसअघि १६ पुसमा सहकारीका उपाध्यक्ष जिल्ला रामेछाप लिखु तामाकोशी गाउँपालिका- ७ घर भएका कैलाशकुमार दर्लामी र सहकारीका कोषाध्यक्ष कुमार रम्तेललाई अदालतले २१ असोजमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो ।

माघभित्र मेलम्चीको पानी काठमाडौं पठाइने

कार्यकारी निर्देशकले विभागीय प्रमुखका रूपमा काम गरेपछि विवाद

सिन्धुपाल्चोकमा **रामकृष्ण थापा**

हेलम्बुको शिर भेमाथाङबाट १ असार ०७८ मा आएको बाढीपहिरोमिश्रित खोलाले मेलम्ची खानेपानी आयोजनाको अम्बाथानस्थित हेडवर्क्स स्थल पुऱ्याे । ठूलो परिमाणमा ढुंगा, गेग्रान र बालुवा थुप्रिएपछि राजधानी काठमाडौंमा लामो समय पानी आएन । महिना दिनपछि १६ र १७ साउनमा पुनः आएको बाढीले अम्बाथान मुहान बाढीपहिरोले भरियो । बर्खा साम्य भएपछि आयोजनाले चालू सुरुङभन्दा माथिबाट नयाँ सुरुङ बनाएर अस्थायी रूपमा राजधानीमा पानी पठायो ।

०७८ पछि बर्सेनि अम्बाथानमा गेग्रान थुप्रिएको छ । बर्खाको समयमा भेमाथाङबाट बाढी आउने भएकाले मुहानस्थल पुर्ने गर्छ । प्रकोपजन्य खतरा अझै टरेको छैन । यस वर्ष बर्खा सकिएर जाडोयाम चलिरहँदा आयोजनाले यति लामो समयसम्म राजधानीमा पानी पठाउन सकेको छैन । बाढीपहिरोले सिर्जना गर्ने अवरोधले मात्रै होइन, आयोजनाभित्र रहेका आन्तरिक समस्या र विवादले सुरुङमा पानी हाल्न नसकिएको तथ्य फेला परेको छ ।

राष्ट्रिय गौरवका रूपमा रहेको मेलम्ची खानेपानी आयोजना सम्पन्न गर्न सार्वजनिक कामकारबाही विभागको भूमिकामा ०५५ देखि मेलम्ची खानेपानी विकास समिति क्रियाशील छ । तर, बीचमा आर्थिक वर्ष ०७९/८० मा अर्थमन्त्री जनार्दन शर्माले प्रस्तुत गरेको बजेट वक्तव्यबाट विकास समिति खारेज भयो । समितिले गर्दै आएको काम खानेपानी तथा ढल व्यवस्थापन विभागले गर्ने वक्तव्यमा उल्लेख थियो । १० महिनापछि २७ चैत ०७९ मा विकास समिति पुनः गठन गर्ने आदेश आयो । अहिले फेरि विकास समिति क्रियाशील छ । बजेट वक्तव्यको तीन दिनअघि १२ जेठ ०७९ मा खानेपानी आयोजनाले २४ करोडमा नयाँ कन्सल्टेन्सी ल्याउन टेन्डर आह्वान गऱ्यो । बजेट वक्तव्यपछि विकास समिति खारेज भएको अवस्थामा नियमविपरीत कार्यकारी निर्देशक कमलराज श्रेष्ठले विभागीय प्रमुखको हैसियतमा काम गरिरहे । प्रथम श्रेणीको अधिकृतले १५ करोडसम्मको ठेक्का लगाउन पाउने कानुनी व्यवस्था छ ।

बाढीपहिरोले पुरेको मुहानस्थल पन्छाउन चिनियाँ ठेकेदार कम्पनी सिनोहाइड्रो तयारी अवस्थामा थियो । तर, नयाँ कन्सल्टेन्सी आइआरडी र टोमस जेभीले ठेकेदार कम्पनी फेर्न आयोजना प्रमुखलाई सल्लाह दियो । विकास समिति नभएको समयमा विभागीय प्रमुखले गर्ने काम कार्यकारी निर्देशक श्रेष्ठले निरन्तर गरिरहे । विकास समितिको अध्यक्ष खानेपानी मन्त्रालयको सचिव रहने व्यवस्था छ । विकास समितिको बोर्ड निर्णय नभएका वेला २४ करोडको ठेक्का अगाडि बढाएपछि श्रेष्ठ विवादमा तानिए । आयोजनाभित्रको आन्तरिक समस्याले मुहानस्थलमा काम रोकियो । १७ कात्तिक ०८० मा नियुक्त भएका नयाँ कार्यकारी निर्देशक जक्की अहमद अन्सारीले अघिल्लो कार्यकारी निर्देशकले गरेको निर्णय र भुक्तानीको जिम्मेवारी लिन नमान्दा बीचमा काम अड्कियो । त्यसपछि २२ मंसिरमा बोर्ड बैठक बस्यो । विभागीय अधिकार प्रयोग गरी तत्कालीन निर्देशकले गरेका कामकारबाही र कानुनी जटिलता फुकाउन सहसचिवको नेतृत्व र कानुन तथा लेखासहितको अध्ययन समिति गठन र आवश्यक सहजीकरण गर्न खानेपानी मन्त्रालयमा पत्राचार भएको थियो । हालसम्म पनि यही विवादले मेलम्ची खानेपानी आयोजनाको काम राम्रोसँग सञ्चालन हुन सकेको छैन । 'लामो समयसम्म यो विषयमा छलफल भएको हो,' कार्यकारी निर्देशक जक्की अहमद अन्सारीले भने ।

स्थानीय सरकारको प्रतिनिधित्व गर्दै बोर्डमा प्रतिनिधित्व गरिरहेका बोर्ड सदस्य हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले नियमतः तत्कालीन कार्यकारी निर्देशकले गरेको काम नियमविपरीत भएको बताए । 'मैले बोर्ड बैठकले गरेको निर्णयमा हस्ताक्षर गरेको छैन,' उनले भने । बोर्डको निर्णयपछि अहिले सिनोहाइड्रोले धमाधम काम गरिरहेको छ । माघ महिनाभित्र मेलम्चीको पानी राजधानी पुग्ने उनले दाबी गरे ।

'इ-स्कर्ट'मार्फत वेश्यावृत्ति

आकर्षक रोजगारीमा लगाइदिने भन्दै महिलालाई नयाँदिल्ली लगेर वेश्यावृत्तिमा लगाउने दम्पती पक्राउ



■ **एसएसपी जीवन श्रेष्ठ**, प्रमुख, मानव बेचबखिन अनुसन्धान ब्युरो

भारतको दिल्लीमा १० वर्षदेखि अनलाइनमार्फत वेश्यावृत्ति गराउने धन्दामा संलग्न दुई पक्राउ परेका छन् । उनीहरूले नेपाली युवतीलाई प्रयोग गरी धन्दा चलाउँदै आएको देखिन्छ । अत्याधुनिक 'फ्ल्याट' भाडामा लिएर युवतीलाई राख्ने र युवतीलाई अनलाइनमार्फत ग्राहककहाँ पुऱ्याइदिने गरेको पाइयो ।

टेकराज थामी/नयाँ पत्रिका

मानव बेचबिखन कसुरमा पक्राउ परेका स्याङ्जा गल्याङ नगरपालिका-७ का ३५ वर्षीय टीकाराम भण्डारी र ३१ वर्षीया अस्मिता भण्डारी उर्फ रिया भनिने टीकाकुमारी वलीले भारतको नयाँदिल्लीमा दश वर्षदेखि 'इ-स्कर्ट (अनलाइन वेश्यावृत्ति)' चलाएको खुलेको छ । स्कर्टमा प्रयोग गरिएका सबै युवती नेपाली हुन् ।

मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार उनीहरूले दिल्लीको किसनगढमा 'इ-स्कर्ट' चलाउँदै आएका थिए । यसका लागि उनीहरूले किसनगढमा अत्याधुनिक 'फ्ल्याट' भाडामा लिएर युवतीलाई राख्थे । उनीहरूको आकर्षक फोटो नेटमार्फत ग्राहककहाँ पुऱ्याउँथे । ग्राहकले नेटमार्फत नै युवती छनोट गर्थ्यो । मूल्य निर्धारण हुन्थ्यो । र, छनोटमा परेका युवतीलाई उनीहरूले ग्राहककै छनोटको स्थानमा पुऱ्याइदिन्थे ।

यो धन्दामा प्रयोग हुने सबै युवती नेपाली रहेको मानव बेचबखिन अनुसन्धान ब्युरोका प्रमुख एसएसपी जीवन श्रेष्ठले जानकारी दिए । 'भारतको दिल्लीमा १० वर्षदेखि अनलाइनमार्फत वेश्यावृत्ति गराउने धन्दामा संलग्न दुई पक्राउ परेका छन् । उनीहरूले नेपाली युवतीलाई प्रयोग गरी धन्दा चलाउँदै आएको देखिन्छ । अत्याधुनिक 'फ्ल्याट' भाडामा लिएर युवतीलाई राख्ने र युवतीलाई अनलाइनमार्फत ग्राहककहाँ पुऱ्याइदिने गरेको पाइयो,' उनले भने ।

ब्युरोले गत १० पुसमा धन्दामा प्रयोग भएका पाँच युवतीलाई उद्धार गरेको थियो । यसअघि गत ७ चैतमा ब्युरोले नौ युवतीलाई उद्धार गरेको थियो । त्यसवेला ब्युरोले मकवानपुर भीमफेदी गाउँपालिका- ९ की २० वर्षीया सम्झना भनिने सेन्जी तामाङ, धादिङ धुनीबेंसी गाउँपालिका- २ का २५ वर्षीय भुवन तामाङ र अर्की एक नाबालिकालाई पक्राउ गरेको थियो । उनीहरू अहिले पुपर्क्षका लागि जेलमा छन् ।

ब्युरोका अनुसार 'इ-स्कर्ट' सञ्चालक टीकाराम र टीकाकुमारीले सेन्जी, भुवन र अर्की नाबालिकामार्फत नेपालबाट युवती दिल्ली लैजान्थे । विशेष गरी काठमाडौंको मनोरञ्जन क्षेत्रमा काम गर्ने युवती उनीहरूको निसानामा हुन्थे । आकर्षक तलबमा दिल्लीस्थित होटेल, रेस्टुरेन्ट, फेन्सी पसलमा काम लगाइदिने प्रलोभनमा उनीहरू युवती फसाउँथे । र, नेपालगन्ज नाका हुँदै युवतीलाई दिल्ली पुऱ्याउँथे । सम्पर्कमा आएका युवतीलाई टीकाराम र टीकाकुमारीले आकर्षक 'मेकअप' गरी फोटो खिचाउँथे । नेटमार्फत युवतीको ग्राहकलाई पठाउँथे । र, नेटकै सहयोगमा इच्छाएको युवतीलाई ग्राहकले भनेको ठाउँमा उपलब्ध गराइदिन्थे । धन्दाका लागि उनीहरूले सामाजिक सञ्जालमा 'ग्रुप' नै बनाएका थिए । 'नेपालबाट लगिएको युवतीलाई 'मेकअप' गरी आकर्षक बनाई फोटो खिचेर ग्राहककहाँ 'सर्कुलेसन' गर्थे । सम्पर्कमा आएका ग्राहकलाई उनीहरूले नेटमार्फत नै इच्छाएको ठाउँमा पठाइदिन्थे,' ब्युरोका प्रवक्ता एसपी कृष्ण पंगेनीले भने ।



टीकाराम भण्डारी



टीकाकुमारी वली

ब्युरोका अनुसार एक युवतीले दैनिक ६ ग्राहकलाई सेवा दिनुपर्थ्यो । महिनामा एक युवतीले एक सय ८० ग्राहकलाई अनिवार्य रूपमा सेवा दिनुपर्थ्यो । यसबापत इ-स्कर्ट सञ्चालकले प्रतिग्राहक पाँच हजारदेखि १५ हजार भारुसम्म असुल्ने गर्थे । युवतीलाई भने प्रतिग्राहक २० प्रतिशत उपलब्ध गराउने भनिएको थियो । तर, उनीहरूले युवतीलाई कबुल गरेबमोजिमको रकम नदिई शोषण गर्ने गरेको अनुसन्धानबाट खुलेको ब्युरो प्रवक्ता एसपी पंगेनीले बताए । 'उनहरूले ग्राहकबाट लिएको रकममा पनि शोषण गर्थे । कतिपय युवतीलाई रकम नै नदिई नेपाल फर्काएको अनुसन्धानबाट देखिन्छ,' पंगेनीले भने ।

ब्युरोका अनुसार उनीहरूले प्रत्येक ६ देखि आठ महिनाको अन्तरालमा युवतीको 'सिफ्ट' गराउँथे । नयाँ युवती ल्याउँथे र पुराना युवतीलाई नेपाल फर्काउँथे । १० वर्षको अन्तरालमा उनीहरूले सयदेखि एक सय ५० भन्दा धेरै नेपाली युवतीलाई इ-स्कर्टमा प्रयोग गरेको प्रहरीको भनाइ छ । पक्राउ परेका टीकाराम र टीकाकुमारीविरुद्ध थप अनुसन्धानका लागि सात दिनको म्याद थप भएको छ । उनीहरूविरुद्ध ६ वटा जाहेरी परेको एसपी पंगेनीले बताए । उनीहरूलाई भारतीय प्रहरी र भारतीय सामाजिक संस्था किन इन्डियाको सहयोगमा ब्युरोले दिल्लीबाट पक्राउ गरेको हो ।

के हो इ-स्कर्ट ?

इ-स्कर्ट अनलाइनमार्फत यौन सम्पर्कका लागि युवती उपलब्ध गराउने वेश्यावृत्तिको आधुनिक रूप हो । जसलाई 'कल गर्ल' सेवा पनि भनिन्छ । यसका लागि यौनधन्दामा सहभागी गराइएका युवतीको फोटो वेबसाइटमा राखिन्छ । सँगै उनीहरूको वि

आइ.एम.ई. डिजिटल सोलुसन लिमिटेडको सातौँ वार्षिक साधारणसभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८०/०९/१९

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/९/५ गते बिहीबार बसेको संचालक समितिको बैठक न. ९/०८०/८१ को निर्णय बमोजिम कम्पनीको सातौँ वार्षिक साधारणसभा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १८ को उपनियम ३ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साधारणसभाका दिन निम्नलिखित मिति, स्थान र समयमा शेयरधनी महानुभावहरुलाई उपस्थितीका लागि हार्दिक अनुरोध गरिन्छ ।

साधारणसभाको कार्यक्रम

मिति : २०८०/०९/२७ गते शुक्रबार, (तदअनुसार जनवरी १२, २०२४)
सभा हुने स्थान : **कम्पनीको रजिस्ट्रार कार्यालय**, आइएमई कम्प्लेक्स पानीपोखरी काठमाडौं
सभा शुरु हुने समय : बिहानको ११:०० बजे

छलफलका प्रस्तावहरू :

१. संचालक समितिको तर्फबाट आ.व. २०७९/८० को अध्यक्षको प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व. २०७९/८० अषाढ मसान्त सम्मको वासलात, मिति २०७९ श्रावण १ गते देखि २०८० अषाढ मसान्त सम्मको नाफा/नोक्सानको हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक वर्ष २०८०/८१ का लागि लेखा परीक्षकको नियूक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।
४. संचालक समितिको पुर्नगठनलाई अनुमोदन गर्ने ।
५. संचालकहरुलाई उपलब्ध गराइएको टेलिफोन, पत्रपत्रिका तथा इन्धन खर्च अनुमोदन गर्ने ।
६. विविध ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिकी सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मिति २०८०।०९।१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८०।०९।२६ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलवन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरू तथा शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरूको विवरणः

क.स.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./ नक्सा सिट नं.	कित्ता नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
१.	सिरहा	विष्णुपुर प्र.घ.	२/२क	६०९	३३८.६४	जग्गा
		चैनपुर	९/९क	३१५	२,०४०.३०	जग्गा
२.	झापा	हल्दीबारी	३/३ख	२२२०	१४,६४६.१६	जग्गा
३.	झापा	शिवगञ्ज	७/७स	२८९	६,२६३.७९	जग्गा
			७/७स	२८८	४,७४०.१६	जग्गा
४.	झापा	भद्रपुर	४/१८००३६८०७	१३	६८५.००	जग्गा
५.	झापा	भद्रपुर	५/१८००३२६०९	१२	८५.००	घरजग्गा
६.	भक्तपुर	सुडाल	७/७ड	११७	३८१.४८	घरजग्गा
७.	धनकुटा	चुलिवन	५/५	६६	४,२६८.६१	जग्गा
८.	मोरङ्ग	विराटनगर उ.म.न.पा.	१५/१७८०७४२२२	५१	३९९	घरजग्गा
			१५/१७८०७४२२२	५२	३४६	
९.	उदयपुर	गाईघाट	३/३क	१०१५	१६९.२९	घरजग्गा
१०.	सुनसरी	इटहरी उ.म.न.पा.	६/६क	२४९६	१३५.४६	जग्गा
			६/६क	२८२०	९३.९३	जग्गा
			६/६क	२०१४	३९७.९०	जग्गा
			६/६क	२०१८	३००.५४	जग्गा
			२ /२ झ	४५८१	२२०.१२	जग्गा
			२ /२ झ	१५९६	१६५.०९	जग्गा
			२ /२ झ	१४८५	८४.६५	जग्गा
११.	सुनसरी	ईनरूवा न.पा.	५ / ५क	२६४७	१६९.३२	घरजग्गा
			५/ ५क	२६८७	१६९.३२	
१२.	दैलेख	नारायण	२ /२	१०२	५७०	जग्गा
१३.	मोरङ्ग	मधुमल्ला	५ / ५च	४२८०	५३३.३६	जग्गा
		मधुमल्ला	५ / ५च	४३२८	१८६.२५	जग्गा
		मधुमल्ला	५ / ५च	३४८५	१६९.३२	जग्गा
		मधुमल्ला	५ / ५च	२३६७	३०९.०१	जग्गा
		मधुमल्ला	५ / ५ड	४२२	१६९.२९	जग्गा
१४.	मोरङ्ग	मधुमल्ला	५ / ५ज	९६०	८४.६५	जग्गा
		मधुमल्ला	५ / ५ज	२५२४	६७७२	जग्गा
		मधुमल्ला	५ / ५झ	३४४१	८८८९	घरजग्गा
		मधुमल्ला	५ / ५झ	३४४३	३८.१०	घरजग्गा
		मधुमल्ला	५ / ५झ	३४४५	२९.६३	घरजग्गा
१५.	उदयपुर	कटारी	१ / १क	७०८	८४.६५	घरजग्गा
		कटारी	१ / १क	६८७	८४.६५	घरजग्गा
		कटारी	१ / १क	२६०४	२९.६३	जग्गा
१६.	मोरङ्ग	करौन	५ / ५ख	९८०	६७७.२८	जग्गा
		करौन	५ / ५ख	१०४८	३८६४.७२	जग्गा
		करौन	५ / ५ख	६६७	५५८.६६	जग्गा
१७.	बर्दिया	गुलरिया	७ / ७घ	१९	१२,५२९.३४	जग्गा
१८.	ताप्लेजुङ्ग	फुङलीङ	७ / ७	१४१०	५०४.६८	जग्गा
१९.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	सरावल	८ / ८क	४३६	१८६.२२	जग्गा
		सरावल	८ / ८क	४९५	२५६.०५	जग्गा
		सरावल	८ / ८क	४२८	३३८.५८	जग्गा
		सरावल	८ / ८घ	१३१	१९६४.११	जग्गा
२०.	काठमाण्डौ	महांकाल	९ /१०२१०२७०३	५७	१९५.७५	घरजग्गा
२१.	कन्चनपुर	कालिका	३ /०२६०९१६	३७	१३,६५०.००	जग्गा
२२.	सप्तरी	कुशाहा	६ /६ग	९७८	७१.९६	जग्गा
		कुशाहा	६ /६ग	६८९	१६०.८५	जग्गा
		कुशाहा	६ /६ग	६१४	२२०.१२	जग्गा
		कुशाहा	६ /६ग	९८०	१२.७०	जग्गा
		कुशाहा	६ /६ग	७०२	९३.९३	जग्गा
		कुशाहा	६ /६ख	६४९	५२९.१२	जग्गा
		कुशाहा	६ /६ख	६५३	७०६.९१	जग्गा
		कुशाहा	६ /६ख	६४६	१६९.३२	जग्गा

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७
९८५११३९४१९

■ एमाले, माओवादी र एसका नेता भन्छन्-

'कम्युनिस्ट एकताको विकल्प छैन'

नयाँ पत्रिका

एमाले, माओवादी र एकीकृत समाजवादीका नेताहरूले कम्युनिस्ट पार्टीबीच एकता हुनुपर्नेमा जोड दिएका छन् । मुलुकको विद्यमान समस्या समाधान गर्न कम्युनिस्टबीच एकताको विकल्प नभएको उनीहरूको निचोड छ । नेपाल अध्ययन केन्द्रले राजधानीमा बुधबार आयोजना गरेको 'आजको वामपन्थ' राष्ट्रिय गोष्ठीमा एमाले उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, माओवादीका उपमहासचिव वर्षमान पुन र एकीकृत समाजवादीका महासचिव घनश्याम भुसालले समाजवादी कार्यक्रमको आधारमा एकता अनिवार्य रहेको बताएका हुन् ।

एमाले उपमहासचिव गुरुङले समाजवादको लक्ष्य पूरा गर्न कम्युनिस्ट पार्टीबीच एकता आवश्यक रहेको बताए । तत्काल एकता सम्भव नभए पनि मोर्चा वा कार्यगत एकता गरेर जानुपर्ने उनको भनाइ थियो । 'अहिले सबै शान्तिपूर्ण बाटोमा छौं । सबैको लक्ष्य कार्यनीति चुनावमा लड्ने, सरकार बनाउने र जनताको सेवा गर्ने छ, समाजवाद प्राप्त गर्ने भन्ने छ भने पार्टीको नाम किन अलग-अलग राख्ने, नेताहरू किन अलग-अलग बनाउने ?' उनले भने, 'सकिन्छ भने एकता गरौं, नभए मोर्चा वा कार्यगत एकता गरेर जान सकिन्छ ।'

माओवादी उपमहासचिव पुनले नेकपाको एकता जोगाउन नसक्दा नवउदारवादीहरू देखिएको भन्दै कम्युनिस्ट एकताको सम्भावना अझै रहेको बताए । उनले भने, 'वामहरूको एकता, ध्रुवीकरण र सहकार्य गरेर जान सक्यौं भने मात्र देशको भविष्य छ ।'

एकीकृत समाजवादीका महासचिव भुसालले नेकपा हुँदा जनताले दिएको असाधारण बहुमत जोगाउन नसक्दा अहिलेको संकट देखिएको बताए । नेताहरूमा धेरै नैतिक संकट आइसकेकाले पार्टी व्यवस्थामै ठूलो संकट आउन लागेको उनले जिकिर गरे ।

वैज्ञानिक समाजवादी पार्टीकी धनकुमारी सुनुवारले कम्युनिस्ट पार्टीहरू मिलेर समाजवादी क्रान्तिको तयारी गर्नुपर्ने बताइन् । उनले नेताहरू दक्षिणपन्थी बन्न तँछाडमछाड गरिरहेको आरोप लगाइन् ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय दलदले, नवलपरासीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०९/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय दलदले, नवलपरासीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं ।

उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।

तपसिल

ऋणीको विवरण:

टेक बहादुर श्रेष्ठ प्रधानको नाति, सुक बहादुर श्रेष्ठ प्रधान/विजुमाया श्रेष्ठको छोरा, कुमारी श्रेष्ठको पति गोरखा जिल्ला, हंसपुर गा.वि.स वडा न ०९ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ०९ बस्ने **सेर बहादुर श्रेष्ठ प्रधान** (ना.प्र.नं. ७५३४६, जारी मिति २०५६/११/२३, जिल्ला प्रशासन कार्यालय, गोरखा) ।

ब्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. जीत बहादुर श्रेष्ठको नातिनि, ओम बहादुर श्रेष्ठ/मिना श्रेष्ठको छोरी, सुक बहादुर श्रेष्ठ प्रधान/विजुमाया श्रेष्ठको बुहारी, सेर बहादुर श्रेष्ठ प्रधानको पत्नि, गोरखा जिल्ला, हंसपुर गा.वि.स वडा न ०९ स्थायी ठेगाना भई हाल जिल्ला नवलपरासी, देवचुली न.पा. वडा नं. ०९ बस्ने **कुमारी श्रेष्ठ** (ना.प्र.नं. ४४१०३५/६२२, जारी मिति २०६८/१२/१५, जिल्ला प्रशासन कार्यालय, गोरखा) ।

धितो सुरक्षणको विवरण:

१. ऋणी **सेर बहादुर श्रेष्ठ प्रधान**को नाममा मालपोत कार्यालय, कावासोतीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ०९, (साविक नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १/ग) स्थित कित्ता नं. ५८९ को जग्गा क्षेत्रफल ०-०-९.२५-० (बि.क.धु.क.) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय दलदले, नवलपरासी फोन नं. ०७८-५७५५४६/१९४

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिकी सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मिति २०८०।०९।१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८०।०९।२६ (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलवन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरू तथा शर्तहरू बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरूको विवरणः

कत	जिल्ला	न.पा.	वडा नं./ नक्सा सिट नं.	कित्ता नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
१.	मोरङ्ग	बखरी	७/७ ख	९९७	५०७.९३	घरजग्गा
२.	मोरङ्ग	कसेनी	१/१ ग	२२८९	०-०-१४-१	जग्गा
		कसेनी	१/१ ग	२८८१	०-०-१३-०	जग्गा
		कसेनी	१/१ ग	२८८३	०-०-४-२	जग्गा
		कसेनी	१/१ ग	२८८५	०-०-१४-२	जग्गा
		कसेनी	१/१ ग	२२८८	०-०-१०-०	जग्गा
		कसेनी	१/१ ग	२६८४	०-०-५-३	जग्गा
		कसेनी	४/४ झ	१८५	०-१०-०-०	जग्गा
		कसेनी	४/४ ण	४८०	०-१-०-०	जग्गा
		कसेनी	४/४ ण	४२६	०-०-१०-०	जग्गा
		डांगीहाट	९/९ क	१९५०	०-२-०-०	जग्गा
		डांगीहाट	९/९ क	१९५१	०-३-४-०	जग्गा
		बाहुनी	६/६ क	५१५	०-३-३-०	जग्गा
		बाहुनी	६/६ क	५१४	०-३-३-०	जग्गा
		बाहुनी	६/६ क	५१६	०-३-४-०	जग्गा
३.	तनहुँ	मैवल	२/२ ग	५३७	१२७.१८	जग्गा
४.	झापा	दमक	१३/१७९००१७१६	१९१	१६४.००	जग्गा
			१३/१७९००१७१६	१९३	११७.००	जग्गा
		मधुमल्ला (दमक)	६/६घ	६८०	१४१३.८२	घरजग्गा
५.	इलाम	इलाम	४/४ घ	२६७	२७८.१७	जग्गा
६.	मोरङ्ग	मधुमल्ला	९/९घ	१७२०	१८६२.५२	जग्गा
७.	झापा	शिवगञ्ज	९/९ग	१३२८	६२६४.८३	जग्गा
८.	झापा	दमक	१४/१७९००५५	८७२	२५३.९५	जग्गा
९.	कञ्चनपुर	कालिका	४/०२६०९५८	११०५	८५.००	घरजग्गा
१०.	रूपन्देही	बुटवल	९/०९८११९९०५	६१	१८६.२५	घरजग्गा
११.	रूपन्देही	पर्रोहा	१/१ग	८४८	६७.७३	घरजग्गा
		पर्रोहा	१/१ग	८५०	६७.७३	घरजग्गा
		पर्रोहा	१/१ग	८६६	८८८९	घरजग्गा
		पर्रोहा	५/५ख	३३४२	१५२.३९	जग्गा
१२.	झापा	भद्रपुर	५/१८००३२६०९	२१	४२५.००	घरजग्गा
१३.	बारा	निजगढ	३/३	१२६९	८६७.७३	जग्गा
१४.	मकवानपुर	ज्यामिरे	५/५	१५६२	३०८.९७	घरजग्गा
१५.	मकवानपुर	बसामाडी	२/२	४३०४	२७०९.०४	जग्गा
१६.	झापा	पृथ्वीनगर	६/१८००६८६	७४७	१,१४१.८३	जग्गा

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७
९८५११३९४१९

पूर्वराजासँग राप्रपा नेताहरूको 'लन्च मिटिङ'



नयाँ पत्रिका

राजसंस्था, हिन्दू राष्ट्र पुनर्स्थापना र प्रदेशको खारेजीको मागसहित बृहत् आन्दोलन घोषणा गरेको राप्रपाका प्रमुख नेताले पूर्वराजा ज्ञानेन्द्र शाहसँग 'लन्च मिटिङ' गरेका छन् । अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, उपाध्यक्ष बुद्धिमान तामाङ, महामन्त्री धवलशमशेर राणा र कार्यसम्पादन समिति सदस्य दीपक सिंहले भैरहवा पुगेर पूर्वराजासँग 'लन्च मिटिङ' गरेका हुन् ।

भैरहवास्थित एक होटेलमा उनीहरूबीच तीन घन्टा छलफल भएको थियो । 'हामीले आन्दोलनको तयारीबारे कुरा राख्यौं,' राप्रपा अध्यक्ष लिङ्देनले नयाँ पत्रिकासँग भने, 'जवाफमा पूर्वराजा शाहले आन्दोलन अहिंसात्मक र शान्तिपूर्ण होस् भन्ने चाहना व्यक्त गर्नुभयो । आन्दोलनले थप क्षति व्यहोर्नु नपरोस् भन्नेमा उहाँको बढी चासो र चिन्ता थियो ।'

> बृहत् आन्दोलन घोषणा गरेको राप्रपाका प्रमुख नेताले भैरहवा पुगेर पूर्वराजा ज्ञानेन्द्र शाहसँग तीन घन्टा छलफल गरेका छन्

'लन्च मिटिङ'मा पूर्वराजा निकै खुलेर प्रस्तुत भएको नेताहरूको भनाइ छ । 'देशमा राम्रो हुन्छ भनेर आफूले पद छाडेको, तर त्यसो हुन नसकेको भन्दै उहाँले दुःख प्रकट गर्नुभयो,' लिङ्देनले भने, 'नेपालको मौलिकता र एकता पनि कमजोर हुँदै गएको उहाँको निष्कर्ष थियो ।'

राजसंस्था पक्षधरको एकतामा जोड

लिङ्देनका अनुसार पूर्वराजा शाहले सम्पूर्ण राजसंस्था पक्षधरहरू एक हुनसमेत आग्रह गरेका छन् । आन्दोलनलाई त्यसले बल पुऱ्याउने उनको सुझाव थियो । 'म एउटा लिगेसी र परम्पराको प्रतिनिधित्व गर्छु । त्यसैले कुनै एक दलसँग नजिक वा टाढा रहन मिल्दैन,' शाहको भनाइ उद्धृत गर्दै अध्यक्ष लिङ्देनले भने । उनका अनुसार भेटमा धेरैजसो समय शाहले नै बोलेका थिए । राप्रपाले माघदेखि सुरु गर्ने गरी आन्दोलन घोषणा गरेको छ । प्रवक्ता मोहन श्रेष्ठले माघदेखि देशव्यापी विशाल सभा हुने, मेची-महाकाली एकता यात्रा हुनेछ र अन्त्यमा उपत्यकाकेन्द्रित प्रदर्शन गर्ने तयारी रहेको बताए ।

प्रथम अधिवेशनको तयारीमा नागरिक उन्मुक्ति पार्टी



धनगढी / 'टीकापुर घटना'को जगमा बनेको नागरिक उन्मुक्ति पार्टी आफ्नो पहिलो अधिवेशनको तयारीमा जुटेको छ । पार्टीको प्रथम अधिवेशन यही २६ देखि २८ पुससम्म टीकापुरमा हुँदै छ । अधिवेशनले पार्टीको नयाँ कार्यसमिति चयन गर्ने बताइएको छ । अधिवेशनको तयारी तीव्र रूपमा अगाडि बढाइएको उक्त पार्टीका नेताहरूले बताएका छन् ।

नागरिक उन्मुक्तिका संरक्षक रेशमलाल चौधरीले पहिलो महाधिवेशनलाई ऐतिहासिक बनाउने गरी तयारी अगाडि बढाइएको जानकारी दिए । महाधिवेशनमा पार्टी संगठन रहेको देशभरका ५२ वटा जिल्लाबाट आठ हजार महाधिवेशन प्रतिनिधि सहभागी हुने उनले बताए । चौधरीका अनुसार महाधिवेशनले ३९ जना पदाधिकारीसहित दुई सय ४६ जनाको केन्द्रीय समिति चयन गर्नेछ ।

महाधिवेशनबाट चयन हुनेभन्दा बढी संख्यामा केन्द्रीय सदस्य मनोनीत गर्ने तयारी रहेको नाउपाले जनाएको छ । धनगढीमा बुधबार आयोजित पत्रकार सम्मेलनमा संरक्षक चौधरीले अध्यक्ष र पदाधिकारीसहित दुई सय ४६ जनाको केन्द्रीय समिति महाधिवेशनले चयन गर्ने र दुई सय ५५ जना केन्द्रीय सदस्य मनोनीत गरिने जानकारी दिए । अधिवेशनबाट अध्यक्षमा रञ्जिता श्रेष्ठलाई नै दोहोऱ्याउने तयारी छ । संघीय सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रहेकी श्रेष्ठ रेशमकी पत्नी हुन् ।

महाधिवेशनको उद्घाटनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित प्रमुख दलका शीर्ष नेताहरूलाई आमन्त्रण गरिएको संरक्षक चौधरीले बताए । प्रधानमन्त्री प्रचण्ड, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल, बाबुराम भट्टराईलगायत नेताहरू आउने तय भइसकेको उनको भनाइ छ । भारतीय जनता पार्टीका प्रतिनिधि पनि सहभागी हुने बताइएको छ ।

टीकापुर घटनामा अदालतबाट दोषी ठहर भई आजीवन काराबास सजाय भोगिरहेका रेशमको योजनामा उनकी श्रीमती रञ्जिताको अध्यक्षतामा ०७८ मा नागरिक उन्मुक्ति पार्टी गठन भएको थियो । सोही वर्ष फागुनमा आधिकारिकता नाउपाले साढे दुई महिनापछि भएको स्थानीय तह निर्वाचनमा कैलालीका १३ मध्ये चारवटा पालिका जित्दै थारूबहुल क्षेत्रमा बलियो उपस्थिति देखायो ।

०७९ मंसिरमा भएको प्रतिनिधिसभा तथा प्रदेश सभा निर्वाचनमा थारू समुदायको 'अधिकार प्राप्ति'लाई मुख्य एजेन्डा बनाएको नागरिक उन्मुक्तिले प्रतिनिधिसभाका तीन र प्रदेश सभाका सात सिट जित्न सफल भयो । त्यसअघि ०७४ को चुनावमा फरार अवस्थामै रेशम कैलाली- १ बाट निर्वाचित भएका थिए । जुन क्षेत्रबाट गत चुनावमा उनकी पत्नी रञ्जिताले जित हासिल गरिन् ।

संविधान जारी हुनुअघि थरुहट प्रदेशको माग गर्दै टीकापुरमा भएको हिंसात्मक झडपमा आठ सुरक्षाकर्मी र एक नाबालकको हत्या भएको थियो । उक्त घटनापछि फरार रहेका रेशमलाई अदालतले दोषी ठहर गर्दै जन्मकैदको फैसला भएको थियो, तर केही महिनाअघि राष्ट्रपतिबाट आममाफी पाएपछि उनी रिहा भएका थिए । टीकापुर घटना अन्य कैदी पनि कैद मिनाहा भएर जेलमुक्त भइसकेका छन् । रेमशलाई माफी दिने निर्णयविरुद्ध परेको मुद्दा सर्वोच्चमा अहिले विचाराधीन छ । नागरिक उन्मुक्तिमाथि जातिकेन्द्रित राजनीति गरेको आरोप भने लाग्ने गरेको छ ।

चित्रामा अर्पण

पारिवारिक कथावस्तुमा तयार गरिएको फिल्म चित्राको ट्रेलर सार्वजनिक भएको छ। घनश्याम लामिछानेको निर्देशनमा बनेको यस फिल्ममा अर्पण थापा, प्रमोद अग्रहरि, मेनुका प्रधान, प्रकाश घिमिरे, अञ्जना बराइली, सिम्रन खड्का, आयुशी ढकाल, विनोद पौडेललगायतले अभिनय गरेका छन्।





२०२५ मा जोली एलएलबी- ३

अक्षयकुमार र अरसद वारसी स्टारर फिल्म जोली एलएलबी- ३ को स्क्रिप्टिङको काम सुरु भएको छ। सुभाष कपुरले निर्देशन गर्ने यस फिल्मलाई २०२५ मा रिलिज गर्ने निर्माण पक्षको तयारी छ। फिल्ममा अक्षयकुमार र अरसद वारसी अदालतमा एक-अर्काविरुद्ध खडा हुनेछन्।

भान्सामै औषधि



डा. मिथिलेशकुमार साह
उपप्राध्यापक
आयुर्वेद क्याम्पस, कीर्तिपुर

आयुर्वेदमा आचार्य चरकको एउटा भनाइ चर्चित छ- जसरी नगरप्रमुखले आफ्नो नगरको आवश्यकताको समाधान सधैँ गर्दछन् र सतर्क रहन्छन्। जसरी सारथिले रथलाई सावधानीपूर्वक राम्रो मार्गबाट अघि बढाउँछन्। त्यसरी नै एउटा बुद्धिमान व्यक्ति शरीरका सबै क्रियाहरूको समग्र सम्पादनका लागि सदैव सचेत रहनुपर्ने हुन्छ। अहिले, मानिसले आफ्नो शरीरको ख्याल नराख्दा विभिन्न स्वास्थ्य जटिलता उत्पन्न भएका छन्। सरुवा रोगले महामारीको रूप लिइरहेका छन्। आयुर्वेदमा स्वस्थ जीवनका लागि विभिन्न मार्ग बताइएको छ। हाम्रो दैनिक खानपानको यसमा ठूलो भूमिका रहन्छ। हाम्रो समाजमा एउटा समूह मसला खानै हुँदैन भनेर प्रचार गरिरहेको छ। अर्को समूह, मिठो स्वादका लागि अत्यधिक रूपमा मसला प्रयोग गरिरहेको छ। हामीले सन्तुलित रूपमा मसलाको प्रयोग गर्ने हो भने यसले हामीलाई निरोगी रहन सहयोग गर्छ। हाम्रो भान्सामै औषधीय गुण भएका जडीबुटी उपलब्ध हुने भएकाले हामीले घरमै पकाएका खानेकुरामा जोड दिन जरुरी छ।



सुठो
सुकेको अदुवा धुलोलाई हामी सुठो भन्छौं। यसले रोग प्रतिरोधात्मक क्षमता बढाउने, खाना पचाउन सहयोग गर्ने गर्छ। पानीमा सुठो उमालेर पिउँदा दम, रुखाखोकी, श्वासप्रश्वास, ज्वरो, बान्ता, पेट दुख्ने, बाथ, ढाड दुख्नेलगायत समस्या समाधानमा मद्दत मिल्छ।



मेथी
मधुमेहका बिरामी, जसलाई बारम्बार पिसाब लाग्छ, त्यस्तो बिरामीलाई मेथी निकै लाभकारी छ। यसले ज्वरोलाई पनि निको पार्छ। बाथरोग, जन्डिस, रुघाखोकी, कफ बढेको अवस्थामा पनि यसको प्रयोग गर्न सकिन्छ। मेथी पिसेर लगाउँदा वा यसको पानी पिउँदा छालामा डन्डिफोर आउने समस्या कम हुन्छ।



तिल
तिल पनि औषधीय गुण भएको जडीबुटी हो। यसले छालासम्बन्धी रोग (मुखमा आउने पोतो, दाग, धब्बा) हटाउन तथा कम्मर दुखाइ कम गर्न सहयोग गर्छ। अलि मोटो मानिसले तिल खाँदा तौल नियन्त्रण हुन्छ। तर, धेरै दुब्लो मानिसले तिल खानु राम्रो हुँदैन।



मरिच
अहिले रुखाखोकीको मौसम चलिरहेको छ। यसले रुघाखोकी, टन्सिल, पिनास, दम, टाउको दुखेकोलगायत समस्या समाधानमा सहयोग गर्छ। खाना खाइसकेपछि दुईवटा मरिच खाँदा खाना राम्ररी पच्छ।



तुलसी
हाम्रो भान्सामा पाइने जडीबुटीमध्ये तुलसी पनि एक हो। धेरै रोग निको पार्न सक्ने गुण भएकाले हामी यसलाई भगवान्का रूपमा पुज्छौं। तुलसीको नियमित प्रयोग गर्दा प्रतिरोधी क्षमता बढ्छ। मुटुको समस्या, मिर्गौलाको समस्या, दमको समस्या, ज्वरो, रुघाखोकीलगायतमा यसले राम्रो काम गर्छ।



तेजपत्ता
तेजपत्ताले कुनै पनि खानालाई हल्का बनाउँछ। शरीरलाई पनि कोलेस्टोरेलहरू बढेको अवस्थामा राम्रो काम गर्छ। यसले रुघाखोकी, ज्वरो, घाँटी बस्ने अवस्थामा पनि राम्रो गर्छ।



बेसार
यसलाई कोभिडकालमा पनि धेरैले प्रतिरोधात्मक औषधिका रूपमा प्रयोग गरे। यसलाई पनि रुघाखोकी, टन्सिल भएका वेला पानीमा उमालेर पिउन सकिन्छ।



प्याज
प्याजले शीतलता प्रदान गर्छ। मुटुसम्बन्धी समस्या भएका, एनिमिया (ब्लड काउन्ट कम भएको अवस्था), कब्जियतका बिरामीका लागि पनि यो लाभकारी छ।



लसुन
घाँटी बसेर स्वर बिग्रिएको वा बोल्न नसक्ने अवस्थामा स्वर खुलाउन यसले राम्रो काम गर्छ।




ज्वानो
ज्वानोपानी रुघाखोकी र ज्वरोमा निकै राम्रो हुन्छ। जिउ, हात दुख्ने, जोर्नी दुख्नेलगायत बाथरोगमा ज्वानोले सहयोग गर्छ। यसले शरीरलाई तातो बनाउँछ।



जिरा
शरीरमा गर्मी हुने, जिउ-हात पोल्ने, पिसाब पोल्नेलगायत समस्यामा जिरा प्रभावकारी मानिन्छ। यसले गर्मीमा शीतलता प्रदान गर्छ।

नोट यी जडीबुटीको प्रयोग मात्रा मिलाएर गर्नुपर्ने हुन्छ। स्वादका लागि अत्यधिक प्रयोग गर्दा उल्टै हानि हुन सक्छ। रोगसँग जुधिरहेका, औषधि सेवन गरिरहेकाहरूले सम्बन्धित चिकित्सक वा आयुर्वेदिक चिकित्सकसँग परामर्श गरेर आवश्यकताअनुसार यसको प्रयोग गर्न सकिन्छ।

पोखरामा हट एयर बेलुनको मज्जा



यात्रा

तातो हावाले भरिएको बेलुनमा बसेर हावामा कावा खाँदै मनोरम दृश्यावलोकन गरिने साहसिक खेल हो- हट एयर बेलुन। पोखरामा सञ्चालित हट एयर बेलुन साहसिक पर्यटनका पारखीको आकर्षण बनेको छ। समुद्र सतहदेखि तीनदेखि चार हजार मिटर उचाइसम्म उड्न सकिने यसबाट पोखरा सहर, फेवाताल, पुम्दीकोट र सराङकोटसँगै फराकिलो हिमशृंखला हेर्न सकिन्छ। यस्तै, फिस्टेल, अन्नपूर्ण तथा धौलागिरि हिमशृंखलाहरू तथा विभिन्न तालहरूको समेत दृश्यावलोकन गर्न सकिन्छ।

बेलुन आकारमा देखिने यसको 'इनेभेलप'भित्र हावा भरिन्छ। बेलुन फुलिसकेपछि ग्यासबाट आगो बालेर हावा तताइन्छ। तातो हावाको मद्दतबाट बेलुनले उचाइ लिन्छ र हावाको गति नियन्त्रण गर्दै पाइलटले उडान गर्छन्। २१ मिटर अग्लो बेलुनको तल्लो भागमा ३२ वर्गमिटरको बास्केट जडित छ। बास्केटमा आठजनाले एकैपटक यात्रा गर्न सक्दछन्।

सूर्योदय मन पर्नेले बिहानको उडान रोज्न सक्छन् भने सूर्यास्त मन पराउनेले साँझको। दिउँसोको समयमा हावाको गति बढी हुने भएकाले बिहान र साँझतिरको समय हट एयर बेलुनका लागि उपयुक्त मानिन्छ।



विक्रम बाडे
अध्यक्ष, बेलुन नेपाल प्रालि

कति लाग्छ शुल्क ?

पोखरा जाने साहसिक पर्यटनका पारखीहरूका लागि कम्पनीले आधा घन्टा, प्राइभेट र रिजर्भ गरी तीन प्रकृतिको उडान गर्ने गरेको छ। आधा घन्टा उडानको नेपाली पर्यटकले नौ हजार पाँच सय रुपैयाँ प्रतिव्यक्ति तिर्नुपर्छ। १८ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि प्रतिव्यक्ति पाँच हजार रुपैयाँ शुल्क कायम गरिएको छ।

ध्यान दिनुस्

उचाइको उडान हुने भएकाले पञ्जा र टोपीसहित न्यानो कपडा लगाउनु राम्रो हुन्छ। हिल भएको जुत्ता-चप्पलभन्दा स्पोर्टस् जुत्ता लगाउनु उत्तम हुन्छ। टाढा देखिएका दृश्य नजिकै हेर्न मन लागे दूरबिन लैजान सकिन्छ। क्यामेरा/मोबाइलबाट फोटो खिच्दा तल नझरोस् भनेर सावधानी अपनाउनुपर्छ। सीमित उडान हुने भएकाले पहिले नै बुकिङ गरेर जाँदा राम्रो हुन्छ।

बर्थ डे सेलिब्रेसन, एनिभर्सरीलगायत विशेष अवसरमा पनि परिवार र साथीभाइसँग आनन्दले उडेर सेलिब्रेसन गर्न मिल्ने भएकाले यो साहसिक खेल अरूको तुलनामा अझ सहज र विशेष मानिन्छ।

लिपिस्टिक छान्दा...



- गोरो छालामा रोयल रेड सेड तथा गहुँगोरो छालामा वाइन रेड सुहाउँछ। मोटो ओठ भएकाले मोव सेड्सको लिपस्टिक खरिद गर्दा राम्रो हुन्छ। यो सेड चम्किलो हुन्छ र ओठलाई हाइलाइट गर्छ।
- सिम्पल र सोझर लुक्सका लागि सफ्ट पिंक सेडको लिपस्टिक लगाउन सकिन्छ। यसले ओठ हाइलाइट हुँदैन। कार्यालयमा काम गर्ने महिलाका लागि यो राम्रो हुन्छ।
- नाइट पार्टी वा कुनै विशेष समारोहमा जाँदा मानिस आकर्षक देखिन चाहन्छन्। पातलो ओठमा बेरी सेडको लिपस्टिक निकै सुहाउँछ। तर, बेरी सेडको लिपस्टिक लगाएका वेला मेकअप न्युड हुनुपर्छ। न्युड मेकअप गर्दा गुलाफी रङको लिपस्टिक पनि लगाउन सकिन्छ। गुलाफी लिपस्टिकका धेरै सेड छन्। सिम्पल लुक्सका लागि लाइट रोज सेड राम्रो हुन्छ।

जाडोमा यस्ता हिटर



ह्यालोजन हिटर : एक वा दुई घन्टासम्म ताप्नका लागि ह्यालोजन हिटर राम्रो हुन्छ। बजारमा दुई-तीनवटा रड भएका ह्यालोजन हिटर पाइन्छ।

फ्यान हिटर: १२ सयदेखि पाँच हजार रुपैयाँसम्मको रेन्जमा यो हिटर पाइन्छ। जाडो र गर्मी दुवैमा काम लाग्नु यसको विशेषता हो। यसले हावाबाट तातो फाल्छ र कोठालाई न्यानो बनाउँछ। सानो कोठाका लागि यो हिटर उपयुक्त मानिन्छ।

ओयल फिल्ड रेडिएटर हिटर : यो अन्य हिटरहरूभन्दा सुरक्षित मानिन्छ। यसले कोठालाई लामो समयसम्म न्यानो बनाइराख्छ।

एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौंको गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिकी सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ (सात) दिने सूचना

(प्रकाशित मिति २०८०।०९।१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको नाममा दर्ता श्रेष्ता कायम रहेको तपसिल बमोजिमको गैह्र बैकिङ्ग सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गरिने भएकोले खरिद गर्न इच्छुक महानुभावहरूलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाडौंमा कार्यालय समय भित्र गोप्य शिलबन्दी बोलपत्र आई पुग्ने गरी पेश गर्नु हुन सूचित गरिन्छ । तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरू यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको दिन अर्थात मिति २०८०।०९।२६ (उक्त दिन बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको पहिलो दिन) दिनको १:०० बजे खोलिने हुँदा बोलपत्र दाता स्वयं वा आधिकारीक प्रतिनिधिहरूलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ । गोप्य शिलवन्दी बोलपत्र सम्बन्धि सम्पूर्ण विवरणहरू तथा शर्तहरू बोलपत्र फारामम्मा उल्लेख भए बमो जिम हुनेछ । बोलपत्र फाराम यस बैंकको कर्जा असुली विभाग, नक्साल, काठमाडौंबाट रू. १००।- तिरी खरिद गर्न सकिनेछ ।

तपसिल

लिलाम हुने गैह्र बैंकिङ्ग सम्पत्तिहरूको विवरणः

क.सं.	जिल्ला	गा.वि.स./न.पा.	वडा नं./ नक्सा सिट नं.	कित्ता नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
१.	काठमाण्डौ	डाडापौवा, रामकोट	८/८क	२१३	३८१.४८	घरजग्गा
२.	काठमाडौं	का.म.न.पा. (डिल्लीबजार)	१०/१०२११४६१७	२१०	१५३	घरजग्गा
		का.म.न.पा. (डिल्लीबजार)	१०/१०२११४६१७	१६७	३१७.९०	घरजग्गा
३.	कैलाली	भजनी	२/२	७५०	२७०९.१२	जग्गा
४.	कञ्चनपुर	त्रिभुवनबस्ती	३/०२६०९९८	४८१	२८५७.६९	जग्गा
५.	मोरङ्ग	विराटनगर उ.म.न.पा.	१९ /१७८०९०२०४	७३	३७९.६५	घरजग्गा
६.	कैलाली	प्रतापपुर	८/८	५०२	६७७१.६६	जग्गा
७.	इलाम	इलाम न.पा.	४/४क	४१३	२५४.३२	जग्गा
			४/४क	५६७	४४५.०६	जग्गा
			४/४क	५१६	२०६.६४	घरजग्गा
८.	रूपन्देही	धकधई	८/८ख	५९४	४६५.६३	जग्गा
९.	रूपन्देही	सिद्धार्थनगर न.पा.	१/१ग	३६	७२७.९५	जग्गा
१०.	रूपन्देही	सिद्धार्थनगर न.पा.	८/१०४०१५८१६	११८	१३२.७२	घरजग्गा
			८/१०४०१५८१६	१६१	४६.८५	घरजग्गा
			८/१०४०१५८१६	१६३	५८.२२	घरजग्गा
११.	तनहुँ	स्याम्घा	३/३ज	१८५	१२९.१७	जग्गा
			३/३ज	१८७	४३९.९९	जग्गा
			३/३ज	१८८	१५.९०	जग्गा
			३/३ज	२०३	७५.५२	जग्गा
			३/३ज	२०४	३७३.६१	जग्गा
१२.	सिराहा	चन्द्र लालपुर	२/२	३१४०	८४.६६	जग्गा
			२/२	३१४२	८४.६६	जग्गा
१३.	सिराहा	लाहान बजार	५/५	९५८	२०३.१६	जग्गा
		लाहान बजार	५/५	९७२	३३.८६	जग्गा
		सन्हैठा	४/४क	७३८	२१९६.४३	जग्गा
१४.	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	जमुवाड	९/९क	२३५	१९४६.८५	जग्गा
			९/९क	२३३	१२५२.७६	जग्गा
			९/९क	२३५७	८४.६६	जग्गा
			९/९क	२३६०	२४६३.६०	जग्गा
१५.	रूपन्देही	मत्रहर	८/८ग	११६	४४३५.४४	जग्गा
			८/८ग	४	७७८.७४	जग्गा
			८/८ख७४	२७	१३०.००	घरजग्गा
१६.	बांके	रभेना	८/८ख	५४०१	२२४.३२	घरजग्गा

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौ
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७
९८५११३९४१९

PRiME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड को

तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८०/०२/१२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गरीसमेत कर्जाको साँवा तथा सोमा लाग्ने ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालयः इटहरी, सुनसरी

ऋणीको विवरण

हिरा शाहको नाति, डोमी स्वर्णकारको छोरा, सुनसरी जिल्ला, गौतमपुर गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको **सुरेन्द्र प्रसाद स्वर्णकार (ना.प्र.प.नं.: ८०३१/२६५२/४८६४/३२२, सुनसरी)**

व्यक्तिगत जमानतकर्ताको विवरण

डोमी स्वर्णकारको बुहारी, सुरेन्द्र प्रसाद स्वर्णकारको पत्नी, सुनसरी जिल्ला, इनरुवा गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **मधु कुमारी स्वर्णकार (ना.प्र.प.नं.: ७३२/को.सु. ७३२, सुनसरी)**

शाखा कार्यालयः बिल्च्याठे, इलाम

१ ऋणीको विवरण

बुद्धिमान लिम्बुको बुहारी, विरमान नेम्वाङ्गको पत्नी, इलाम जिल्ला, बरबोटे गा.वि.स./न.पा. वडा नं. ८ स्थित स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, बस्ने **आसा सुब्बा (ना.प्र.प.नं.: ३७२५२/२१९०, इलाम)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. मैत सिं नेम्बाङको नाति, बुद्धिमान लिम्बुको छोरा, पाँचथर जिल्ला, इम्बुङ्ग गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, बस्ने **विरमान नेम्वाङ्ग (ना.प्र.प.नं.: ४४८/२, पाँचथर)**
२. मैत सिं नेम्बाङको नातिनी, बुद्धिमान नेम्वाङ्गको छोरी, पाँचथर जिल्ला, इम्बुङ्ग गा.वि.स./न.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, बस्ने **मानमति नेम्वाङ्गा (ना.प्र.प.नं १३०४/५२३, पाँचथर)**
३. अबिलाल नेम्बाङको नाति, देश बहादुर नेम्बाङको छोरा, पाँचथर जिल्ला, इम्बङ्ग गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, बस्ने **प्रसाद नेम्बाङ (ना.प्र.प.नं १४३३/४०६, पाँचथर)**

२ ऋणीको विवरण

हर्क बहादुर गुरुङको नाति, सोम बहादुर गुरुङको छोरा, पाँचथर जिल्ला, फिदिम गा.वि.स./न.पा. वडा न.. ८ स्थित स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, बस्ने **काजिमान गुरुङ्ग (ना.प्र.प.नं.: ०२०१०६६०३९४०, पाँचथर)**

व्यक्तिगत जमानतकर्ताहरुको विवरण

१. हर्क बहादुर गुरुङको नाति, सोम बहादुर गुरुङको छोरा, पाँचथर जिल्ला, फिदिम गा.वि.स./न.पा. वडा न. ८ स्थित स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, बस्ने **कृष्ण गुरुङ्ग (ना.प्र.प.नं.: ५१०-८, पाँचथर)**
२. धनराज गुरुङको नाति, हर्क बहादुर गुरुङको छोरा, पाँचथर जिल्ला, रानीठार गा.वि.स./न.पा. वडा न. ८ स्थित स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, बस्ने **सोम बहादुर गुरुङ्ग (ना.प्र.प.नं.: २३००/२९८, पाँचथर)**
३. सोम बहादुर गुरुङको बुहारी, काजिमान गुरुङ्गको पत्नी, इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, स्थित स्थायी ठेगाना भएको **अन्जली गुरुङ्ग (ना.प्र.प.नं.: ०३-०१-७६-०१८४०, इलाम)**
४. धनराज गुरुङको बुहारी, हर्क बहादुर गुरुङको पत्नी, पाँचथर जिल्ला, रानीठार गा.वि.स./न.पा. वडा न. ८ स्थित स्थायी ठेगाना भई हाल इलाम जिल्ला, इलाम न.पा. वडा नं. ५, बस्ने **दिल माया गुरुङ्गी (ना.प्र.प.नं.: ६५०, पाँचथर)**

रूपान्तरण अभियानपछिको ऊर्जा

सामाजिक न्याय, सुशासन र समृद्धिको सवालमा हामी स्पष्ट भए पनि कार्यान्वयनमा चुनौती देखिएकाले अब यसमा विशेष जोड दिनुपर्छ



● अग्नि सापकोटा

अग्रलेख

जनासँग माओवादीको विशेष रूपान्तरण अभियान लक्ष्य र उद्देश्यमा सफल भएको छ। टोल कमिटीदेखि संगठन गठन-पुनर्गठन भएका छन्। कतिपय निष्क्रिय रहेका कमिटी पनि अहिले सक्रिय भएका छन्। संगठन थप सुदृढ भएको छ। पहिला कमिटी नभएका वडामा पनि कमिटी बनेका छन्। निष्क्रिय भएर बस्ने, पार्टीबाट पलायन हुने क्रम रोकिएको छ। उल्लेख्य मात्रामा अन्य पार्टीबाट नेता तथा कार्यकर्ता हाम्रो पार्टीमा प्रवेश गरेका छन्। कार्यकर्तामा जागृति आएको छ। पार्टी इन्ट्याक भएको छ। पार्टीमा नयाँ आशा, उत्साह पैदा भएको छ। जनतामा आशा जागेको छ। र, यो अभियानलाई फरक रूपमा निरन्तरता दिनुपर्छ भन्ने जनताको माग छ। माओवादी चुनावका वेलामा मात्रै होइन, अरू वेला पनि जनताको घरदैलोमा आउँछन् भन्ने सन्देश प्रवाह भएको छ। समग्रमा अभियानमा ८० प्रतिशत नेता तथा कार्यकर्ता फिल्डमा खटिए। सदस्यता नवीकरण पनि तीव्रतासाथ अगाडि बढ्यो। कतिपय पालिकामा वडा सम्मेलन पनि भइरहेका छन्। जनता हामीतिर फर्किएका छन्।

अभियानले पार्टीभित्रको अन्तरविरोधलाई पनि सतहमा ल्याएको छ। जनवर्गीय संगठन र मोर्चा संगठनको विवाद पनि सतहमा आएको छ। र, अन्तरविरोध धेरै राम्रो गरी समाधान हुँदै गएका छन्। मूल्यांकनको धेरै राम्रो आधार पनि तयार भएको छ। कसले बढी काम गऱ्यो। कसले कम काम गऱ्यो वा कसले काम गरेन भन्ने छर्लंग भएको छ। यसले हामीलाई नयाँ ढंगले अगाडि बढ्ने आधार तयार भएको छ। यसले रूपान्तरणका लागि भव्य आधार खडा गरेको छ। पालिकास्तरमा आ-आफ्नो प्रतिवेदन तयार पार्ने क्रम चलिरहेको छ। निर्वाचन क्षेत्र, जिल्ला, प्रदेशस्तरमा पनि प्रतिवेदन तयार पार्ने काम भइरहेको छ। ती प्रतिवेदन केन्द्रमा आइसकेपछि पदाधिकारी, स्थायी कमिटी र केन्द्रीय कमिटीमा बृहत् समीक्षा हुन्छ र संश्लेषण निस्किन्छ।

जनताका सुझाव : अभियानको क्रममा हामीले सरकारले गरेको काम कारबाहीबारे जानकारी गराएौं। सुशासनको पक्षमा, भ्रष्टाचारका विरुद्धमा जुन अभियान सरकारले सुरु गरेको छ, त्यसलाई अझ सशक्त रूपमा गम्भीरतासाथ अगाडि बढाउनुपर्छ भन्नेमा जनताले जोड दिएका छन्। जनतामा आशा र गुनासा दुवै छन्। यस अभियानले जनतामा निकै राम्रो छाप छाडेको छ। कुनै न कुनै रूपमा यस्ता अभियानलाई घनीभूत बनाउनुपर्छ भन्ने सुझाव जनताको छ। अहिले वातावरण बनेको छ, यो वातावरणलाई सुस्ताउन नदिई सक्रियतापूर्वक अगाडि बढाउनुपर्छ भन्ने सुझाव छ। जनताको प्रश्न के छ भने संस्कार, संस्कृतिप्रति माओवादीको पहिला जुन खालको सुझबुझ थियो, स्पष्ट दृष्टिकोण थियो, त्ययसमा अहिले उदासीन भएको हो कि ? पहिला भ्रष्टाचारविरुद्धको अभियान सशक्त रूपमा अगाडि बढेको थियो, अहिले सुस्ताएको हो कि ? यस्ता अभियानलाई सुरुका दिनमा जस्तै प्रभावकारी ढंगले अगाडि बढाउनुपर्छ भन्ने सुझाव जनताको छ। नक्कली भुटानी शरणार्थी प्रकरण, ललिता निवास जग्गा प्रकरण, मिटरब्याजीविरुद्धको कारबाहीबाट जनता उत्साहित छन्। यसलाई घनीभूत बनाउनुपर्छ भन्ने सबैको मत छ।

अब कार्यान्वयन : माओवादीका नीति, कार्यक्रम र आगामी योजना ठीक छन्। चाहे राजनीतिक कार्यदिशा होस् या विकास निर्माणको सवाल नै किन नहोस्। सामाजिक न्याय, सुशासन र समृद्धिको सवालमा हामी स्पष्ट छौं। तर, मुख्य चुनौती भनेको कार्यान्वयनकै हो। अब हामीले कार्यान्वयनमा जोड दिनुपर्छ। एक्सनमा उत्रिनुको विकल्प छैन। जनतालाई प्रतिबद्धता र संकल्पको तहसम्म थाहा भयो। अब जनताले भित्रैदेखि अनुभूति गर्ने गरी कार्यान्वयनमा जोड दिन्छौं। कार्यकर्ताले हामी विधान, नियम, पार्टीको कार्यदिशा, कार्यविधिअनुसार चल्नुपर्छ भन्ने माग गरिरहेका छन्। आन्तरिक निर्देशन सबैभन्दा बढी माथिबाट पालना हुनुपर्छ भन्ने कुरा कार्यकर्ताले उठाएका छन्। यसअघि यति व्यवस्थित रूपमा यस्ता अभियान भएका थिएनन्। अभियानको घोषणासँगै हामीले वैचारिक, राजनीतिक विषयमा दिशानिर्देश गर्ने क्रममा अझै तयारी नपुगेको महसुस भएको छ। यद्यपि, विचार संश्लेषणको सवालमा पनि अभियानले ठूलो टेवा पुऱ्याएको छ।

समाजवादको स्पष्ट खाका तयार पार्ने सवालमा पनि हामी गृहकार्य गर्दै छौं। समाजवादमा गाँस, बास, कपासका साथै शिक्षा, स्वास्थ्य, रोजगारी मुख्य कुरा हो। कृषिमा अर्बौंको अनुदान गएको छ। तर, त्यो अनुदान पहुँचवालाको बीचमा मात्रै सीमित छ।



जसलाई अनुदान चाहिएको छ, ती वर्गसम्म अनुदान पुगेको छैन। कृषिको माध्यमबाट पनि जीवनस्तर उकास्न सकिन्छ, रोजगारी सिर्जना गर्न सकिन्छ भन्नेमा हामी प्रस्ट छौं।

हाम्रो शिक्षा नीति के हो ? स्वास्थ्य नीति के हो ? रोजगार नीति के हो ? बजार नीति के हो ? यो विषय स्पष्ट पार्ने मात्रै होइन, योजनामा प्रतिबिम्बित हुनुपर्छ। आगामी वर्ष प्रस्तुत हुने बजेटमा नयाँपन देखिने गरी प्रधानमन्त्री लाग्नुभएको छ। उदाहरणका लागि देशभरि हामी त्यस्ता डाटा कलेक्सन गर्औं। कुनै परिवारको एकजना पनि रोजगारीमा छैन भने त्यो परिवारको एकजना सदस्यलाई तत्काल रोजगारी दिने कामबाट सुरु गर्न सकिन्छ। हाम्रा नीति अझै स्पष्ट हुनुपर्छ। त्यो लागू हुने गरी हुनुपर्छ।

> रूपान्तरण अभियानले पार्टीभित्रको अन्तरविरोधलाई सतहमा ल्याइदिएको हुनाले त्यस्ता अन्तरविरोध क्रमशः समाधान हुँदै गएका छन्। मूल्यांकनको धेरै राम्रो आधार तयार भएको छ। कसले बढी र कसले कम काम गऱ्यो वा कसले कामै गरेन भन्ने छर्लंग भएको छ।

अब निरन्तरतामा क्रमभंग : एक वर्षमा सरकारले गरेको कामले जनताको स्तरसम्म उत्साह बढाएको छ। सम्माननीय प्रधानमन्त्रीले एक वर्ष पुगेको अवसरमा गम्भीर समीक्षा गरेर अब नयाँ ढंगले अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभएको छ। अन्ततः आर्थिक विकास नै मुख्य कुरा रहेछ। आर्थिक विकास नभएसम्म, गरिबी नहटेसम्म, जनताको जीवनस्तर नउठेसम्म, सामूहिक प्रगति नभएसम्म जनतालाई अनुभूति हुने कुरा भएन। देशका समस्या समाधान गर्नका निम्ति प्रधानमन्त्रीले सत्तारुढ गठबन्धनभित्र मात्रै होइन, विपक्षी दलसँग पनि निरन्तर छलफल गर्नुभएको छ। गठबन्धनमा छलफल गर्नुभयो, सर्वदलीय बैठकमा छलफल गर्नुभयो। सरकारी अधिकारीदेखि निजी क्षेत्रसँग पनि गम्भीर छलफल गर्नुभएको छ। त्यसको उद्देश्य भनेको वास्तवमा आर्थिक विकासको मोडल बनाऔं भन्ने नै हो। अहिले मन्त्रालयमा सिलिङको प्रक्रिया सुरु भएको छ। यहींबाट नयाँ ढंगले जानुपर्छ, निरन्तरतामा क्रमभंग गर्नुपर्छ। त्यो भनेको रोजगारी सिर्जना गर्ने, गरिबी हट्ने, सीमान्तकृत जनताले राहतको महसुस गर्ने विषय हो।

कूटनीतिक सन्तुलन कायम गर्नमा पनि सरकार सफल भएको छ। संयुक्त राष्ट्रसंघका महासचिव नेपाल आएर नेपाल र नेपालीको मुक्तकण्ठले प्रशंसा त्यसै गर्नुभएको होइन। सरकारको कूटनीतिक सफलताका कारण त्यो सम्भव भएको हो। प्रधानमन्त्रीले संयुक्त राष्ट्रसंघमा दह्रो उपस्थिति जनाउनुभयो। अन्य अन्तर्राष्ट्रिय फोरममा पनि नेपालको गहकिलो उपस्थिति रह्यो।

भारत र चीनको भ्रमणमा आर्थिक विकासलाई प्राथमिकतामा राख्नुभयो। त्यसको प्रभाव क्रमशः देखा पर्दै जानेछन्। अन्तर्राष्ट्रिय आर्थिक सूचक सकारात्मक भएका छन्। आन्तरिक अर्थतन्त्रलाई सबल, सुदृढ, मजबुत बनाउने कुरामा अझै मिहिनेत गर्नुपर्नेछ। नीति राम्रो बनाउनुपर्छ। त्योभन्दा पनि मुख्य कुरा, नेपालको चुनौती भनेको कार्यान्वयनको हो। कार्यान्वयनमा ध्यान दिनुपर्छ।

विधान सम्मेलनमा बहस : फागुनको पहिलो साता विधान सम्मेलन गर्दै छौं। विधान सम्मेलनको छलफल र बहसका लागि एउटा राम्रो वातावरण यो अभियानले बनाएको छ। विधान सम्मेलनका लागि मस्यौदा समिति बनेको छ। त्यसले केही दिनभित्र आफ्नो प्रतिवेदन बुझाउँछ। त्यो प्रतिवेदन वडा तहसम्मै पुऱ्याएर राय सल्लाह लिइन्छ। विधान सम्मेलनका लागि बहस थालनी गर्छौं। विधान सम्मेलनसम्म जाँदा बहस हुन्छ। त्यसपछि विशेष महाधिवेशनतर्फ जान्छौं।

युगअनुसारको पार्टी : विधि, प्रक्रिया, पद्धति र मापदण्डलाई मूर्तरूप दिँदै 'सिस्टम' बसाल्नुपर्छ। विचारका साथै विधि पनि वैज्ञानिक हुनुपर्छ।

तत्कालीन परिस्थितिको पनि राम्रो विश्लेषण गरेर संश्लेषणसहित अगाडि बढ्नुपर्छ। कार्यनीति रूपमा ठोस, मूर्त र रणनीतिको सेवा गर्ने किसिमको हुनुपर्छ। रणनीतिक उद्देश्य र कार्यनीति स्पष्ट हुनुपर्छ। राजनीतिक रूपमा समाजवादको आधार तयार पार्नैपर्छ। किनकि, यो संविधानमै उल्लेख भएको छ। प्रस्तावनामै लोकतान्त्रिक गणतन्त्रात्मक समाजवाद भनिएको छ। प्रारम्भमा समाजवादउन्मुख राज्य व्यवस्था भनिएको छ। त्यसलाई मूर्तता दिँदै लैजानुपर्छ। सामाजिक न्यायसहितको वैज्ञानिक समाजवाद भन्नु उचित हुन्छ।

समाजवादमा रोजगारी सिर्जना गर्ने, गरिबी हटाउने, जनताको जीवनस्तर उठाउने, सामूहिक प्रगति गर्ने नै हो। जति नै कुरा गरे पनि आर्थिक विकास नभई जनताले विकासको अनुभूति गर्न पाउँदैनन्। आर्थिक विकासका लागि क्रमभंग गरेर नयाँतिर जानुपर्छ। बजेट निर्माणको ढाँचा पनि बदल्नुपर्छ। आधुनिकीकरण गर्नुपर्छ। त्यसका साथै विकासको मोडल पनि बदल्नुपर्छ। असार लागेपछि खर्बौंको बिल बनाउने संस्कारमा अमूल परिवर्तन गर्नुपर्छ।

विधान सम्मेलनले वामपन्थी एकीकरणका लागि पनि आधार तयार पार्छ। मुख्यतः समग्र कम्युनिस्ट पार्टीको पुनर्गठन गर्नुपर्छ। जनताको चाहना पनि त्यही छ। पूर्वमाओवादी घटकबाट एकता प्रक्रिया सुरु गरेर पहिला जोगाउन नसकिएको कम्युनिस्ट पार्टीको पुनर्गठन अनिवार्य, अपरिहार्य छ। राष्ट्रियता, जनतन्त्र, जनजीविकाको सवालको हल गर्नका लागि कम्युनिस्ट पार्टीको पुनर्गठनको विकल्प छैन।

(सापकोटा माओवादी केन्द्रका उपाध्यक्ष एवं प्रवक्ता हुन्)

---

३ प्रश्न

परराष्ट्र मामिलाविज्ञ **डा. निश्चलनाथ पाण्डे**लाई



नेपाल-भारत सम्बन्धको पछिल्लो अवस्था कस्तो देख्नुहुन्छ ?

राज्यस्तरको भर्खरै सम्पन्न चुनावमा मध्यप्रदेश, छत्तीसगढ र राजस्थानमा जित हासिल गरेर भाजपाले अब चाँडै हुने आमचुनावमा तेस्रो विजय हासिल गर्ने आकलन भइरहेको छ। मोदी तेस्रोपटक प्रधानमन्त्री हुने अवस्था बलियो भएको हो भने उनमा अझ बढी आत्मविश्वास, दृढता र अहं बढ्ने र हिन्दू राष्ट्रवादको मूल नारा बलियो हुने देखिन्छ। यसबारे नेपालका दलले अहिल्यैदेखि गृहकार्य गर्दा र प्रस्ट सोच बनाउँदा राम्रो हुन्छ।

भारतीय विदेशमन्त्रीको भ्रमणबाट कति आशावादी हुन सकिएला ?

नेहरू, इन्दिरा गान्धी, चन्द्रशेखर, गुजराललगायत प्रधानमन्त्रीहरूसँग जस्तो मोदीसँग नेपाली नेताहरूको व्यक्तिगत सम्बन्ध स्थापित हुन सकेन। मोदीले चारजना नेपाली प्रधानमन्त्री देखिसके। यसले गर्दा भारतीय कर्मचारीतन्त्रलाई नेपाल हेर्न र निर्णय गर्न सजिलो भयो। विदेशमन्त्री डा. जयशंकर मोदीका विश्वासपात्र हुन्। विश्वगुरु हुने संकल्पसाथ अन्तर्राष्ट्रिय जनमत तयार गर्न उनी क्रियाशील छन्। जयशंकरसँग व्यक्तिगत सम्बन्ध बढाउन सकियो भने पनि अल्झेर बसेका अनगिन्ती विषय सुल्झाउन मद्दत पुग्छ।

द्विपक्षीय भेटमा कस्ता एजेन्डामा छलफल गर्दा राम्रो होला ?

नयाँ-नयाँ परियोजनामा हात हाल्नुभन्दा पहिले नै सहमति भएका विषय किन कार्यान्वयन भएनन् भन्नेमा नेपाली पक्षले ध्यान दिनुपर्छ। भारतले थप बिजुली किनिदिनाले द्विपक्षीय सम्बन्धमा तब एउटा नयाँ आयाम थपिन्छ, जब हाम्रो बिजुलीको पहुँच बंगलादेशसम्म पुग्छ। यसले क्षेत्रीय सहयोगमा समेत बल पुग्छ। यसअघिदेखि नै थाती रहेका भएभरका कुरा उठाइदिने, तर भारतीय पक्षको ती विषयमा के धारणा रहयो बताउनु नपर्ने लत त्यागेर जनतालाई सुसूचित गर्ने परिपाटी पनि सुरु गर्नुपर्छ।

प्रेरक प्रसंग

सिंहको उपदेश

उहिल्यै नेपालको चारकोसे झाडीमा जहिल्यै हराभरा रहने घना जंगल थियो। जंगलभित्र अनेकौं सानाठूला नदी, खोला र खहरे बग्थे। जंगलमा अनेकौं जीवजन्तु बस्थे। एउटा सुबुद्धि नामको सिंह जंगलको राजा थियो। सम्बुद्धि नामको नीतिवान् राजहंस उसको मुख्यमन्त्री थियो।



जंगलबाहिर एउटा गाउँ थियो। गाउँमा खानलाउनसमेत धौधौ पर्ने एउटा अति गरिब ब्राह्मण परिवार थियो। एक दिन ऊ काठमाडौं गई धन कमाएर ल्याउने विचारसाथ घरबाट हिँड्यो। काठमाडौं पुग्न चारकोसे झाडी पार गर्नुपर्थ्यो। ऊ, झाडीको प्रवेशद्वारमा पुग्यो। उसले त्यहाँ मुख्यमन्त्री सम्बुद्धिलाई भेटेपछि आफ्नो सम्पूर्ण दुःखको कहानी सुनायो। सम्बुद्धिले राजा सुबुद्धिलाई सबै कुरा सुनाएर ब्राह्मणको भेट गराइदियो। राजाले ब्राह्मणलाई सुनका केही गहना दिए। गहना पाएपछि ब्राह्मण खुसी हुँदै त्यहींबाट फर्किए। उनले सित्तैमा पाएको सम्पत्ति हुरलदुरल गर्दागर्दै केही समयमा सिध्याए।

सम्पत्ति सिद्धिएपछि उनी फेरि जंगलका राजालाई भेट्न गए। तर, यतिखेरसम्ममा मुख्यमन्त्री सम्बुद्धिको मृत्यु भइसकेको थियो। एउटा दुर्मुख नामको काग मुख्यमन्त्री बनेको थियो। उसले ब्राह्मणलाई देख्नासाथ 'काँ काँ' गरेर राजालाई सूचना दियो। सूचना पाउनासाथ सुबुद्धि पनि गर्जिदै त्यहीं आइपुग्यो। प्रवेशद्वारमा ब्राह्मणलाई देख्नासाथ राजा सुबुद्धिले भन्यो- ब्राह्मणराज, तिमी पक्कै फेरि पनि केही सहयोग पाउने आशाले आएका हौला। तर, कसैले पनि सधैं सहयोग गर्न सक्दैन। आफ्नो आवश्यकता आफ्नै परिश्रमले पूरा गर्नुपर्छ। फेरि अहिले यहाँ सम्बुद्धि होइन, दुर्मुख मुख्यमन्त्री छ। त्यसैले आफ्नै गाउँघर फर्केर परिश्रम गर, पक्कै सुख पाउनेछौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

देशको ढुकुटी रित्याउने खेल

संघीय संसद्ले एक वर्षमा जम्माजम्मी एउटा कानुन बनाएछ। जम्मा एउटा कानुन बनाउने सांसदका लागि त्यही संसद्ले राज्यको ढुकुटीबाट ६३ करोड सिध्याएछ। यो सब देशको ढुकुटी रित्याउने खेल हो। देशलाई नभई नहुने कैयौं कानुन वर्षौंदेखि अलपत्र छन्। प्रदेशहरूले कानुन नबनाईदिएको भनेर संघविरुद्ध आन्दोलन गर्ने धम्की दिइरहेका छन्। यता संघीय संसद्को चालामाला भने यस्तो छ। संघीय संसद्का सांसदले एक वर्षसम्म के गरेर बसे होलान् ? जम्मा एउटा कानुन बनाउन त एक वर्ष पक्कै लागेन होला। अनि देशको ढुकुटी दोहन गरेर थिनले कामचाहिँ के गरेछन् हँ ? विनाकाम ६३ करोड झ्वाम पार्न त अलि नसुहाउनुपर्ने हो क्यारे !

● **भूमिका चाम्लिङ**, ठिमी, भक्तपुर

काम नगर्नेलाई भत्ता किन ?

संघीय संसद्को मुख्य काम देशलाई आवश्यक पर्ने ऐन, कानुन निर्माण तथा परिमार्जन गर्नु हो। तर, त्यही काम पनि इमानदारीपूर्वक नगर्ने संसद्का सदस्यलाई देशले भत्ताचाहिँ किन दिनुपर्ने हो ? तलब दिइसकेपछि कामै नगरी समय बिताउनेलाई केको भत्ता ? हामीले त काम नगरी तलब, भत्ता पाएको आजसम्म कुनै रेकर्ड छैन। अनि, कामै नगर्ने सांसदलाई चाहिँ किन दिनुपऱ्यो भत्ता ?

● **सुमन मानन्धर**
कुपन्डोल, ललितपुर

प्राञ्जलीको लेख मन पऱ्यो

लेखक सुरेश प्राञ्जलीका प्रायः सबै लेख पढ्ने गर्छु। उनका लेखमा बौद्धिक विमर्श हुन्छन्। उनले यसपटकको 'प्रशासनिक जडताको पुनः आविष्कार' शीर्षकको लेखमा पनि सोही शैलीलाई निरन्तरता दिएका छन्। उनी विभिन्न उद्धरण या सन्दर्भलाई उदाहरणका रूपमा दिने गर्छन्। जिम्मेवार अधिकारीले उनको यसपटकको लेखलाई मात्र मनन गर्ने हो भने पनि देशको प्रशासनिक सुदृढीकरणमा ठूलो सघाउ पुग्न सक्छ।

● **कृष्णकुमार भुजेल**
सातदोबाटो, ललितपुर

काम गर्न नसक्ने मन्त्रीलाई किन नहटाउने ?

काम देखाउन नसकेका केही मन्त्रीलाई हटाई तिनको ठाउँमा काम गर्न सक्ने नयाँ अनुहारलाई राख्न खोज्दा प्रधानमन्त्री प्रचण्डलाई कांग्रेस सभापति शेरबहादुर देउवाले साथ नदिएको हल्ला बजारमा चलेको छ। यथार्थ के हो ? त्यो देउवाले नै स्पष्ट पार्लान्। उता देउवाकै दबाबले लुम्बिनीमा आपराधिक पृष्ठभूमिका रोज राणा उद्योगमन्त्री बनाएको हल्ला छ। यता कांग्रेसबाट बारम्बार अवसर पाएका कृष्ण सिटौलालगायतलाई राष्ट्रिय सभा पठाउन देउवाले खोजिरहेको हल्ला पनि छ। उता राष्ट्रिय सभा निर्वाचनमा असर पर्ला भनेर कांग्रेस महासमिति बैठक तीनपटक सारेको आरोप पनि देउवाकै थाप्लोमा आएको छ।

आखिर किन सधैं यस्ता हल्ला चल्छन् ? किन सधैं देउवा जनभावनाविपरीत हिँड्न खोज्छन् ? के यस्तो तालले कांग्रेसले मिसन ०८४ मा पुनः जनताको मत पाउला त ? सभापति देउवाले यसको उत्तर दिनुपर्ने वेला आएको छ। कांग्रेसले प्रदेश र संघका मन्त्रीमा पठाएका कतिपय नाम र तिनका कामले देशमा सुशासन चाहने सम्पूर्ण जनताको मन कुँढिएको छ। यसले लाखौं इमानदार कांग्रेस कार्यकर्ताको शिर पनि निहुराएको छ। तैपनि, कांग्रेस नेतृत्वमा लज्जाबोध छैन, कुनै पश्चात्ताप छैन। अन्यथा देउवाले जानाजान नबोले पनि कमसेकम कांग्रेसका दुई महामन्त्री र पार्टीको इतर समूहका नेता शेखर कोइरालाले त बोल्नुपर्थ्यो नि ! उनीहरू किन बोल्न डराइरहेका छन् ? के उनीहरू पनि सभापति देउवाका गलत क्रियाकलापका फड्के किनाराका साक्षी हुन् ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

देश / विदेश

जापानको प्रकोप सामनाको बलियो सामर्थ्य

यदि जापानले प्रकोप जोखिम न्यूनीकरणमा काम नगरेको भए भूकम्पीय क्षति धेरै हुने थियो

जापानका लागि नयाँ वर्षको पहिलो दिन निकै भयानक रह्यो। १ जनवरीका दिन बेलुका चार बजेर १० मिनेट हुँदा जापानको उत्तरी क्षेत्रको मुख्य टापु होन्सुको नोटो प्रायद्वीपमा ठूलो भूकम्प गयो। सो भूकम्पको झट्का करिब तीन सय किलोमिटर टाढाको राजधानी टोकियोमा पनि महसुस गरिएको थियो। भूकम्प आएपछि जापानी अधिकारीले सुनामीको चेतावनी दिएका थिए। करिब पाँच मिटर अग्लो छाल निम्त्याउने सुनामीबाट जोगिन तटीय क्षेत्रमा बस्ने मानिसलाई बस्ती खाली गर्न आग्रह गरिएको थियो। राष्ट्रिय समाचार च्यानल एनएचकेमा बस्ती खाली गर्ने आग्रह गरिँदा अधिकारीले 'भयानक पूर्वी-जापान भूकम्पलाई सम्झिऊँ' भनेका थिए। स्मरण रहोस्, 'भयानक पूर्वी-जापान भूकम्प'ले सन् २०११ को भूकम्पको संकेत गर्छ, जहाँ ठूलो सुनामी आएर फुकुसिमा आणविक भट्टीमा भयानक क्षति पुगेको थियो। भूकम्प आएको घन्टौंसम्म टेलिभिजन च्यानलमा पहेँलो रंगको ठूला अक्षरमा 'सुनामी आउनेवाला छ ! भागौं' लेखिएको थियो।

तर, १ जनवरीका दिन आएको प्रकोप सोचेजति घातक थिएन। सबैभन्दा ठूलो झट्का ७.६ म्याग्निच्युटको थियो, जुन सन् २०११ को सुनामी ९.० म्याग्निच्युटभन्दा कम हो। ठूलो सुनामी आएन र भूकम्पपछि इपिसेन्टरछेउको वजिमा बन्दरगाहमा १.२ मिटर मात्रको छाल आएको थियो। २ जनवरी दिउँसो तीन बजेर ३० मिनेटमा ४८ जना भूकम्पका कारण मारिएको पुष्टि भएको थियो। ४८ जनाले ज्यान गुमाउनु दुःखकै कुरा हो तर यो यो दुख सन् २०११ मा करिब २० हजार मानिस मारिएको त्रासदीभन्दा निकै कम हो। १ जनवरीका दिन गएको भूकम्पका दरार नजिक थुप्रै आणविक भट्टी थिए, तर तिनमा कुनै किसिमको क्षति नपुगेको आणविक नियमन प्राधिकरणले जनाएको छ। स्मरण रहोस्, प्राधिकरण फुकुसिमा त्रासदीपछि स्थापित भएको हो।

यसका बाबजुद भूकम्पले गम्भीर क्षति र व्यवधान निम्त्याएको छ। सुरुमा करिब ९७ हजार मानिसलाई घर खाली गर्न निर्देशन दिइएको थियो। र, करिब ३० हजार परिवारमा ऊर्जामा व्यवधान निम्तियो भने दर्जनौं साना सहर र गाउँमा खानेपानीको सुविधामा रुकावट आएको थियो। वजिमामा एउटा आगलागीबाट दुई सयभन्दा बढी भवन नष्ट हुन पुगेका थिए। नोटो प्रायद्वीपको मुख्य एयरपोर्टको धावनमार्गमा दरार आएको थियो। अधिकारीहरूले ठुल्ठूला परकम्प आउने चेतावनी दिएका छन्। जापानका सम्राट् र साम्राज्ञीले नयाँ वर्षका दिन सार्वजनिक हुने परम्परा रोक्दै सो परम्परा २ जनवरीका लागि सारेका थिए।



तस्बिर : एपी

यति मात्रै होइन, २ जनवरीका दिन टोकियोको हेनेडा एयरपोर्ट जापान एयरलाइन्सको जहाजमा आगलागी भएको थियो। प्रारम्भिक प्रतिवेदनअनुसार भूकम्प प्रकोप क्षेत्रको राहतका लागि तयार अवस्थामा रहेको जहाजसँग जापान एयरलाइन्सको जहाज ठोक्किएको थियो। जापान एयरलाइन्सका जम्मै तीन सय ७९ यात्रु र चालक दल सकुशल रहे भने राहतका लागि तयार जहाजका चालक दलका ६ सदस्यले भने ज्यान गुमाए।

जापान विश्वकै भूकम्पीय जोखिमयुक्त क्षेत्रमा पर्छ। जापानको इतिहासमा ठुल्ठूला भूकम्प आई नै रहेका हुन्छन् र यससँगै राजनीतिक परकम्पन पनि जोडिएर आउने गरेका छन्। सन् १९२३ मा ७.९ म्याग्निच्युटको भूकम्प गएको थियो, जहाँ कम्तीमा एक लाख पाँच हजार मानिस मारिएका थिए। त्यतिवेलाको यो त्रासदीले सरकारलाई भूकम्पप्रतिरोधी भवन संहिता लागू गर्न र प्लेट टेक्टोनिक्सबारे हुने गहन अध्ययनलाई समर्थन गर्न प्रेरित गरेको थियो।

जापान अझै पनि 'भयानक पूर्वी-जापान भूकम्प'को परिणामलाई लिएर काम गरिरहेको छ। स्मरण रहोस्, यो भूकम्पले फुकुसिमा आणविक भट्टीमा क्षति पुऱ्याएको थियो र त्यसयता जापानका सबै आणविक भट्टी अस्थायी रूपमा बन्द गरिएका छन्। जसै सार्वजनिक विरोध मत्थर हुँदै गइरहेको छ, जापानको अहिलेको सरकार आणविक शक्तिकेन्द्रलाई ब्युँताउने बहस गरिरहेको छ। तर, हरेक भूकम्पका झट्काले भूकम्पीय जोखिम विद्यमान नै छ भन्ने देखाउँछ।

तर, यति भन्दै गर्दा नोटो प्रायद्वीप भूकम्पले भूकम्पीय जोखिमको सामना गर्ने सामर्थ्यको विकासको पनि झल्को दिन्छ। यदि जापानले प्रकोप जोखिम न्यूनीकरणमा काम नगरेको भए भूकम्पीय क्षति धेरै हुने थियो। जापानले भूकम्पीय तयारीको उपायमा धेरै लगानी गर्छ। ठूला भूकम्पबारे पूर्व-चेतावनी प्रणालीले टेलिफोन र मोबाइलमा भूकम्पबारे जानकारी दिन्छ। १ जनवरीका दिन एनएचके टेलिभिजनमा प्रधानमन्त्री सम्मिलित कार्यक्रमलाई समेत रोकेर भूकम्पीय पूर्व-चेतावनी प्रसारण गरिएको थियो। स्थानीय सरकार र व्यापारिक योजनाले प्रकोपका मामिलामा घनीभूत तालिम प्रदान गर्ने गर्छन्। भूकम्प आएलगत्तै नोटो प्रायद्वीपको इसिकावा प्रेफेक्चर (जिल्ला) मा प्रकोप प्रतिकार मुख्यालय खोलिएको थियो।

२ जनवरीको बेलुका एनएचके टेलिभिजन क्षतिको आपत् कालीन राहतकर्ता र सर्वसाधारणले राहतकर्ताबाट पानी लिइरहेको दृश्य देख्न सकिन्थ्यो। अन्यत्र जापानका थुप्रै नयाँ वर्षका प्रचलन देख्न सकिन्थे। २ जनवरीका दिन हाकोने एकिडेन दौड प्रतियोगिता जापानी ट्विटर (अहिले एक्स) मा ट्रेन्ड भइरहेको थियो। त्यसैगरी भूकम्प आएको २४ घन्टा नबित्दै अर्थात् २ जनवरीका दिन दिउँसो ३ बजे भूकम्प गएको क्षेत्रनजिक बुलेट ट्रेन चलेका थिए।

- द इकोनोमिस्टबाट

प्रति इकाई अंकित मूल्य रु.१०/- दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये बीज पूँजी वापत १ प्रतिशत अर्थात १०,००,००० (दश लाख) इकाई योजना व्यवस्थापक एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको एनआईबिएल एस क्यापिटल लिमिटेड) तथा १४ प्रतिशत अर्थात १,४०,००,००० (एक करोड चालिस लाख) इकाई कोष प्रवर्द्धक नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड) को लागि गरी कुल निष्काशन गरिने इकाईको जम्मा १५ प्रतिशत अर्थात (एक करोड पचास लाख) इकाई सुरक्षित राखि बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्त अनुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिएको।

आवेदन दिनुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय)
आवेदन दिन सकिने अधिकतम इकाई संख्या	१,००,००,००० (एक करोड सम्म)

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड कोष प्रबर्द्धक रहेको तथा एनआइएमबि एस क्यापिटल लिमिटेड योजना व्यवस्थापक रहेको

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड अन्तर्गत सञ्चालन हुने

एनआईबिएल स्टेबल फण्ड (NIBL STABLE FUND)

आह्वान-पत्र

इकाई बिक्री खुल्ला हुने मिति	२०८०/१०/०२ गते
इकाई बिक्री बन्द हुने मिति (छिटोमा)	२०८०/१०/०५ गते (बैकिङ्ग समय पश्चात्)
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा)	२०८०/१०/१६ गते (बैकिङ्ग समय पश्चात्)

(सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम जारी गरिएको)

आवेदनसाथ भुक्तानी गर्नुपर्ने रु. १०/- प्रति इकाईका दरले

यो विवरण पुस्तिका नभई केबल आह्वान-पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरण पत्र स्वीकृत मिति : २०८०/०३/२२ गते (संशोधित विवरण पत्र स्वीकृत भएको मिति : २०८०/०८/२१ गते)

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

१.	योजनाको नाम	एनआईबिएल स्टेबल फण्ड **(NIBL STABLE FUND)**
२.	योजनाको आकार	रु. १,००,००,००,०००/- (एक अर्ब रुपैयाँ)
३.	योजनाको प्रकार	बन्दमुखी (Close-Ended)
४.	निष्काशन गर्ने लागिएको इकाई संख्या	१०,००,००,००० (दश करोड)
५.	प्रति इकाई अंकित मूल्य	रु. १०/- (दश रुपैयाँ)
६.	कुल निष्काशन मध्ये न्यूनतम खरिद गर्न पाउने इकाई संख्या	१०० (एक सय) इकाई
७.	न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	५,००,००,००० (पाँच करोड) न्यूनतम संख्या ५,००,००,००० (पाँच करोड) इकाई बिक्री नभएमा उक्त योजना खारेज गरी १५ दिनभित्र निवेदकहरुको रकम फिर्ता गर्ने भुक्तानी प्रक्रिया शुरु गरिनेछ।
८.	कुल निष्काशन मध्ये अधिकतम सकारिने इकाई संख्या	१२,५०,००,००० (बाह्र करोड पचास लाख) *{सामूहिक लगानी कोष निर्देशिका, २०६९ को परिच्छेद-४, दफा १५ को उपदफा ४ मा भएको व्यवस्था बमोजिम निष्काशन गरिएको इकाई संख्याको पच्चीस प्रतिशतसम्म थप गरी बाँडफाँड गर्न सकिने}*
९.	योजनाको अवधि	इकाई बाँडफाँड भएको मितिले १२ वर्ष
१०.	योजना परिपक्व हुने मिति	योजनाको इकाई बाँडफाँड भएको मितिले १२ वर्ष (उक्त अवधि पश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसाबले प्रचलित कानून बमोजिम वितरण गरिने)
११.	योजना बिक्री खुल्ला हुने मिति	२०८०/१०/०२ गते
१२.	योजना बिक्री बन्द हुने मिति (छिटोमा) योजना बिक्री बन्द हुने मिति (ढिलोमा)	२०८०/१०/०५ गते (बैकिङ्ग समय पश्चात्) २०८०/१०/१६ गते (बैकिङ्ग समय पश्चात्)
१३.	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट धितोपत्रको दरखास्त संकलनको लागि अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु (आस्वा सदस्य) का आस्वा सेवा प्रदान गर्ने सम्पुर्ण कार्यालयहरु
१४.	खरिद गर्नुपर्ने न्यूनतम इकाई संख्या	१०० (एक सय) इकाई
१५.	खरिद गर्न सकिने अधिकतम इकाई संख्या	१,००,००,००० (एक करोड) इकाई सम्म
१६.	इकाई बिक्री तथा बाँडफाँड सम्बन्धी व्यवस्था	इकाई बिक्रिका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँड गरिनेछ।
१७.	सूचिकरण तथा दोश्रो बजार कारोबार व्यवस्थापन	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकृत गरी कारोबारको व्यवस्था गरिने ।
१८.	योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अंकित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ। खुद मुनाफाबाट मुनाफा वितरण कट्टा गरी बाँकी रहेको रकम सँचित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ।
१९.	इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवासीय नेपाली, प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली संस्था (कम्पनी), बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२०.	योजना व्यवस्थापकको नाम तथा ठेगाना, स्थापित ऐन, दर्ता मिति, नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मिति	एनआइएमबि एस क्यापिटल लिमिटेड, वडा नं. २, लाजिम्पाट, काठमाण्डौ । कम्पनी ऐन तथा धितोपत्र सम्बन्धी ऐन बमोजिम स्थापना भएको कम्पनी रजिष्ट्राको कार्यालयमा दर्ता मितिः २०६७/११/२५ दर्ता नं. १२८४/०७७/०६८ नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मितिः २०७०/०५/०७
२१.	योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	एन अमाल्य एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्ट्स, टोखा, काठमाडौं (बाह्रौं लेखापरीक्षक) (मिति २०७९/०७/१८ गते सम्पन्न साधारणसभाले आ.व.२०७९/०८० को लागि पुनः नियुक्त गरेको)
२२.	कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१) डा. विमल प्रसाद कोईराला, आनन्द भैरवमार्ग, ज्ञानेश्वर, काठमाण्डौ २) डा. शम्भु राम सिम्खडा, वडा नं.३, बाँसबारी, काठमाण्डौ ३) डा. दुर्गेश मान सिंह, वडा नं.२६, ९/५४० यटखा टोल, काठमाण्डौ ४) सि.ए. जितेन्द्र बहादुर राजभण्डारी, सतमार्ग १३, सानेपा, ललितपुर ५) श्री राजु नेपाल, सुर्यविनायक वडा नं. ५, भक्तपुर
२३.	रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	क्रेडिट रेटिङ्ग नियमावली, २०६८ ले सामूहिक लगानी कोष अन्तर्गत संचालन हुने योजनाको रेटिङ्ग गर्नुपर्ने व्यवस्था नगरेको तथा प्रस्तावित योजना संचालन स्वीकृतिको क्रममा योजनाको रेटिङ्ग गर्न आवश्यक पर्ने कार्य सम्पादन (कारोबार तथा लगानी, आय व्यय, सम्पत्ति तथा दायित्व इत्यादी) को अवस्था बुझना भैनसके हुँदा योजनाको रेटिङ्ग गरिएको छैन । ईक्रा नेपाल लिमिटेडले सन् २०२३, अक्टोबर २० मा कोष प्रवर्द्धक श्री नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड) लाई "[ICRANP - IR] A@[1]" (Pronounced ICRA NP Issuer Rating A, on watch with Negative Implications) को प्रमाणपत्र प्रदान गरेको छ भने योजना व्यवस्थापक श्री एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको एनआईबिएल एस क्यापिटल लिमिटेड) लाई सन् २०२३, मई २२ मा "[ICRANP] AMC Quality 3+ (AMC3+)" (Pronounced As Assest Management Company Quality Three plus) को प्रमाणपत्र प्रदान गरेको छ ।
२४.	लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछः १. बोर्डमा दर्ता भएको धितोपत्र । २. सार्वजनिक निष्काशन भएको धितोपत्र । ३. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत धितोपत्र । ४.नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु । ५. बैंक निक्षेप । ६. मुद्रा बजार उपकरण । ७. बोर्डले तोकिदिएको अन्य क्षेत्रहरु ।
२५.	योजनाको दर्ता तथा हस्तान्तरण गर्ने नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी आफैले डिपोजिटरीको कार्य समेत गर्नेछ ।
२६.	खुद सम्पत्ति मूल्य गणना तथा सो को प्रकाशन	सामूहिक लगानी कोष निर्देशिका, २०६९ ले व्यवस्था गरे बमोजिम वा नियमनकारी निकायले निर्देश गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिनेछ, जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिनेछ ।
२७.	एनआईबिएल स्टेबल फण्डको विशेषता	विद्यमान नियम तथा प्रचलित कानूनको अधिनमा रहि विभिन्न वित्तीय उपकरणहरु मध्ये स्थिर आय हुने लगानीका उपकरणमा बढी केन्द्रित भई लगानी गरिने र इकाईधनीहरुको लगानीसँग सम्बन्धित उच्च जोखिमलाई न्यूनीकरण गर्दै योजनाको अवधिभर निरन्तर समुचित प्रतिफल प्रदान गर्ने यस योजनाको प्रमुख उद्देश्य तथा विशेषता रहेको छ ।

२. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड) ।

कोष प्रवर्द्धकको संक्षिप्त इतिहासः नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविकको नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड) तत्कालिन कम्पनी ऐन तथा तत्कालिन वाणिज्य बैंक ऐन अन्तर्गत २०४२ साल माघ ६ गते उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भएको हो । यस बैंकले तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत वाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजतपत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको र नेपाल भित्र वैदेशिक प्रविधि तथा लगानी सम्झौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकले आफ्नो कार्य क्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुऱ्याउँदै आएको छ । यस बैंकको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा व्यवस्थापनमा लामो समय देखि आवद्ध रहेको व्यक्तित्वहरु हुनुहुन्छ । नेपाल राष्ट्र बैंकको मर्जर सम्बन्धी नीति अनुरुप हालसम्मका देहाय बमोजिम राष्ट्रिय स्तरको बैंकहरुसँग मर्जर भई एकिकृत कारोबार गर्दै आईरहेको छ :

क्र.सं.	मर्ज भएको बैंकको नाम	मर्जरको अनुपात	एकिकृत कारोबार प्रारम्भ गरेको मिति
१	एस डेभलपमेण्ट बैंक लिमिटेड	१००:४१	२०७४ असार २९
२	जेबिल्स् फाईनान्स लिमिटेड	१००:३३	२०७६ असार ३०
३	सिटी एक्सप्रेस फाईनान्स लिमिटेड	१००:३०	२०७७ माघ १७
४	मेगा बैंक लिमिटेड	१००:९०	२०७९ पौष २७

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित ऐनको अधिनमा रही वित्तीय कारोबार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मूख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) बैंकका निक्षेपकर्ताको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै वित्तीय सेवाबाट वञ्चित रहेका समुदायलाई प्राथमिकता दिई स्वस्थ प्रतिस्पर्धात्मक सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशिल व्यवसायको विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

इ) उपलब्ध श्रिप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गर्दै ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादनमूलक, रोजगारीमूलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रवर्द्धकको विगत तीन वर्षको लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (Earning Per Share) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरणः

कोष प्रवर्द्धकको समष्टिकृत रुपमा विगत तीन आर्थिक वर्षको लेखापरिक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

समष्टिकृत वासलात

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत (रु. हजारमा)
	आ.व.७७६/७७	आ.व.७७७/७८	आ.व.७७८/७९	आ.व.७७९/८०मा
सम्पत्ति				
नगद तथा नगद बराबर	७८४५.२०७	७९५६.१०६	११२६७.०३७	१९.४८८.६०७
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनपर्ने	१४.३२१.९७१	७.४१३.२५४	५.६३७.२८२	२०.५५४.७८८
बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात	७.९६४.९९२	८.१३६.७८०	८.७७८.७०७	१५.८२४.१००
व्युतपन्न वित्तीय उपकरण	१३३.९७७	३६.७४७	-	५५.४६३
अन्य व्यापारीक सम्पत्ति	८०.०३७	९२.०७६	७०.७४०	१९२.२५०
बैंक तथा वित्तीय संस्थाहरुलाई कर्जा	४.९२०.०६२	५.०९४.८५१	७.६५९.४४३	८.७४३.५४२
ग्राहकलाई ऋण तथा कर्जा	१३५.०८२.०९९	१५६.८१६.६७७	१५७.१५७.०९५	३०३.६४५.९५५
धितोपत्रमा लगानी	२६.८१९.५०८	३६.७८४.७८२	४४.३८५.७०४	६०.४०३.४७०
यस आ.व.को कर सम्पत्ति	७१५.२२६	५८९.८३४	४४३.४१८	१.५२९.१२८
सहायक कम्पनीमा लगानी	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	१४३.६७१	२०७.६६५	२७४.४७८	३५९.२८२
सम्पत्तिमा लगानी	२६५.९८३	६०१.८४८	५७३.०१७	१,१६४.९४४
सम्पत्ति तथा उपकरण	४.०३०.१४८	४.१०६.७४२	४.५७१.४०८	७.४७२.५६८
साख र अमृत सम्पत्ति	१२६.१०६	११४.४३६	७७.२५६	१.१२४.५४४
स्थगन कर सम्पत्ति	-	-	-	-
अन्य सम्पत्ति	१.६६६.५१३	२.७१३.४३५	३.८०८.३६९	८.११९.५००
कुल सम्पत्ति	**२०४,१८७,४९८**	**२३०,६६९,२३३**	**२४५,७०३,८५३**	**४४८,६६८,२१६**
पूँजी तथा दायित्व				
बैंक तथा वित्तीय संस्थालाई दिनुपर्ने	२.४६२.२५७	४.८४०.२६५	१.९७३.९२०	५.८५०.४४७
नेपाल राष्ट्र बैंकलाई बक्यौता	२७२३	३.५७५.६४७	६.४७०.८६५	३४४.७८०
व्युतपन्न वित्तीय उपकरण	-	-	५.२३९	-
ग्राहक निक्षेप	१६६.३३८.५५४	१७४.५२५.५९०	१८४.७७८.७२४	३५३.७५९.५१९
सापटी	-	-	३.८२५.०००	११.८०३.५००
यस आ.व.को कर दायित्व	-	-	-	-
प्रावधान	२.४९७	२.२४६	२.२४६	५.०९२
स्थगन कर दायित्व	९६१.५६१	१.७९९.२६६	१.०९५.०४३	६९४.४९१
अन्य दायित्व	३.७३८.०१६	६.५३०.४६९	७.०५०.६४६	११.४९१.६००
जारी गरिएको ऋणपत्र	३.२५०.०००	६.७५०.०००	६.०००.०००	६.०००.०००
सहायक दायित्व	-	-	-	-
जम्मा दायित्व	**१७६,७५५,५६८**	**१९८,०२३,४८३**	**२११,२०१,६८३**	**३८९,९०९,४२९**
इक्वीटी				
शेयर पूँजी	१४.२४८.९५५	१६.२५७.३३०	१८.३०७.५४१	३४.१२८.५९५
शेयर प्रिमियम	३२.५९९	४.७९८	-	-
सञ्चित मुनाफा	२.८८५.९६९	२.२२६.१८७	१.७८६.६५८	६८५.२०५
कोषहरु	१०.२६४.४०७	१४.१५७.४७१	१४.४७९.९७१	२३.९४४.९८७
इक्वीटी धारकलाई बाँडफाँड योग्य कुल इक्वीटी	**२७,४३१,९३०**	**३२,६४५,७५०**	**३४,५०२,१७०**	**५८,७८८,७८७**
गैर नियन्त्रित स्वार्थ	-	-	-	-
जम्मा इक्वीटी तथा दायित्व	**२०४,१८७,४९८**	**२३०,६६९,२३३**	**२४५,७०३,८५३**	**४४८,६६८,२१६**

समष्टिकृत नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)			अपरिष्कृत (रु. हजारमा)
	आ.व.७७६/७७	आ.व.७७७/७८	आ.व.७७८/७९	आ.व.७७९/८०मा
ब्याज आम्दानी	१५,२८४.७१६	१३,७९७.२४७	१६,७८८.०३०	३५,१६४.९४०
ब्याज खर्च	(९,४२१.९३६)	(८,११८.०९३)	(१०,८८३.३७३)	(२२,७८४.०२४)
खुद ब्याज आम्दानी	**५,८६२,७८०**	**५,६७९,१५५**	**५,९०४,६५६**	**१२,३८०.९५५**
शुल्क र कमिशन आम्दानी	१,५९६.०९२	१,५४०.९९३	१,७९६.७९५	२,२७५.११५
शुल्क र कमिशन खर्च	(३२६.४८०)	(२७७.५२२)	(३४२.८३८)	(४१२.२४९)
खुद शल्क र कमिशन आम्दानी	**१,२६९,६१२**	**१,२७३,४७१**	**१,४५३,९४७**	**१,७६२,८६५**
खुद ब्याज, शल्क र कमिशन आम्दानी	**७,१३२,३९१**	**६,९५२,६२५**	**७,३५८,६९३**	**१४,१४३,७८१**
खुद व्यापारबाट आम्दानी	८७८.९२०	७८६.६१५	६५८.४८६	५१०.६३३
अन्य सञ्चालन आम्दानी	१७८.८२४	८८०.६४१	२४१.३०२	४१०.२२९
जम्मा सञ्चालन आम्दानी	**८,११०,१३६**	**८,६१९,९६२**	**८,२४८,४०१**	**१५,०६४,६४२**
कर्जा क्षति प्रभार/विपर्यय तथा अन्य हानि	(१,९९७.२४५)	(४४१.६७०)	१,३०६.८९४	(२,४४१.५७)
खुद सञ्चालन आम्दानी	**६,११२,८९०**	**८,१७८,२९२**	**९,५६५,२९५**	**१२,६२३,०७१**
कर्मचारी खर्च	(१,४९३.२४३)	(१,७६९.२३२)	(१,९४८.२१२)	(३,४६६.११८)
अन्य संचालन खर्च	(८७७.७८२)	(८८१.२८०)	(७४१.३१७)	(१,२२३.७४)
ह्रासकट्टी तथा परिशोधन	(२६८.०५८)	(२६८.६५६)	(४१७.३६९)	(७३०.०३१)
जम्मा संचालन खर्च	**(२,६३९,०८४)**	**(२,९१९,१६७)**	**(३,१९६,८९८)**	**(५,०९९,३२३)**
संचालन आम्दानी	**३,५५३,८०७**	**५,२५९,१२५**	**६,३६८,३९७**	**७,५२३,७४८**
गैर संचालन आम्दानी	२५.३५८	६८.०७३	६९.७१३	२८.२८२
गैर संचालन खर्च	(६.२८८)	(६४.७२६)	(९०४.१०९)	(१,३००.९१८)
आयकर पर्वको मुनाफा	**३,५७२,८७६**	**५,२६२,४७२**	**५,५३४,००१**	**६,२५१,२१२**
आयकर खर्च				
यस वर्षको कर व्यवस्था	(१,११२.५७८)	(१,५८२.७३०)	(१,६७३,९५४)	(१,७९७.४००)
स्थगन कर	(३,०३६)	२२.४५२	४०.४८४	(१०३.४८१)
यस वर्षको आम्दानी	**२,४५७,२६२**	**३,७०२,१९५**	**३,९००,५३१**	**४,३४०,३३१**

विगत तीन वर्षको नेटवर्थ सम्बन्धी विवरण निम्नानुसार रहेको छ :

विवरण	वास्तविक			अपरिष्कृत आ.व. ७७९/८०मा
	आ.व.७७६/७७	आ.व.७७७/७८	आ.व.७७८/७९	
चुक्ता पूँजी (रु. हजारमा)	१४,२४८,९५५	१६,२५७,३३०	१८,३०७,५४१	३४,१२८,५९५
जगेडा तथा कोषहरु (रु. हजारमा)	१३,१८२,९७५	१६,३८८,४२०	१६,९१४,६२९	२४,६३०,१९२
जम्मा	**२७,४३१,९३०**	**३२,६४५,७५०**	**३४,५०२,१७०**	**५८,७८८,७८७**
घटाउनेः अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	-	-	-	-
कुल नेटवर्थ	**२७,४३१,९३०**	**३२,६४५,७५०**	**३४,५०२,१७०**	**५८,७८८,७८७**
शेयर संख्या ('०००)	१४२,४९०	१६२,५७३	१८३,०७५	३४१,२८६
प्रति शेयर नेटवर्थ (रु.)	१९३	२०१	१८८	१७७
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००	१००	१००	१००
प्रति शेयर आम्दानी (रु.)	१७.२५	२२.७७	२१.३१	१२.७५
नेटवर्थमा प्रतिफल (%)	**८.९६**	**११.३४**	**११.३१**	**७.४०**

५. योजना व्यवस्थापक सम्बन्धी विवरण

(क) योजना व्यवस्थापकको नाम : एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको एनआईबिएल एस क्यापिटल लि.) ।

(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरण : योजना व्यवस्थापक कम्पनी श्री एनआइएमबि एस क्यापिटल लिमिटेड (साविकको एनआईबिएल एस क्यापिटल लि.) कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापना भई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम काम कारोबार गर्न सक्ने संस्था भएको ।

(ग) योजना व्यवस्थापकको रजिष्ट्रर्ड ठेगाना : काठमाण्डौ महानगरपालिका, वडा नं. २, लाजिम्पाट, काठमाण्डौ ।

(घ) योजना व्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास : स्थापनाकाल देखि हालसम्म भए गरेका गतिविधिहरुको विवरण देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	मिति
१	एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्ट्राको कार्यालयमा दर्ता भएको	२०६७/११/२५
२	धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी: मर्चेन्ट बैंकरको रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त गरेको	२०६९/०३/०४
३	कम्पनी रजिष्ट्राको कार्यालयबाट मर्चेन्ट बैंकिङ्ग सेवा संचालनको अनुमति प्राप्त गरेको	२०६९/०४/१६
४	नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्नको लागि अनुमति प्राप्त गरेको	२०७०/०५/०७
५	नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त गरे पश्चात् पहिलो बन्दमुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल समृद्धि फण्ड-१) संचालन गरेको	२०७१/०९/२३
६	दोश्रो बन्दमुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल प्रगति फण्ड) संचालन गरेको	२०७३/०९/२७
७	साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड र साविक एस क्यापिटल लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सहमतिपत्रमा हस्ताक्षर सम्पन्न भएको	२०७४/०७/२३
८	मर्जर पश्चात् एनआईबिएल एस क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोबार सञ्चालन भएको	२०७४/१०/२८
९	नेपाल धितोपत्र बोर्डबाट संस्थागत परामर्श सेवा अनुमतिपत्र प्राप्त गरेको	२०७५/०३/०३
१०	नेपालको पहिलो खुलामुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल सहभागिता फण्ड) संचालन गरेको	२०७६/०३/२४
११	तेश्रो बन्दमुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल समृद्धि फण्ड-२) संचालन गरेको	२०७८/०१/२४
१२	नेपाल धितोपत्र बोर्डबाट विशिष्टीकृत लगानी कोष व्यवस्थापकको स्वीकृति प्राप्त गरेको	२०७९/०५/१९
१३	चौंथो बन्दमुखी सामूहिक लगानी कोष योजना (एनआईबिएल ग्रोथ फण्ड) संचालन गरेको	२०७९/१०/०३
१४	साविक एनआईबिएल एस क्यापिटल लिमिटेड र साविक मेगा क्यापिटल मार्केट्स लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सहमतिपत्रमा हस्ताक्षर सम्पन्न भएको	२०७९/१२/२९
१५	मर्जर पश्चात् एनआइएमबि एस क्यापिटल लिमिटेडको नामबाट एकिकृत कारोबार सञ्चालन भएको	२०८०/०३/१८

कम्पनीले धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा विभिन्न संघ संस्थाहरुको धितोपत्रको सार्वजनिक निष्काशन र प्रत्याभूति सेवा कार्य गरेकोमा हाल कम्पनीले सो को अलावा आफुले प्रदान गर्ने सेवालाई विविधीकरण गर्दै शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन, संस्थागत परामर्श सेवा, विशिष्टीकृत लगानी कोष व्यवस्थापक तथा निक्षेप सदस्यको सेवा प्रदान गर्दै आइरहेको छ । साथै, यस कम्पनीले नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्नको लागि समेत अनुमति प्राप्त गरी हालसम्ममा एनआईबिएल म्युचुअल फण्ड अन्तर्गतको एनआईबिएल समृद्धि फण्ड-१ (मिति २०७८ साल पौष २२ गते परिपक्व भैसकेको), एनआईबिएल समृद्धि फण्ड-२, एनआईबिएल प्रगति फण्ड तथा एनआईबिएल ग्रोथ फण्ड नामका तीन वटा बन्दमुखी योजना र एनआईबिएल सहभागिता फण्ड नामक खुलामुखी योजना सञ्चालनमा रहेको र मिति २०८०/०३/१८ गतेको मर्जर पश्चात् मेगा म्युचुअल फण्ड अन्तर्गतको मेगा म्युचुअल फण्ड-१ नामको (बन्दमुखी योजना) सञ्चालनमा रहेको छ ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्र नियमावलीमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकको प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्ने ।
२. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजार तर्फको विश्वसनीयता अभिवृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध सीप, श्रम तथा पूँजी लाई उचित परिचालन गरी ग्रामीण तथा श

दीपु बने पहिलो नेपाली परीक्षक पाइलट

काठमाडौं/ नेपाल वायुसेवा निगम (नेवानि)का वरिष्ठ पाइलट दीपु जुहार्चन एयरबस-३२० को पहिलो नेपाली परीक्षक पाइलट बनेका छन् । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले उनलाई मंगलबार डेजिग्नेटेड चेक पाइलट 'डिसिपी' लाइसेन्स प्रदान गरेको हो ।



क्याप्टेन ज्वार्चन डेजिग्नेसन चेक पाइलटको लाइसेन्स प्राप्त गर्ने पहिलो नेपाली पाइलट बनेको क्यानका प्रवक्ता जगन्नाथ निरौलाले बताए । उनले भने- 'नेपालमा दर्ता भएका वायुसेवामा कार्यरत पाइलटमध्ये डिसिपी लाइसेन्स प्राप्त गर्ने उनी नै पहिलो पाइलट हुन् ।' यसअघि उनी एयरबस-३२० को प्रशिक्षक पाइलट (आइपी) थिए, पाइलटलाई तालिम दिने गर्थे । परीक्षक पाइलटको लाइसेन्स प्राप्त गरेसँगै उनले पाइलटहरूको परीक्षा लिन र त्यसको जाँच गर्न पाउनेछन् । क्याप्टेन ज्वार्चनले डिसिपीका लागि आफूलाई योग्य साबित गरेपछि क्यानले लाइसेन्स प्रदान गरेको हो । 'डिसिपी लाइसेन्स प्राप्त गर्न धेरै प्रावधान छन्, उहाँले आफूलाई योग्य साबित गर्नुभयो,' उनले भने, 'अहिलेसम्म विदेशी डिसिपीबाट पाइलटको परीक्षा गराउँदै आइरहेकोमा अब नेपाली पाइलटबाटै यस्तो काम गर्न सकिनेछ ।' अहिले नेवानि र हिमालय एयरलाइन्ससँग एयरबस ३२० विमान रहेका छन् ।

बागलुङ महोत्सवको आकर्षण
गुन्द्रुक, भाँगो र अल्लोको कपडा

बागलुङमा **नारायण रिजाल**

बुधबारदेखि बागलुङमा गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि, औद्योगिक तथा व्यापार मेला एवं सातौं बागलुङ महोत्सव सुरु भएको छ । बागलुङ उद्योग वाणिज्य संघले स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर महोत्सव सुरु गरेको हो । त्यसका लागि संघले 'मेड इन बागलुङ' नाम दिएर बागलुङमा उत्पादन हुने वस्तु बिक्री-वितरण तथा प्रदर्शनका लागि राखेको छ । यही स्टल अहिले महोत्सवको मुख्य आकर्षण बनेको छ । स्टलमा स्थानीय उत्पादनको रूपमा गुन्द्रुक, भाँगो, अल्लोको कपडा, मकैको पिठो, कोदाको पिठोलगायत वस्तु राखिएका छन् । यसका साथै नेपाली कागज र सिस्नोको धुलो, भुटेको मकै, टिमुर, आलु, सिल्टिमुर, मुलाको धजारालगायत सामग्री बिक्रीका लागि राखिएको आयोजक संघले जनाएको छ । मेला पुस २१ गतेसम्म चल्ने छ ।

संघले जिल्लाका स्थानीय तहसँग समन्वय गरेर स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले 'मेड इन बागलुङ'को स्टल राखेको हो । स्थानीय रूपमा उत्पादन हुने वस्तुहरू अधिकांश जिल्लाको ताराखोला गाउँपालिका र जैमिनी नगरपालिकाका रहेका छन् ।



महोत्सवमा उत्कृष्ट कृषि उपज प्रदर्शन गर्ने किसानलाई पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ । महोत्सवमार्फत जिल्लाको पहिचान दिने तथा स्थानीय उत्पादनको बिक्रीसँगै प्रचारप्रसार गर्ने उद्देश्यले स्टलमा यहाँको स्थानीय उत्पादन राखिएको बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष नरेश कँडेलले जानकारी दिए । महोत्सवलाई गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेलास्तरमा विकास गर्न लागिएको बताउँदै जिल्लामा पाइने भाँगो, गुन्द्रुक र रातो च्याउलाई नेपालभर चिनाउन आवश्यक रहेको उनले बताए । 'यहाँको उत्पादनलाई देशका विभिन्न स्थानमा पुऱ्याउनु छ, किसानले उत्पादन गरेको वस्तुलाई निर्यात गर्न सकियो भने जिल्लाकै आर्थिक विकासमा टेवा पुग्नेछ,' कँडेलले भने, 'स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न महोत्सव अवधिभर निःशुल्क रूपमा स्टल राखेर बिक्री-वितरण र प्रदर्शन गरिएको छ । यसलाई आगामी दिनमा थप विकसित गर्दै जानेछौं ।' स्टलमा जैमिनी नगरपालिका-३ दमेकमा रहेको रुद्रताल सामाजिक उद्यमी महिला सहकारीले मकै, भटमास, आलु चिप्स, काँकोको गुन्द्रक, सिस्नोको पाउडर, मंसिरे सिमी र भाँगो बिक्रीका लागि राखेको छ । 'नगरपालिका र कृषि ज्ञान केन्द्रको सहयोगमा आलु चिप्स, सिस्नोको पाउडर र गुन्द्रुकको ब्रान्ड बनाएर बिक्रीका लागि महोत्सवमा आएका छौं,' सहकारीका अध्यक्ष चित्रा छन्त्यालले भनिन्, 'स्टलमा किन्नेसँगै हेर्नेको पनि भिड छ, कम्तीमा प्रचारप्रसार होस् भन्ने हाम्रो चाहना छ, महोत्सवले स्थानीय उत्पादनलाई प्राथमिकतामा राखेर स्टल उपलब्ध गराएकोमा हामी धन्यवाद दिन्छौं ।' उनले दैनिक दुई हजारदेखि तीन हजारसम्मको व्यापार भएको बताइन् ।

महोत्सवमा ताराखोला गाउँपालिकामा उत्पादित सेतो र रातो च्याउ, अल्लोको कपडा, धागो, नेपाली हाते कागज, आलु, मकै र सिल्टिमुरलगायतका वस्तु राखिएको छ । महोत्सवमा जिल्लाको ताराखोला गाउँपालिकाको ताराखोला उद्यम विकासअन्तर्गत स्थानीयस्तरमा उत्पादन भएका स्थानीय वस्तुको बजारीकरण गर्न बागलुङ बजार आएको उद्यम विकास सहजकर्ता विना सलामीले बताइएन् । स्थानीय उत्पादनबारे जानकारी नभएर बजार नपाएका वेला महोत्सवमा बिक्रीसँगै प्रचारप्रसार हुनु राम्रो पक्ष रहेको ताराखोला गाउँपालिकाका उपाध्यक्ष भीमबहादुर रोकाले बताए ।

लुम्बिनी एक्स्पोमा ५० करोडको कारोबार

बुटवल/ रुपन्देही व्यापार संघको आयोजनामा बुटवलमा जारी लुम्बिनी एक्स्पो ०८०, अन्तर्राष्ट्रिय व्यापार मेला ५० करोडको कारोबार गर्दै सकिएको छ । 'स्वरोजगार आत्मनिर्भरता हाम्रो आधार, सहरदेखि गाउँसम्म व्यापार विस्तार' भन्ने मूल नाराका साथ यही पुस ५ गतेदेखि १८ गतेसम्म जारी एक्स्पो बुधबार एक विशेष कार्यक्रमबीच समापन गरिएको छ । मेलामा १० लाख दर्शकले अवलोकन गरेको आयोजकले बताएका छन् ।

प्रदर्शनी मूल आयोजक समितिका संयोजक तथा रुपन्देही व्यापार संघका अध्यक्ष कृष्णप्रसाद घिमिरेले एक्स्पो यस क्षेत्रका लागि एक पहिचान र उत्सव नै बनेको बताउँदै आयोजना सफल बनाउन तयारीदेखि समापनसम्म प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग पुऱ्याउने सबैप्रति आभार व्यक्त गरे । अध्यक्ष घिमिरेले राजधानीबाहिर निर्माण हुँदै गरेको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रमा आधुनिक डिजाइनमा ऐतिहासिक रूपमा एक्स्पो सम्पन्न भएको र एक्स्पोमा संघले राखेको दर्शक र कारोबारको लक्ष्य पूरा भएको बताए ।

समापन समारोहमा प्रदर्शनीमा सहभागी स्टलको मूल्यांकन गरी पुरस्कृत गरिएको थियो । कार्यक्रममा लुम्बिनी प्रदेशका निवर्तमान मुख्यमन्त्री लीला गिरी र मेला मूल समितिका संयोजक कृष्णप्रसाद घिमिरेले पुरस्कार तथा प्रमाणपत्र वितरण गरेका थिए । बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेले आर्थिक गतिविधि बढाउन यस प्रकारका मेला प्रदर्शनीलाई स्थानीय सरकारले सधैं साथ दिने बताए ।

प्रदेश राजधानी क्षेत्रमा ऋणको सीमा हटाइयो

दाङ/ लुम्बिनी सरकारले प्रदेश राजधानी क्षेत्रमा लगाइएको बैंकको ऋणको सीमा हटाएको छ । बुधबार बसेको मन्त्रिपरिषद् बैठकले पूर्ववर्ती सरकारले जग्गा धितो राखेर पाउने गरी तोकेको ऋणको सीमा हटाउने निर्णय गरेको हो । मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले राजधानी क्षेत्रका नागरिकको समस्यालाई मध्यनजर गर्दै ऋणको सीमा हटाइएको जानकारी दिए । उनले जनताको सरकार जनताको पक्षमा काम गर्ने भन्दै जनताको समस्या सरकारले समाधान गर्दै जाने र गरिरहेकोसमेत बताए ।

लुम्बिनी प्रदेश सरकार (तत्कालीन प्रदेश सरकार प्रदेश नं. ५), मन्त्रिपरिषद्को निर्णयानुसार लुम्बिनी प्रदेशको स्थायी राजधानी राप्ती उपत्यकामा पर्ने राप्ती गाउँपालिकाका सबै वडा, गढवा गाउँपालिकाको वडा नं १, २ र ३ तथा अर्घाखाँची जिल्ला शीतगंगा नगरपालिकाका वडा नं ८ र ९ का जग्गा धितो राखी ऋण लिने सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकमा हाल कायम पूरै कित्ता जग्गा धितो राखी सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा २० लाख रुपैयाँसम्म ऋण लिन सकिने सर्त थियो ।

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कल्याणपुर, सप्तरीको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति २०८०/०९/१९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना **ऋणी बिष्णु कुमार यादव**को हकमा मिति २०८०/०३/०१ र **ऋणी रमेश कुमार यादव**को हकमा मिति २०८०/०४/३२ को अन्तपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋण/जमानत दायित्व फछर्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	
१. अजोधी यादवको नाती, राम बाबु यादवको छोरा, सिराहा जिल्ला, साविक भगवतीपुर ता.सु. न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने **बिष्णु कुमार यादव** (ना.प्र.नं. १५२०१८/१५२७०, जारी मिति २०७१/०१/०४, इ.प्र.का. लहान, सिराहा) ।	
व्यक्तिगत जमानतकर्ताको विवरण	
१. धनी लाल यादवको नाति, अजोधि यादवको छोरा, सिरहा जिल्ला, साविक भगवतिपुर गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने **राम बाबु यादव** (ना.प्र.नं. ११८८१५९५, जारी मिति २०४४/१२/२५, जि.प्र.का. सिरहा) ।	२. राम बाबु यादवको बुहारी, बिष्णु कुमार यादवको पत्नी, सिरहा जिल्ला, साविक सोठिआईन गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने **रंजिता कुमारी यादव** (ना.प्र.नं. १५२०१४/२००९७, जारी मिति २०७२/१०/१८, इ.प्र.का. लहान, सिराहा) ।
३. अजोधि यादवको बुहारी, राम बाबु यादवको पत्नी, डोटी जिल्ला, साविक तिखातर गा.वि.स/न.पा. वडा नं. ७ स्थाई ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने **तूलछा कुमारी बोगटी** (ना.प्र.नं. ३११०/२३८६, जारी मिति २०४४/१२/२९, जि.प्र.का. डोटी) ।	
धितोको विवरण	
१. अजोधि यादवको बुहारी, राम बाबु यादवको पत्नी, डोटी जिल्ला, साविक तिखातर गा.वि.स/न.पा. वडा नं. ७ स्थाई ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने तूलछा कुमारी बोगटी (ना.प्र.नं. ३११०/२३८६, जारी मिति २०४४/१२/२९, जि.प्र.का. डोटी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक भगवतिपुर तामासुईया गा.वि.स./न.पा. वडा नं.३/३ ख हाल सिरहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ स्थित कि.नं. ४१८ को क्षेत्रफल ०-०-१२$^{३/४}$ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । २. धनी लाल यादवको नाति, अजोधि यादवको छोरा, सिरहा जिल्ला, साविक भगवतिपुर गा.वि.स. वडा नं. १ स्थाई ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने राम बाबु यादव (ना.प्र.नं. ११८८१५९५, जारी मिति २०४४/१२/२५, जि.प्र.का. सिरहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, साविक भगवतिपुर तामासुईया गा.वि.स./न.पा. वडा नं. ३/३ ख र १/१ क हाल सिरहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ स्थित कि.नं. ३२४ र १३७३ को क्षेत्रफल क्रमशः ०-२-८.५ र ०-०-१३.२५ (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।	
ऋणीको विवरण	
२. रासलाल यादवको नाति, बन्दे लाल यादवको छोरा, सप्तरी जिल्ला, नेगडा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, बोदे बर्साइन न.पा. वडा नं. २, योगिया बस्ने **रमेश कुमार यादव** (ना.प्र.नं. १६३१०८/१९९, जारि मिति २०६३/११/२७, जि.प्र.का. सप्तरी) ।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. मेशी यादवको नाति, रासलाल यादवको छोरा, सप्तरी जिल्ला, बसाईन गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, बोदे बसाईन न.पा. वडा नं. २, योगिया बस्ने **बन्दे लाल यादव** (ना.प्र.नं. ७६७८२४७०, जारी मिति २०३५/१२/२९, जि.प्र.का. सप्तरी) ।	२. रासलाल यादवको बुहारी, बन्दे लाल यादवको पत्नी, सप्तरी जिल्ला, नेगडा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, बोदे बसाईन न.पा. वडा नं. २, योगिया बस्ने **भोली देवी** (ना.प्र.नं. ७६७८३५४१, जारी मिति २०४५/०१/३०, जि.प्र.का. सप्तरी) ।
३. बन्दे लाल यादवको बुहारी, रमेश कुमार यादवको पत्नी, सप्तरी जिल्ला, बोदे बर्साइन गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, बोदे बसाईन न.पा. वडा नं. २, योगिया बस्ने **अन्जु कुमारी यादव** (ना.प्र.नं. १६-०१-७४-०७८५२, जारी मिति २०७४/०७/१४, जि.प्र.का. सप्तरी) ।	
धितोको विवरण	
रासलाल यादवको नाति, बन्दे लाल यादवको छोरा, सप्तरी जिल्ला, नेगडा गा.वि.स./न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, बोदे बर्साइन न.पा. वडा नं. २, योगिया बस्ने रमेश कुमार यादव (ना.प्र.नं. १६३१०८/१९९, जारि मिति २०६३/११/२७, जि.प्र.का. सप्तरी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सप्तरी जिल्ला, साविक बखरी गा.वि.स. वडा नं. ३ क हाल बिराटनगर म.न.पा. वडा नं. १२, मोरङ्ग स्थित कि.नं. ३७५३ को क्षेत्रफल ०-०-१० (बि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।	

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको शाखा कार्यालय कल्याणपुर, सप्तरीबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८०/१०/०४ गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय, कल्याणपुर, सप्तरीमा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८०/१०/०५ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय कल्याणपुर, सप्तरीमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी बापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको शाखा कार्यालय कल्याणपुर, सप्तरीमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

Siddhartha Bank
शाखा कार्यालय : कल्याणपुर, सप्तरी
फोन नं. ०३१-५४००९८
Website : www.siddharthabank.com

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-००७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं. १) ऋणीको विवरण

प्रदेश सरकार, १ नं प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ, विराटनगरमा प्रा.फ.न.घ.उ.मो. १७८२५/०७७/०७८ अन्तर्गत मिति २०७७/०२/२७ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं. २ स्थित **गंगा कृषि फर्म**

प्रोप्राईटर तथा जमानतकर्ता: गंगा कुमारी माझी थारु

जमानीकर्ताहरुको विवरण

१) गंगा कुमारी माझी थारु स्थायी ठेगाना : सुनसरी जिल्ला, दुहबी गा.वि.स, वडा नं. ४ हालको ठेगाना : मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं. २ बाबु : सत्य नारायण माझी थारु ससुरा : भुवन प्रसाद चौधरी पति : सुनिल चौधरी	**२) सुनिल चौधरी** स्थायी ठेगाना : मोरङ जिल्ला, लखन्तरी गा.वि.स, वडा नं. १ हालको ठेगाना : मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं. २ बाबु : भुवन प्रसाद चौधरी बाजे : भिम लाल चौधरी

धितोको विवरण

१) सत्य नारायण माझी थारुकी छोरी, भुवन प्रसाद चौधरीकी बुहारी, सुनिल चौधरीकी पत्नी, सुनसरी जिल्ला, दुहबी गा.वि.स, वडा नं. ४ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, ग्रामथान गा.पा. वडा नं. २ बस्ने गंगा कुमारी माझी थारुको नाममा भूमिसुधार तथा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, ओरहाट गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६४ को क्षेत्रफल १६९.३७ (ब.मि) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
२) गंगा कृषि फर्म को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

क्र.सं. २) ऋणीको विवरण

१) नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फ.र.नं. ३०६३९/०७४/७५, स्थानीय व्यापार तथा भारत आयात, अन्तर्गत मिति २०७४/११/१६ मा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ स्थित **मल्ल हार्डवेयर**

प्रोप्राईटर तथा जमानीकर्ता: राज कुमार मल्ल

जमानीकर्ताहरुको विवरण

१) राज कुमार मल्ल स्थायी ठेगाना : मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ हालको ठेगाना : मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ बाबु : पहलमान मल्ल बाजे : मान बहादुर मल्ल	**२) चम कुमारी सेन** स्थायी ठेगाना : उदयपुर जिल्ला, ओखले गा.वि.स. वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ बाबु : लोक ब. सेन ससुरा : पहलमान मल्ल पति : राज कुमार मल्ल

ऋणीको विवरण

२) प्रदेश सरकार, १ नं. प्रदेश, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, मोरङ, विराटनगरमा प्रा.फ.नं.घ.उ.मो. १६७१० अन्तर्गत मिति २०७७/०४/१४ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ स्थित **मुना कुटानि पिसानी मिल** **प्रोप्राईटर तथा जमानीकर्ता: राज कुमार मल्ल**	**३) राज कुमार मल्ल** स्थायी ठेगाना : मोरङ जिल्ला, बयरवन गा.वि.स. वडा नं. ९ हालको ठेगाना : मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ बाबु : पहलमान मल्ल बाजे : मान बहादुर मल्ल	

जमानीकर्ताहरुको विवरण

१) विपिन मल्ल स्थायी ठेगाना : मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ९ हालको ठेगाना : मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ बाबु : राज कुमार मल्ल बाजे : पहलमान मल्ल	**२) रेनुका राई** स्थायी ठेगाना : सुनसरी जिल्ला, पकली गा.वि.स. वडा नं. २ हालको ठेगाना : मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ बाबु : पूर्ण बहादुर राई ससुरा : राज कुमार मल्ल पति : विपिन मल्ल	**३) चम कुमारी सेन** स्थायी ठेगाना : उदयपुर जिल्ला, ओखले गा.वि.स. वडा नं. ७ हालको ठेगाना : मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ बाबु : लोक ब. सेन ससुरा : पहलमान मल्ल पति : राज कुमार मल्ल

धितोको विवरण

१) लोक ब. सेनकी छोरी, पहलमान मल्लकी बुहारी, राज कुमार मल्लकी पत्नी, उदयपुर जिल्ला, ओखले गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार १९ पुस ०८०

निगमको धनगढी डिपोभित्रै ट्यांकरमा त्रिपाल ओढाएर 'तेल चोरी'



धनगढी डिपोभित्र त्रिपाल ओढाएर राखिएका पेट्रोलियम पदार्थ बोकेका ट्यांकर । तस्बिर : नयाँ पत्रिका

अजित अधिकारी/नयाँ पत्रिका

तापक्रम नोक्सानीको 'लुप होल' प्रयोग गरेर तेल चोरी गर्न आयल निगम लिमिटेडको सुदूरपश्चिम प्रादेशिक कार्यालय, धनगढी डिपोभित्र त्रिपाल ओढाएका ट्यांकरलाई निर्बाध प्रवेश गर्न दिने गरेको भेटिएको छ। निगमको धनगढी डिपोले इन्डियन आयल कर्पोरेसन (आइओसी)को उत्तर प्रदेशस्थित बन्थरा डिपोबाट पेट्रोल र डिजेल आयात गर्दै आएको छ। तापक्रम नोक्सानीबापत हुने 'वैधानिक चुहावट'को फाइदा उठाउन नियमित रूपमा ती ट्यांकरमा त्रिपाल ओढाएर ल्याउने गरेको स्रोतको भनाइ छ। विगतमा डिपोनजिकै बाटोमा त्रिपाल छाड्ने गरिन्थ्यो, तर पछिल्लो समय भने डिपोभित्र तेल खन्याउने स्थानसम्मै त्रिपाल ओढाएका ट्यांकर पुग्ने गरेका छन्।

ट्यांकरलाई त्रिपालले ढाक्नबाट निरुत्साहित गर्नुपर्नेमा आयल निगमको धनगढी डिपो प्रमुख मोहनकुमार साह र अपरेसन हेड खगेन्द्र अधिकारीले समेत बेवास्ता गर्दा चालक-सहचालकको मनोबल बढ्दै गएको कर्मचारीहरू बताउँछन्। 'ट्यांकरलाई त्रिपालले छोप्न प्रतिबन्ध लगाउने नीति छ, तर धनगढी डिपोमा भने लोडिङ-अनलोडिङ क्षेत्रभित्रै त्रिपाल ओढाएका ट्यांकर पुग्ने गरेका छन्,' धनगढी डिपोमा कार्यरत एक कर्मचारीले भने।

नेपालको भन्दा भारतको तापक्रम उच्च छ। त्यसैले भारतको तातो तापक्रममा हालेको तेल नेपालको चिसो ठाउँमा आउँदा खुम्चिने (घट्ने) अन्तर्राष्ट्रिय अभ्यास रहेको भन्दै निगमले तापक्रम नोक्सानी छुट्याउने गरेको छ। यस्तो तापक्रम नोक्सानीबापत धनगढी डिपोमा पेट्रोल ०.५७ प्रतिशत र डिजेल ०.३२ प्रतिशत अधिकतम चुहावट हुने लक्ष्य निर्धारण गरिएको छ।

यो लक्ष्यभित्रै रहने गरी धनगढी डिपो प्रमुख साहको संलग्नतामा पेट्रोल-डिजेल चोरी हुने गरेको स्रोतको भनाइ छ। अहिले बन्थरा डिपोको तुलनामा धनगढी डिपोको तापक्रममा चार-पाँच डिग्री फरक पर्ने गरेको छ। एक डिग्री चिसो हुँदा प्रतिचेम्बर १५ लिटरसम्म तेल कम हुने मान्यता छ।

बारम्बार पानी छ्यापेर चिसो बनाइएको त्रिपाल ओढाएर ट्यांकरलाई चिसो बनाउँदा कृत्रिम रूपमा थप एक डिग्री तापक्रम घट्ने र २० किलोलिटरको ट्यांकरबाट करिब ९० लिटरसम्म तेल झिकेर चुहावट भएको भनी दाखिला गर्न मिल्छ। यसरी चोरेर झिकेको ९० लिटर तेल भने धनगढी डिपोले संस्थागत तापक्रम नोक्सानीमा देखाएर मिलान गर्ने गरेको छ।

ट्यांकरमा चिसो त्रिपाल ओडाएर तेल चोर्ने प्रवृत्ति बढेकै कारण साह धनगढी कार्यालय प्रमुख भएयता चुहावटदर पनि बढेको छ। निगम स्रोतका अनुसार साह कार्यालय प्रमुख हुनुअघिसम्म चुहावटदर पेट्रोलको ०.१३ प्रतिशत र डिजेलको ०.१८ प्रतिशत थियो। अहिले चुहावटदर बढेर पेट्रोलको ०.२० प्रतिशत र डिजेलको ०.३० प्रतिशत पुगेको छ। डिजेलको चुहावटदर लक्ष्यनजिकै पुग्दासमेत केन्द्रीय कार्यालयले हस्तक्षेप गरेको छैन।

त्रिपाल ओढाएर तेल चोरी गर्ने प्रवृत्ति बढ्दै गए पनि कार्यालय प्रमुख साहले भने कुनै समस्या नरहेको जिकिर गरे। 'यस क्षेत्रको पेट्रोलियम कारोबारमा कुनै समस्या छैन' उनले नयाँ पत्रिकासँग भने, 'विगतमा कुनै वेला त्रिपाल ओढेका ट्यांकरहरू डिपोमा देखिएको र त्यही वेला कसैले फोटो खिचेको हुन सक्छ।' उनले आफ्नो डिपोमा आउने ट्यांकरमा त्रिपालले छोप्न प्रतिबन्ध नै लगाएको जिकिर गरे।

करिब एक वर्षदेखि धनगढी डिपो प्रमुख रहेका साहको कमजोर व्यवस्थापकीय कार्यक्षमताका कारण धनगढीमा पटक-पटक इन्धन अभाव भएपछि जिल्ला प्रशासन कार्यालय, कैलालीले ६ मंसिरमा लिखित स्पष्टीकरण नै सोधेको थियो।

जिप्रकाको स्पष्टीकरणमा 'आवश्यक सेवाको अटुट सञ्चालन कायम राख्न नसकेकाले ऐनअनुसार कारबाही किन नगर्ने ? यदि कारबाही नगर्ने कारण भए सोको स्पष्टीकरणसहित सात दिनभित्र उपस्थित हुन' निर्देशन दिइएको थियो। त्यसपछि डिपो प्रमुख साह लिखित स्पष्टीकरणसहित उपस्थित भएपछि जिप्रकाले सचेत गराएको थियो। यसरी जिल्ला प्रशासन कार्यालयले आयल निगमको डिपो प्रमुखलाई लिखित स्पष्टीकरण सोधेको घटना बिरलै छन्।

डिपो प्रमुख साहको कार्यशैलीलाई लिएर सुदूरपश्चिमका पेट्रोलियम व्यवसायीले गुनासो गर्दै आएका छन्। डिपोमा तेल नभएको भन्दै पेट्रोलपम्पलाई तेल नदिने र मागअनुसार तेल लिनुपर्दा डिपो प्रमुखलाई अतिरिक्त रकम बुझाउनु परेको भन्दै पेट्रोलम्प व्यवसायीले केन्द्रीय कार्यालयमा गुनासो गर्दै आएका छन्। त्यस्तै, इन्धन लिन भारत जाने नियमित पालो प्रणालीमा ट्यांकरलाई लाइनमा राख्नसमेत डिपो प्रमुखलाई अतिरिक्त रकम बुझाउनुपरेको ट्यांकरधनीले गुनासो गर्ने गरेका छन्।

त्रिपाल ओढाएर दैनिक १५ सय लिटरभन्दा बढी 'चुहावट'

धनगढी डिपोबाट दैनिक औसतमा पेट्रोल पाँच ट्यांकर र डिजेल १३ ट्यांकरसम्म बिक्री हुने गरेको छ। यस डिपोसँग इन्धन ढुवानी गर्न करिब ८५ ट्यांकर प्रयोग भइरहेका छन्।

वास्तविक तापक्रममा भएको घटबढले हुने वैधानिक चुहावटबाहेक चिसो त्रिपाल ओढाएकै कारण प्रतिट्यांकर ९० लिटरका दरले 'चुहावट'को हिसाबले गर्दा दैनिक १६ सय २० लिटरसम्म चोरी भइरहेको देखिन्छ। यस्तो चोरीलाई निगमले लक्ष्यभित्रै रहेको चुहावट भन्दै वैधानिकता दिइरहेको छ।

यसरी चोरी गरेको तेल बजार मूल्यभन्दा केही सस्तोमा बिक्री गरी हरहिसाब डिपो प्रमुख साहसम्म पुग्ने गरेको स्रोतको दाबी छ। ट्यांकरका चालक-सहचालक प्रयोग गरेर तेल चोर्ने र चोरीको तेल बिक्री गर्ने गरिन्छ। प्रत्येक ट्यांकरबाट करिब ९० लिटर तेल चालकले बीच बाटोमै झिकेर आउने गर्छन्।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

प्रिमियम आइपिओमा लेखा समितिको निर्देशनपछि प्राधिकरणको बिमा कम्पनीलाई पत्राचार

प्रिमियमबापत नौ अर्ब ६६ करोड जगेडा कोषमा राख्न निर्देशन

भोजराज भण्डारी/नयाँ पत्रिका

बिमा प्राधिकरणले अंकित मूल्यभन्दा बढी (प्रिमियम)मा सार्वजनिक निष्कासन (आइपिओ) जारी गरेका कम्पनीलाई प्रिमियमबापतको रकम कम्पनीको जगेडा कोषमा राख्नका लागि निर्देशन दिएको छ।

मंगलबार प्राधिकरणले प्रिमियमा आइपिओ निष्कासन गरेका बिमा कम्पनीलाई सोबापत प्राप्त रकम तत्काललाई जगेडा कोषमा राख्न पत्र काटेको बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले जानकारी दिए। उनले भने, 'अर्को निर्णय नहुन्जेलसम्मका लागि जगेडा कोषमा राख्न भनेका छौं, त्यसपछि थप अर्को निर्णयमा जान्छौं, अहिलेलाई प्रिमियम मूल्यबापतको रकम कोषमा जम्मा हुनेछ।'

तीन वर्षयता पाँचवटा बिमा कम्पनीले प्रिमियम मूल्यमा आइपिओ निष्कासन गरेका छन्। पाँच कम्पनीले प्रिमियमबापत लगानीकर्ताबाट उठाएको नौ अर्ब ६६ करोड १३ लाख कोषमा जम्मा हुने भएको छ। जसमध्ये अंकित मूल्यभन्दा बढी प्रियियम मूल्य थपेर सबैभन्दा महँगोमा सेयर निष्कासन गर्नेमा रिलायबल लाइफ इन्स्योरेन्स रहेको छ। कम्पनीले अंकित मूल्यभन्दा एक सय ५७ रुपैयाँ थप गरी सेयर निष्कासन गरेको हो।

त्यस्तै, हिमालयन रिइन्स्योरेन्स कम्पनीको एक सय ६ रुपैयाँ, आइएमई लाइफ इन्स्यारेन्सको एक सय ३६ रुपैयाँ ९१ पैसा, सन् नेपाल लाइफ इन्स्योरेन्सको एक सय ३९ रुपैयाँ, सिटिजन लाइफ इन्स्योरेन्सको एक सय ४४ रुपैयाँ अंकित मूल्यभन्दा बढी थप गरी निष्कासन गरेका छन्। प्रिमियम मूल्यमार्फत रिलायबल नेपाल लाइफ इन्स्यरेन्सको एक अर्ब ८८ करोड रुपैयाँ उठेको छ। त्यस्तै, हिमालयन रिइन्योरेन्सको तीन अर्ब १८ करोड, आइएमई लाइफ इन्स्योरेन्सको एक अर्ब ६४ करोड, सन् नेपाल लाइफ इन्स्योरेन्सको एक अर्ब ३३ करोड, सिटिजन लाइफ इन्स्योरेन्सको एक अर्ब ६२ करोड संकलन भएको छ।



अर्को निर्णय नहुन्जेलसम्मका लागि जगेडा कोषमा राख्नु भनेर पत्र काटेका छौं। अध्ययनकै क्रममा भएको हुँदा निष्कर्षमा पुगेपछि थप अघि बढ्छौं।

● **सूर्यप्रसाद सिलवाल**
अध्यक्ष, बिमा प्राधिकरण



हामीले यसै पनि उक्त प्रिमियमबापतको रकम जगेडा कोषमै राख्ने हो। तर, पछिल्लो समयले लेखा समितिले उठाएको कुरा त्यति व्यावहारिक देखिँदैन।

● **पोषक पौडेल**, सिटिजन लाइफ इन्स्योरेन्स, कार्यकारी अधिकृत(सिइओ)

■ बिमा कम्पनीहरूले प्रिमियमबापत संकलन गरेको रकम

कम्पनीको नाम	प्रिमियम मूल्य	सर्वसाधारणमा जारी कित्ता	कोषमा जम्मा हुने रकम
रिलायबल नेपाल लाइफ इन्स्योरेन्स	१५७	१ करोड २० लाख	१ अर्ब ८८ करोड
हिमालयन रिइन्स्योरेन्स	१०६	३ करोड	३ अर्ब १८ करोड
आइएमई लाइफ इन्स्योरेन्स	१३६.९१	१ करोड २० लाख	१ अर्ब ६४ करोड
सन् नेपाल लाइफ इन्स्योरेन्स	१३९	९६ लाख	१ अर्ब ३३ करोड
सिटिजन लाइफ इन्स्योरेन्स	१४४	१ करोड १२ लाख	१ अर्ब ६२ करोड

प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले पछिल्लो परिस्थितिलाई दृष्टिगत गर्दै प्रिमियमबापतको रकम यथावत् राख्न भनिएको बताए। उनले भने, 'अहिले अर्को निर्णय नहुन्जेल कम्पनीले प्रिमियमबापतको रकम चलाउन पाउनेछैनन्।' गत साता बसेको सार्वजनिक लेखा समितिको बैठकले बिमा कम्पनीहरूलाई प्रिमियममा सेयर बिक्री अनुमति दिनु बिमा ऐन र लगानीकर्ताको हितविपरीत रहेको ठहर गरेको थियो। साथै, प्राधिकरणलाई तत्काल निर्णय सच्याउन समितिले निर्देशन दिएको थियो।

समितिको निर्देशनपत्र पाएसँगै प्राधिकरणले पहिलो चरणमा कम्पनीले जारी गरेको प्रिमियमबापतको रकम रोकेको हो।

लेखा समितिले तीन वर्षअघिदेखि प्रिमियम मूल्यमा आइपिओ निष्कासन गरेका कम्पनीलाई प्रिमियममा सेयर दिनु औचित्यपूर्ण वा गैरकानुनी भए-नभएको विषयमा छानबिन गरी निष्कर्षमा पुग्न र छानबिनको क्रममा दोषी देखिएमा सम्बन्धित पदाधिकारीलाई कानुनबमोजिम कारबाहीको प्रक्रियामा लैजान र ३० दिनभित्रको समय दिएको थियो। प्रिमियम मूल्यमा आइपिओ निष्कासनका लागि अनुमति दिएको विषयमा समितिले छुट्टै धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालसहितलाई अध्ययन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिएको छ। बिमा कम्पनीहरूले बिमा ऐन २०७९ दफाको उपदफा (५)मा 'प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बिमकले सर्वसाधारणबाट सेयर खरिदका लागि दरखास्त आह्वान गर्दा सेयर अंकित मूल्यको शतप्रतिशत रकम माग गर्नुपर्नेछ।' ऐनमा व्यवस्था रहेको र बिमा कम्पनीले कम्पनी स्थापना गर्दा नै ३० प्रतिशत प्रतिसेयर सर्वसाधारणका लागि संरक्षित गरेको कारण अंकित मूल्यभन्दा बढीमा सेयर जारी गर्न अनुमति दिनु बिमा ऐनविपरीत र सर्वसाधारण लगानीकर्ताको हितविपरीत रहेको औंल्याएको थियो।

प्राधिकरणको निर्देशन पाएका सेयर निष्कासित कम्पनीहरूले समितिको निर्देशन व्यावहारिक नभएको बताउँदै आएका छन्। सिटिजन लाइफ इन्स्योरेन्सका कार्यकारी अधिकृत (सिइओ) पोषक पौडेलले बताए। उनले भने, 'प्राधिकरणले जगेडा कोषमा राख्नु भनिएको छ, यसै पनि प्रिमियमबापतको रकम कोषमै राख्ने हो, यसमा समस्या भएन, तर समितिले जुन कुरा औंल्याएको छ त्यो व्यावहारिक पाटोबाट हेर्दा ठीक देखिन्न।'

लेखा समितिको निर्देशनसँगै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस विषयमा अध्ययनसमेत थालिसकेको छ। तीन वर्षदेखि जम्मा नौवटा कम्पनीले प्रिमियममा सेयर निष्कासन गरेका छन्। जसमा पाँचवटा बिमा कम्पनी र चारवटा अन्य कम्पनी छन्। बिमा कम्पनीका पाँचमध्ये चारवटा कम्पनीको सेयर मूल्य नेपाल स्टक एक्सचेन्ज-नेप्सेमा सूचीकृत भई कारोबारमा आएका छन् भने हिमालयन रिइन्स्योरेन्स कम्पनीको सेयर कारोबार हुने प्रक्रियामा छ।

वित्तीय संस्थाका प्रबन्धकहरूको सम्पत्ति छानबिन गर्न माग

लहान/ साना उद्यमी, व्यवसायीहरूले बैंक, वित्तीय संस्थाहरूका प्रबन्धकहरूले ऋणीहरूको धितो लिलामी प्रक्रियामा भ्रष्टाचार गरेका आरोप लगाउँदै उनीहरूको सम्पत्ति छानबिनको माग गरेका छन्। बैंक, वित्तीय संस्था कर्जापीडित संघर्ष समिति सिराहाले बुधबार लहानमा पत्रकार सम्मेलन गर्दै वित्तीय संस्थाले गर्ने भ्रष्टाचार बन्द गरी प्रबन्धकहरूको सम्पत्ति छानबिन गरिनुपर्ने, धितो लिलामी प्रक्रियामा स्थानीय सरकारको सिफारिस वा प्रतिनिधित्व बन्द गरिनुपर्ने, वित्तीय संस्थाको शोषणका कारण आत्महत्या गर्न बाध्य साना उद्यमी, श्रमजीवी किसान र विपन्न व्यवसायीको परिवारलाई क्षतिपूर्ति दिनुपर्नेलगायतका माग राखेका छन्।

आर्थिक मन्दीले व्यापार-व्यवसाय ठप्प रहेका वेला ऋण लिएको समयभन्दा झन्डै दोब्बर ब्याजसहित साँबा असुलीका लागि दबाब दिएर आतंक सिर्जना गरेका संघर्ष समितिका अध्यक्ष खड्कनारायण चौधरीले बताए। उनले भने 'ऋण लगानी वेलाको भन्दा दोब्बर बढी ब्याज, हर्जाना, विभिन्न शीर्षकको शुल्क देखाउँदै ब्रह्मलुट गरिरहेका बैंक तथा वित्तीय संस्था गाउँघरका भन्दा कैयौं गुणा ठूला मिटरब्याजी हुन्।' नियामक निकाय नेपाल राष्ट्र बैंकको मौनताको आडमा साना व्यवसायी, व्यापारीमाथि बैंकले लुट मच्चाइरहेको उनको आरोप छ। बैंक तथा वित्तीय संस्थाहरूको यस्तै रबैया कायम रहे जस्तोसुकै प्रतिकारमा उत्रिन सक्ने चेतावनी दिए।

२० वर्षे किस्ताबन्दी, पाँचवर्षे नवीकरण

संघर्ष समितिले ऋणीहरूसँग विभिन्न बहानामा असुलेको बढी ब्याज, हर्जाना फिर्ता, ब्याजको भाका नाघिसकेकालाई कर चुक्ताका आधारमा थप समय दिई २० वर्ष किस्ताबन्दीको व्यवस्था गरिनुपर्ने माग गरेको छ। त्यस्तै, कर्जाको वार्षिक नवीकरण बन्द गरी पाँचवर्षे व्यवस्था, धितो लिलामी प्रक्रिया बन्द गरिनुपर्ने, वित्तीय संस्थाहरूले ऋणीहरूमाथि गरिरहेको अराजक व्यवहार बन्द गरिनुपर्ने समितिले माग गरेको छ।

HPL हिमाल पावर लिमिटेड
Himal Power Limited

NOTICE
of 30th Annual General Meeting of the shareholders of
HIMAL POWER LIMITED

All the shareholders of Himal Power Limited (Company) are hereby informed that the 30th Annual General Meeting (AGM) of the Company shall be held at 15:00hrs on 29th January 2024 (15th Magh 2080) at HPL Corporate Office, Jhamsikhel, Kathmandu, Nepal, and the agenda for the meeting shall be as follows:

1. Validation of Quorum
2. Nomination of Chairperson
3. Adoption of the Agenda
4. Approve the Board of Directors' 30th Annual Report
5. Approve the Company's Audited Financial Statements for the Fiscal Year 2079/80 (2022/23)
6. Appointment of Auditor for HPL for the Fiscal Year 2080/81 (2023/2024) and fixing their remuneration.
8. Any Other Business

By the Order of Board
Company Secretary

Note:
The corporate shareholders are requested to send a formal letter to HPL stating its representative for the meeting well in advance.

'हाई अल्टिच्युड' प्याराग्लाइडिङ स्कुल सञ्चालन

लमजुङ/ लमजुङमा 'हाई अल्टिच्युड'को प्याराग्लाइडिङ स्कुल सञ्चालनमा आएको छ। लमजुङको दोर्दी गाउँपालिका- ८ थौंतीमा द बाबु एडभेन्चर प्याराग्लाइडिङ कम्पनीले उक्त विद्यालय सञ्चालनमा ल्याएको हो। नागरिक उड्डयन प्राधिकरणको स्वीकृति र दोर्दी गाउँपालिकासँगको सहकार्यमा विद्यालय सञ्चालन गरिएको हो।

तीन हजार नौ सय मिटर उचाइमा रहेको उक्त विद्यालयमा उच्च हिमाली हावापानीमा कसरी प्याराग्लाइडिङमा उड्ने, कसरी उडाउन सीप सिकाइने कम्पनीका सञ्चालक सानोबाबु सुनुवारले बताए। विद्यालय सञ्चालनले साहसिक प्याराग्लाइडिङ उडानमा दक्ष जनशक्तिको उत्पादन र विदेशी मुद्रा आर्जनमा समेत सहयोग पुग्ने उनको विश्वास छ।

प्याराग्लाइडिङ विद्यालय सञ्चालन गर्न आवश्यक पूर्वाधारका लागि दोर्दी गाउँपालिकाले सहयोग गरेको गाउँपालिकाका अध्यक्ष युवराज अधिकारीले बताए। गाउँपालिकामा रहेको भेडीगोठसहितका अन्य पर्यटकीय गन्तव्यको प्रवर्द्धनका लागि पनि प्याराग्लाइडिङ विद्यालय महत्त्वपूर्ण हुने उनको भनाइ छ। पालिकामा प्याराग्लाइडिङ विद्यालय स्थानीयका लागि समेत नयाँ अवसर र रोजगारी प्राप्त हुने अध्यक्ष अधिकारीले बताए। बाबु एडभेन्चर प्याराग्लाइडिङ कम्पनीले नौ वर्षदेखि स्याङ्जाको भिरकोट नगरपालिका- ५ स्वरेक मैदानमा प्याराग्लाइडिङ विद्यालय सञ्चालन गर्दै आएको छ।

म्याद तामेल नहुँदा एनसेलको मुद्दा लम्बियो

सार्वजनिक सूचना जारी गर्दा पनि सम्पर्कमा आएन आजियाटा र स्पेक्ट्रलाइट युके

नयाँ पत्रिका

सेयर किन्ने र बेच्नेको ठेगाना पत्ता नलाग्दा उच्च अदालत पाटनमा एनसेलको सेयर खरिद-बिक्रीविरुद्धको मुद्दा लम्बिएको छ। अदालतले एनसेल खरिद-बिक्रीसम्बन्धी रिटमा आजियाटा र स्पेक्ट्रलाइट युकेलाई समेत छलफलका लागि बोलाउने आदेश दिएको थियो। तर, म्याद तामेल गर्न ठेगाना भेट्नै नसकेपछि यो मुद्दा लम्बिएको हो। न्यायाधीश सुदर्शनदेव भट्ट र नारायणप्रसाद रेग्मीको संयुक्त इजलासले दुवै पक्षलाई २५ पुसका लागि छलफलका लागि बोलाएको छ।

गत २ पुसमा अदालतले आजियाटा र स्पेक्ट्रलाइट युकेको नाममा राष्ट्रिय दैनिक अखबारमा सूचना जारी गर्न आदेश दिएको थियो। जसअनुसार दुई कम्पनीको नाममा 'द राइजिङ नेपाल'मा १५ दिनभित्र लिखित जवाफ पेस गर्न सार्वजनिक सूचना आह्वान गरिएको थियो। तर, कम्पनीहरूको जानकारी यकिन नभएकाले सुनुवाइ हुन नसकेको अदालतको आदेशमा उल्लेख छ।

आजियाटाको वेबसाइटमा उल्लेखित इमेल ठेगानामा पत्राचार गर्ने स्पेक्ट्रलाइट युकेको नाममा पुनः अखबारमा सूचना जारी गर्न अदालतले आदेश दिएको छ। त्यस्तै, अन्तरिम आदेश छलफलका लागि आगामी २५ पुसमा दुवै पक्षलाई अदालतमा बोलाएको उल्लेख छ। गत २१ मंसिरमा अदालतले छलफलको टुंगो नलागेसम्म एनसेल खरिद-बिक्री दर्ता नगर्न कम्पनी रजिस्ट्रारको कार्यालयलाई अन्तरिम आदेश दिएको थियो। म्याद तामेल हुन सक्दा एनसेलको मुद्दा थप लम्बिने देखिएको हो।



आजियाटा ग्रुप बर्हादले एनसेलमा रहेको आफ्नो ८० प्रतिशत हिस्सा (सम्पूर्ण सेयर) बेलायतको कम्पनी स्पेक्ट्रलाइट युके लिमिटेडलाई बिक्री गर्ने विषय सार्वजनिक भएपछि यो विवादमा परेको छ। आजियाटाले वक्तव्य जारी गर्दै स्पेक्ट्रलाइटसँग एनसेलको सेयर 'खरिद-बिक्री सम्झौता' भइसकेको सार्वजनिक गरिसकेको छ। तर, नियामक निकायले यस सम्बन्धमा जानकारी नभएको उल्लेख गरेपछि यो विषय थप विवादमा परेको हो।

आजियाटा समूहले एनसेलमा रहेको आफ्नो सेयर हिस्सा पाँच करोड अमेरिकी डलर अर्थात् ६ अर्ब ६६ करोड नेपाली रुपैयाँमा बिक्री गरेको बताएको छ। सन् २०१६ मा एक अर्ब ३६ करोड ५१ लाख डलर (तत्कालीन समयको विनिमय दरअनुसार करिब एक खर्ब ४३ अर्ब रुपैयाँ)मा टेलियासोनेरासँग ८० प्रतिशत सेयर खरिद गरेर आजियाटा एनसेलमा भित्रिएको थियो।

आजियाटाले खरिद गरेको मूल्यको अत्यन्तै कम मूल्यमा एनसेलको स्वामित्व बिक्री गर्दै बाहिरिएको सूचना बाहिर आएपछि यस विषयमा सरकारले उच्चस्तरीय समिति बनाएर छानबिनसमेत गरिरहेको छ। सन् २०१६ मा आजियाटाले स्विडिस टेलिकम कम्पनी टेलियासोनेरासँग एनसेलको स्वामित्व रहेको रेनोल्ड होल्डिङ खरिद गरेको थियो। आजियाटाले टेलियासोनेराबाट एनसेल खरिद प्रक्रिया सफलतापूर्वक सम्पन्न गरेर नेपाली दूरसञ्चार बजारमा प्रवेश गरेको जनाएको थियो।

रक्षण बचत तथा ऋण सहकारी संस्था लि.
बसुन्धरा-३, काठमाडौं, फोन: ०१-५९०६१५७/५९०६१५८

चौधौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८०/०९/१९ गते

यस रक्षण बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको चौधौं बार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्यहरुलाई उक्त साधारण सभामा उपस्थिति हुनको लागि हार्दिक अनुरोध गरिन्छ।

साधारण सभा बस्ने मिति, स्थान र समयः

मितिः २०८० साल पौष २७ गते, शुक्रबार

स्थानः फार्म टु टेबल, अर्गानीक हाउस, पासिकोट ४ बूढानिलकण्ठ, काठमाडौं

समयः बिहान ९:०० बजे देखि २ :०० बजे सम्म

छलफलका विषयहरूः

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तात गर्ने आ.व. २०७९/०८० को वार्षिक प्रतिबेदन माथि छलफल गरी पारित गर्ने।
२. लेखा समितिको वार्षिक प्रतिबेदन माथि छलफल गरी साधारण सभाबाट पारित गर्ने।
३. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिबेदन माथि छलफल गरी पारित गर्ने।
४. चालु आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा छलफल गरी पारित गर्ने।
५. चालु आ. ब. २०८०/०८१ को लागि अनुमानित नीति तथा कार्यक्रम, बजेट माथि छलफल गरी पारित गर्ने।
६. चौधौं बार्षिक साधारण सभामा भएका निर्णयहरु प्रमाणित गर्नको लागि सञ्चालकको तर्फबाट र शेयर सदस्यको तर्फबाट १/१ जना प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
७. विविध।

राम बहादुर श्रेष्ठ
सचिव
संञ्चालक समितिको आज्ञाले

कुमारी बैंक लिमिटेड शाखा कार्यालय मेलम्चीको धितोमा रहेको सम्पति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०९/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मेलम्चीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० माघ ०५ गते शुक्रबार**का दिन शाखा कार्यालय मेलम्चीमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

इरमान लामाको नाती, विरे तामाङको छोरा, सिन्धुपाल्चोक जिल्ला मेलम्ची गा.वि.स. वडा नं.०४ स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला मेलम्ची न. पा. वडा नं.११ बस्ने **बिजय तामाङ** (ना.प्र.प.नं. २४३०६६/७४, जारी मिति २०७०/०२/२०, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. केवाङ लामाको नाती, इरमान लामाको छोरा सिन्धुपाल्चोक जिल्ला मेलम्ची गा.वि.स. वडा नं.०४ स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं.११ बस्ने **विरे तामाङ** (ना.प्र.प.नं.२९१५ ६-७१७३, जारी मिति २०४५/०२/०९, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।
२. रमन तामाङको नातीनी, कुमार तामाङको छोरी सिन्धुपाल्चोक जिल्ला दुवाचौर गा.वि.स. वडा नं.०९ स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं.११ बस्ने **सरिता तामाङ** (ना.प्र.प.नं. २४-०१-७३-०४८६३, जारी मिति २०७३/०६/०४, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।
३. सुपान सिं तामाङको नातीनी, सन तामाङको छोरी सिन्धुपाल्चोक जिल्ला दुवाचौर गा.वि.स. वडा नं.०४ स्थायी ठेगाना भई हाल सिन्धुपाल्चोक जिल्ला मेलम्ची न.पा. वडा नं.११ बस्ने **मिन्दो तामाङ** (ना.प्र.प.नं. २९३२/६-७२३१, जारी मिति २०४५/०२/०९, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

धितो सुरक्षणको विवरण:

१. **विरे तामाङ**को नाममा मालपोत कार्यालय चौतारामा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला मेलम्ची गा.वि.स. वडा नं. ०४ स्थित कित्ता नं. ७४, १०९ र ४० को क्रमश: क्षेत्रफल ०-१३-२-३, ६-११-३-० र १-११-०-१ (रो-आ-पै-दा) को जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० माघ ०४ गते** भित्र बैंकको शाखा कार्यालय मेलम्चीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय मेलम्चीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० माघ ०५ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा कार्यालय मेलम्चीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखिल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय मेलम्चीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अर्न्तगत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ ०५ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय मेलम्ची फोन नं. ०११-४०१०८७/९७

नेपाल उड, फर्निचर तथा होम डेकोर प्रदर्शनी हुने

नयाँ पत्रिका

शुक्रबारदेखि काठमाडौंको भृकुटीमण्डपमा नेपाल उड, फर्निचर तथा होम डेकोर अन्तर्राष्ट्रिय प्रदर्शनी २०८० आयोजना हुने भएको छ। मिडिया स्पेस सोलुसन्स प्रालि र फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्स प्रालिले संयुक्त रूपमा फर्निचर, प्लाइउड, लेमिनेट, हार्डवेयर, काष्ठसम्बन्धी मेसिनरी तथा औजार, फर्निसिङ, म्याट्रेस, कच्चा पदार्थ तथा उत्पादनसम्बन्धी अन्तर्राष्ट्रिय प्रदर्शनी आयोजना गर्न लागेको हो।

यसअघि आठपटक यो प्रदर्शनी भइसकेको र यो नवौं संस्करण २२ पुसमा सकिने आयोजकको भनाइ छ। प्रदर्शनीमा स्वदेशी तथा विदेशी ख्यातिप्राप्त ब्रान्डका एक सयभन्दा बढी स्टल रहने जनाइएको छ। फर्निचर, प्लाइउड तथा काठ औजारका कम्पनी, लेमिनेट, विभिन्न कम्पनीका डिलर, सबडिलर र विक्रेताले काठ व्यवसायसँग सम्बन्धित उत्पादनका बारेमा जानकारी गराउने र यस क्षेत्रमा आउने नयाँ-नया प्रविधिका बारेमा जानकारी गराउनका लागि प्रदर्शनी कोसेढुंगा साबित हुँदै आएको कम्पनीको दाबी छ। प्रदर्शनीमा फर्निचर, प्लाइउड, लेमिनेट, हार्डवेयर, काष्ठसम्बन्धी मेसिनरी तथा औजार, फर्निसिङ, म्याट्रेस, कच्चा पदार्थ तथा उत्पादनको उल्लेखनीय सहभागिता रहने जनाइएको छ।

प्रदर्शनीलाई आयोजकले संसारभरका ख्यातिप्राप्त कम्पनी तथा ब्रान्डले प्रयोग गरेका वस्तु तथा प्रविधिलाई स्वदेशी उद्योगमा प्रयोग गराउने पहलका रूपमा लिएको बताएका छन्। यस प्रदर्शनीले सानादेखि ठूला उद्योगसम्मलाई आफ्नो प्रयोग भइरहेका मेसिनलाई उन्नयन गर्दै अझ बढी प्रभावकारी बनाउन मद्दत गर्ने आयोजकको दाबी छ।

प्रदर्शनीको सहयोगी संस्थाको भूमिकामा सोसाइटी अफ नेपलिज आर्किटेक्ट, इन्टेरियर डिजाइनर एसोसिएसन नेपाल, सामुदायिक वन उपभोक्त महासंघ, नेपाल वन पैदावार उद्योग व्यवसायी महासंघ तथा नेपाल प्लाइउड उत्पादक संघ रहेको उल्लेख छ।

भावपूर्ण श्रद्धाञ्जली



जन्म
बि.सं. १९२३/०७/०७

स्वर्गारोहण
बि.सं. २०८०/०२/०७

स्व. केशरी प्रधान

यस संस्थाका कार्यकारी प्रबन्धक
श्री पारस नरसिंह प्रधानज्यूका ममतामयी माता

केशरी प्रधानको

स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारप्रति परमात्माले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनी कामना गर्दछौं।

गुडविल फाइनान्स परिवार

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

ग्लोबल आइएमईले गच्यो २५३ कर्मचारीलाई सम्मान



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले स्थापनाको १७औं वार्षिकोत्सवको अवसर पारेर बैंकमा १५ वर्ष सेवा पूरा गरेका २५३ कर्मचारीलाई सम्मान गरेको छ। बैंकले आयोजना गरेको विशेष कार्यक्रममा ग्लोबल आइएमईका अध्यक्षसमेत रहेका नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले कर्मचारीहरूलाई सम्मान गरेका हुन्।

अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले मर्जर र व्यवसाय विस्तारसँगै बैंकको गुणस्तर वृद्धिलाई ध्यानमा राख्दै ग्राहकको सेवा तथा सन्तुष्टिलाई प्राथमिकतामा राखेर बैंकको सेवालाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउने बताए। बैंक स्थापनाको १७ वर्षमा आफूलाई अधिकांश वित्तीय सूचकमा अब्बल बनाउन सफल रहेको उनको दाबी थियो। कर्मचारीको अथक मिहिनेत र लगनशीलताका कारण बैंक अहिलेको अवस्थासम्म आइपुगेको अध्यक्ष ढकालले बताए।

बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले बैंकले आफ्नो सेवालाई नवीनतम तथा ग्राहकमैत्री बनाउँदै अहिलेको डिजिटल युगमा समयसापेक्ष सेवा दिने गरी लक्ष्य निर्धारण गरेर अगाडि बढेको बताए। बैंकका वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले बैंकले आगामी वर्षहरूमा ग्राहकको सेवा र सन्तुष्टिलाई ध्यानमा राख्दै अझ गुणस्तरीय बैंकिङ सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

दुलेगौंडामा एसबिआई बैंकको शाखा

काठमाडौं/ नेपाल एसबिआई बैंकले तनहुँको दुलेगौंडामा शाखा सञ्चालनमा ल्याएको छ। बैंकले ९७औं शाखाका रूपमा दुलेगौंडा शाखा सञ्चालनमा ल्याएको हो।

नयाँ शाखासहित बैंकले ग्राहकलाई सेवा दिने यस्ता इकाइ थप गर्दै लैजाने योजना रहेको बैंकको भनाइ छ। हाल यस बैंकले देशभरमा ९७ शाखा, २२ एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय, एक कर्पोरेट अफिस तथा एक सय २१ एटिएममार्फत सेवा दिँदै आएको जनाएको छ।

मुक्तिनाथ क्यापिटलले दियो अपोलो हाइड्रोपावरको सेयर निष्कासन प्रत्याभूति



काठमाडौं/ अपोलो हाइड्रोपावरले सर्वसाधारणमा निष्कासन गर्ने १४ लाख १० हजार कित्ता साधारण सेयर प्रत्याभूति व्यवस्थापनको कार्य गर्न मुक्तिनाथ क्यापिटले सम्झौता गरेको छ। सम्झौतामा कम्पनीका कार्यकारी अध्यक्ष आङ तेन्जी शेर्पा र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कवीन्द्रध्वज जोशीले हस्ताक्षर गरेका हुन्।

कम्पनीले निर्माण गरिरहेको बुकु खोला जलविद्युत् आयोजना ओखलढुंगा जिल्लाको खिजिदेम्बा गाउँपालिका, सोलुखुम्बु जिल्लाको लिखुपिके गाउँपालिका र रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका भई बग्ने बुकु खोलाको पानी उपयोग गरी ६ मेगावाट विद्युत् उत्पादन क्षमता रहेको जनाइएको छ।

कम्पनीले नेपाल विद्युत् प्राधिकरणसँग मिति ०७५ साल साउनमै विद्युत् खरिद सम्झौता गरी निर्माण सुरु गरेको आयोजनाको निर्माण ५५ प्रतिशत सम्पन्न भइसकेको जनाएको छ।

सातै प्रदेशमा आइएमईको रेमिट्यान्स साक्षरता

काठमाडौं/ रेमिट्यान्स सेवा प्रदायक कम्पनी आइएमईले सातै प्रदेशमा रेमिट्यान्स साक्षरतासम्बन्धी कार्यक्रम सम्पन्न गरेको छ। कम्पनीले मंसिरदेखि सञ्चालन गरेको रेमिट्यान्स साक्षरता कार्यक्रम सातै प्रदेशमा आयोजना गरेको हो।

कार्यक्रममा प्रत्येक प्रदेशअन्तर्गतका व्यावसायिक साझेदारको उत्साहपूर्वक उपस्थित रहेको जनाइएको छ। कार्यक्रममा सुरक्षित माध्यमबाट रेमिट्यान्स र यसको प्रयोग विषयमा केन्द्रित रहेर रेमिट्यान्समार्फत प्राप्त भएको रकम सुरक्षित रूपमा कसरी हस्तान्तरण गर्ने, रेमिट्यान्स गरी रकम पठाउने तथा प्राप्त गर्ने ग्राहकले विशेषगरी के कुरामा ध्यान पुऱ्याउने तथा रेमिट्यान्सको डिजिटल प्रगोगसम्बन्धी विषयमा रहेर प्रशिक्षण सम्पन्न गरिएको कम्पनीले जनाएको छ।

आइएमईले वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका सेवाग्राहीहरू तथा स्वदेशमै दुःख गरी कमाएको रकमको सुरक्षा होस् भन्ने उद्देश्यले कार्यक्रम गरेको जनाएको छ। हाल कम्पनीले देशभरमा दुई सय २५ आइएमई सेन्टरसहित ७७ जिल्लाका करिब १२ हजार सबएजेन्ट र बैंक तथा वित्तीय संस्थाका शाखामार्फत विदेशबाट आएको रेमिट्यान्स देशका विभिन्न भूगोलमा रहेका आफन्तको हातमा छिटो, छरितो, विश्वसनीय र सुरक्षित तवरबाट वितरण गर्दै आइरहेको दाबी गरेको छ।

महालक्ष्मी विकास बैंकका ग्राहकलाई अपोलो डाइग्नोस्टिकमा छुट

काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले स्वास्थ्य क्षेत्रका संस्थासँग समन्वय गरी अगाडि बढ्ने उद्देश्यका साथ काठमाडौंको धुम्बाराहीमा रहेको अपोलो डाइग्नोस्टिक सेन्टरसँग सम्झौता गरेको छ। बैंकले आफ्नो डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकलाई छुट दिलाउने उद्देश्यले अपोलोसँग सम्झौता गरेको हो।

सम्झौताअनुसार बैंकका ग्राहकले अपोलोको हेल्थ प्याकेजमा २५ प्रतिशत, रुटिन टेस्टमा २५ प्रतिशत र आउटसोर्स टेस्टमा १० प्रतिशत छुट पाउने जनाइएको छ। त्यस्तै, कोभिड- १९ आरटी-पिसिआर टेस्टमा एक हजार रुपैयाँ र कोभिडकै च्यापिड एन्टिजेज टेस्टमा सात सय ५० रुपैयाँ छुट पाउने उल्लेख छ।

यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले प्रत्यक्ष रूपमा लाभ लिन सक्ने बैंकले विश्वास व्यक्त गरेको छ।

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाँक बढाबढद्वारा लिलाम बिक्री गरिनेबारे दोस्रो पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति : २०८०।०९।१९ गते)

तपसिल बमोजिमका कर्जा ग्राहकहरूले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरूको बैंकलाई बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक-पटक मौखिक तथा लिखित रूपमा तर ताकेता, कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना २०७९।०७।२४ तथा २०७९।१०।१८ गते र धितो लिलाम बिक्री हुने बारेको ३५(पैंतीस) दिने सार्वजनिक सूचना मिति २०८०।०३।२८ मा प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित १५(पन्ध्र) दिनभित्र कर्जा चुक्ता नगरेमा बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा इच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरासमेत जानकारी गराइन्छ।

तपसिल

धितो लिलाम बिक्री हुने मिति : २०८० साल माघ महिना ५ गते, **सम्बन्धित कार्यालय** : शाखा कार्यालय तिनपैनी, विराटनगर, मोरङ्ग, **लिलाम हुने स्थान** : शाखा कार्यालय, विराटनगर, महेन्द्रचोक, मोरङ्ग।

ग्राहकको विवरण

१) **ग्राहकको नामः विश्वनाथ पराजुली**, ना.प्र.नं. १२२६९ **जारी मितिः** २०५१।०२।०६ **जारी भएको कार्यालयः** मोरङ, **बाबुको नामः** पर्शुराम पराजुली, **बाजे/ससुराको नामः** इन्द्रबिलास पराजुली, **पति/पत्नीको नामः** पर्वता सुवेदी

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
ओ.डी, सरल कृषि कर्जा/३१६५०५	विश्वनाथ पराजुली	मोरङ्ग	सिसबनी बडहरा	९ख	९८	१।५।०।०

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
पर्वता सुवेदी	बुढीगंगा ०६	०५३००४/२८८	मोरङ्ग/२०६३-१०-०७/जि.प्र.का. मोरङ्ग	विश्वनाथ पराजुली	पर्शुराम पराजुली
नारायण प्रसाद पराजुली	विराटनगर ०३	०५-०१-७१-३४३२९०	मोरङ्ग/२०७१-१२-०२/जि.प्र.का. मोरङ्ग	पर्शुराम पराजुली	ईन्द्रबिलास पराजुली

२) **ग्राहकको नामः** संगीता किराना पसल, **प्रोप्राईटरको नामः** संगीता कुमारी यादव **दर्ता भएको कार्यालयः** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, बिराटनगर, **फर्मको दर्ता नं.** ३६४२८/०७८/७९ **दर्ता मितिः** २०७८।०६।१२ पान नं. ६१६७१२८९०

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शीर्षक/कर्जा नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
व्यापार कर्जा /५०३१६३९	द्रोपतीदेवी यादव	मोरङ्ग	अ.ई.	४	१३३२	०।०।१६।३

प्रोप्राईटर/साझेदार/संचालकहरूको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
संगीता कुमारी यादव	विराटनगर ०४	०५-०१-७६-०५५५८	मोरङ्ग/२०७६-०३-११/जि.प्र.का. मोरङ्ग	शिवदत्त प्रसाद यादव	बिलेचन्द्र प्रसाद यादव

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय	पति/बाबु	बाजे/ससुरा
द्रोपतीदेवी यादव	विराटनगर ०४	१०८८	मोरङ्ग/२०४६-०३-०२/जि.प्र.का. मोरङ्ग	बिलेचन्द्र प्रसाद यादव	नन्दीलाल यादव
बिलेचन्द्र प्रसाद यादव	विराटनगर ०४	४५६५९	मोरङ्ग/२०३६-०२-०८/जि.प्र.का. मोरङ्ग	नन्दीलाल यादव	शन्ती यादव

शर्तहरू

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।
२) धितो लिलाम डाँक बढाबढमा ३ (तीन) जना भन्दा कम व्यक्ति/संस्थाहरूले भाग लिएमा पनि लिलाम बढाबढ कार्य हुनेछ।
३) धितो लिलाम डाँक बढाबढमा सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटीवापत् सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जम्मा भएको हुनुपर्नेछ।
४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको कम्तिमा ७(सात) दिनभित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकिएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।
५) लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन।
६) डाँक बढाबढको शुरुवात अंक उक्त चलअचल सम्पत्तिको मूल्याङ्कनबाट सुरूवात गरिनेछ।
७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नुपर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।
८) लिलाम सदर भएपश्चात् दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुरलगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
१०) अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.
कर्जा असुली तथा संकलन विभाग
मुख्य कार्यालय रामशाहपथ, काठमाडौं

राष्ट्रिय सभा...

पृष्ठ १ बाट क्रमशः

परिस्थितिमा केन्द्रित रहेर छलफल भएको छ ।

बिहीबार बिहान सत्तागठबन्धनको बैठक बोलाइएको छ । स्रोतका अनुसार एमाले अध्यक्ष ओलीसँग भएको छलफलबारे प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति देउवाले बैठकमा ब्रिफिङ गर्नेछन् ।

एमाले स्थायी समिति सदस्य तथा प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले एक्लै जाँदा चुनाव जित्ने स्थिति नरहेका कारण सहकार्यका लागि विभिन्न दलसँग औपचारिक र अनौपचारिक संवाद गर्ने नीतिअनुसार नै अध्यक्ष ओलीले छलफल गरिरहेको बताए । 'सिंगै सत्तागठबन्धनसँग मिलेर जाने स्थिति बन्छ कि बन्दैन बेग्लै कुरा हो, तर एक्लै परिणाम नआउने भएकाले गठबन्धनभित्रकै कुनै दलसँग मिलेर जाने परिस्थिति पनि हुन सक्छ, त्यस क्रममा विभिन्न दलसँग छलफल जारी नै छ,' उनले भने, 'छलफलकै क्रममा संक्रमणकालीन न्यायसम्बन्धी विधेयक टुंग्याएर जानुपर्ने विषय पनि छलफलमा आएको छ, तर संवाद के निष्कर्षमा पुग्छ अहिल्यै भनिहाल्ने स्थिति भने छैन ।'

माओवादी महासचिव देव गुरुङले एमालेलाई कसरी समेटेर लैजाने भन्नेमा छलफल भइरहेको बताए । यसबारे एमाले र गठबन्धनमा प्रारम्भिक छलफल मात्रै भएको उनको भनाइ छ । 'गठबन्धनमा छलफल चलिरहेको छ, बुधबार पनि हामीबीच छलफल भयो । एमालेले पनि मिलेर जान चाहेको छ । मिलेर जाने कुरामा हामी सकारात्मक नै छौं । छलफल सुरु भएको मात्रै हो, टुंगिएको छैन । गठबन्धनमा एमालेसँग के आधारमा, कसरी मिलेर जाने भन्ने विषयमा छलफल गरिरहेका छौं,' उनले भने । सिंगै सत्तागठबन्धनसँग कुरा नमिले चुनाव जित्न गठबन्धनभित्रको जुनसुकै दलसँग सम्भावित सहकार्यको पहल गर्ने एमाले रणनीति छ । खासगरी माओवादी र जनता समाजवादी पार्टीसँग उसले औपचारिक /अनौपचारिक संवाद चलाएको छ ।

'राष्ट्रिय सभा निर्वाचन जित्नका लागि एमाले एक्लैको मत पुग्दैन, त्यसैले प्रधानमन्त्रीसँग, विभिन्न राजनीतिक दलसँग औपचारिक/अनौपचारिक छलफल गरिरहेका छौं,' एमाले नेता गौतमले भने, 'त्यसैले चुनावबारे कुनै अमूक दलसँग छलफल स्वाभाविक छ, तर कुरा के हो प्रधानमन्त्रीका तर्फबाट पनि प्रस्टसँग आउन जरुरी छ ।' एमालेबाट निर्वाचित आठ सांसद रिक्त हुने भएकाले मिलेर चुनाव जित्ने नीतिलाई एमालेले प्राथमिकतामा राखेको छ ।

ओलीले बोलाए प्रदेश पदाधिकारीको छलफल, शुक्रबार सचिवालय बैठक

अध्यक्ष ओलीले बिहीबार दिउँसो पार्टी प्रदेश कमिटीका पदाधिकारीलाई छलफलका लागि पार्टी केन्द्रीय कार्यालयमा बोलाएका छन् । प्रदेशहरूमा पार्टी संगठन निर्माण, जिल्ला अधिवेशन, रिपोर्टिङ र निर्देशनका लागि अध्यक्षले प्रदेश पदाधिकारीहरूलाई छलफलका लागि बोलाएको गौतमले बताए । त्यस्तै, एमालेले शुक्रबार राष्ट्रिय सभा निर्वाचनका उम्मेदवारबारे छलफलका लागि केन्द्रीय सचिवालयको बैठक पनि बोलाएको छ ।

२१ फागुनमा ६ वर्षे पदावधि सकिने २० सांसद

संविधानको धारा ८६(३) बमोजिम राष्ट्रिय सभाका एकतिहाइ सदस्यहरूको पदावधि २१ फागुनदेखि समाप्त हुँदै छ । कार्यकाल सकिन लागेका २० सांसदहरू ०७४ मा निर्वाचित भई गोलाप्रथाबाट ६ वर्षे पदावधि प्राप्त गरेकाहरू हुन् । जसमा एमालेबाट निर्वाचित सबैभन्दा धेरै छन् । एमालेबाट राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनासहित आठ सांसदको पदावधि सकिँदै छ । जसमा प्रमुख सचेतक भैरवसुन्दर श्रेष्ठ, राष्ट्रिय सरोकार तथा समन्वय समिति सभापति दिलकुमारी रावल थापा, इन्दु कडरिया, कुमार दसौंदी, दीपा गुरुङ, नरपति लुहार र रामचन्द्र राई छन् ।

त्यस्तै, कांग्रेसबाट संसदीय दलका नेता रमेशजंग रायमाझी, प्रमुख सचेतक अनिता देवकोटा, दिगो विकास तथा सुशासन समिति सभापति प्रकाश पन्थ र जितेन्द्रनारायण देवको कार्यकाल सकिँदै छ । माओवादीबाट विना पोखरेल, महेशकुमार महरा र हरिराम चौधरीको पद रिक्त हुँदै छ भने एकीकृत समाजवादीबाट भौतिक योजना राज्यमन्त्री नन्दा चपाईं र सिंहबहादुर विश्वकर्माको ठाउँ खाली हुँदै छ । जसपाबाट शिक्षा राज्यमन्त्री प्रमिलाकुमारी यादव छिन् । राष्ट्रपतिबाट मनोनीत विमला राई पौड्याल र स्वतन्त्र खिमलाल देवकोटा पनि कार्यकाल सकेर बिदा हुनेछन् । कार्यकाल सकिनेमा बागमतीका चार, गण्डकी, कर्णाली र सुदूरपश्चिमका तीन-तीन तथा कोशी, मधेश र लुम्बिनीमा दुई-दुई सिट छन् ।

सिट बाँडफाँटमा...

पृष्ठ १ बाट क्रमशः

तयारी थियो । तर, शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गरेर जान एमालेसमेतलाई समेटेर लान आवश्यक रहेको भन्दै प्रधानमन्त्री प्रचण्डले छलफल थालेपछि सिट बाँडफाँटमा एमालेको प्रस्ताव पर्खिने अवस्था बनेको छ ।

१४ पुसमा कांग्रेसले राष्ट्रिय सभामा गठबन्धन गर्ने औपचारिक निर्णय लिएपछि मंगलबारबाट गठबन्धन दलमा छलफल सुरु भएको थियो । कांग्रेस मुख्य सचेतक रमेश लेखकले भने राष्ट्रिय सभा र समसामयिक विषयमा छलफल भएको गठबन्धन दलमा सिट बाँडफाँटबारे छलफल भएको बताए । 'गठबन्धन दलबीच राष्ट्रिय सभामा कसरी जाने भन्ने छलफल भएको हो । एमालेसँग समसामयिक विषयमा छलफल भएको हो । दलहरूका बैठकमा विभिन्न कोणबाट छलफल हुने नै भयो,' उनले भने ।

कांग्रेस र माओवादीबीच गठबन्धन दलबीच छलफल अगाडि बढाउने विषयमा मंगलबार नै छलफल भएको थियो । मंगलबारकै निर्णयअनुसार बुधबार सत्तारूढ गठबन्धन दलबीच छलफल भएको थियो ।

गठबन्धन बैठकमा परराष्ट्रमन्त्री एनपी साउदको निमन्त्रणामा बिहीबार नेपाल आउन लागेका भारतीय परराष्ट्रमन्त्री एस जयशंकरको भ्रमणका विषयमा समेत छलफल भएको थियो । प्रधानमन्त्री प्रचण्डले यसको तयारीबारे बैठकमा जानकारी गराएका थिए । 'भारतसँग भएका पञ्चेश्वर, महाकालीलगायत सन्धिका विषयमा के-कसरी राष्ट्रहितअनुकूल हुने गरी प्रस्तुत हुने भन्नेबारे छलफल भयो । प्रधानमन्त्रीज्यूले तयारीबारे ब्रिफिङ गर्नुभयो,' पाण्डेले भने । राष्ट्रिय सभामा अध्यक्षसहित एमालेका आठ, कांग्रेसका चार, माओवादीका तीन, एकीकृत समाजवादीका दुई, जसपाका एक र स्वतन्त्र दुई गरी २० सांसदको कार्यकाल २१ फागुनमा सकिँदै छ ।

मधेशमा मन्त्री...

पृष्ठ १ बाट क्रमशः

विनाविभागीयमन्त्री रहेकी जसपाकी साहलाई मुख्यमन्त्री यादवले व्यवस्थापन गर्न जनमत पार्टीका संसदीय दलका नेता महेशप्रसाद यादवले सम्हालेको शिक्षा मन्त्रालय टुक्र्याएका थिए ।

मन्त्रालय टुक्र्याएलगत्तै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले दुवै मन्त्रालयको कार्य विभाजन पनि पठायो । तर, मन्त्रालय टुक्र्याएको झन्डै चार महिना हुन लाग्दा पनि अहिलेसम्म मन्त्रालयको खातासमेत खुल्न सकेको छैन । न दरबन्दीअनुसार कर्मचारी नै छन् । खेलकुद मन्त्रालयका सचिव चूडामणि फुँयालका अनुसार कार्पेट, कुर्सी, टेबुल, फर्निचर, पर्दालगायत व्यवस्थापन पनि उधारोमा गरिएको छ । मन्त्रालयको आफ्नै खाता सञ्चालन नभएको र बजेट चलाउने पिएलएमबिएस कोड पनि अर्थ मन्त्रालय र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयबाट उपलब्ध हुन नसकेको उनले बताए ।

सचिव फुँयालले भने, 'कर्मचारीका समस्या त सबै मन्त्रालयका छन्, तर यहाँ त अहिलेसम्म एक सुको बजेट पनि छैन । बजेट आएपछि त्यसैअनुसार काम अगाडि बढाइन्छ । अहिले भएका कर्मचारीलाई पनि कुनै काम छैन । बजेट कार्यान्वयनका वेलामा हामी सामाजिक विकास इकाइको निर्देशिका बनाइरहेका छौं,' सचिव फुँयालले भने, 'तर बजेट कहिले आउने अहिलेसम्म ठेगान छैन, फेरि ढिलो गरी आए कार्यान्वयन कसरी हुन्छ ?'

अर्का एक कर्मचारीका अनुसार महिला बालबालिका तथा समाज कल्याणको क्षेत्रमा दातृनिकायबाट हुने काम पनि प्रभावित भएको छ । 'चालू आर्थिक वर्षको ६ महिना पुग्न लाग्यो । यस्तै, अन्योल रह्यो भने खेलकुद मन्त्रालयको धेरै कार्यक्रम नै गर्न नसकेर बजेट नै फ्रिज हुन सक्छ,' ती कर्मचारीले भने, 'दुक्र्याएर बनाइएका दुई मन्त्रालयमा दुई पार्टीका मन्त्री छन् जसले राजनीतिक द्वन्द्व पनि देखिएको छ । यस विषयमा मुख्यमन्त्रीले पहल गर्नु आवश्यक छ ।'

खेलकुद तथा समाज कल्याण मन्त्रालयमा आउनुपर्ने खेलकुद र महिला बालबालिका तथा समाज कल्याण महाशाखाका केही कर्मचारी अझै पनि शिक्षा तथा संस्कृति मन्त्रालयमै रहेका छन् । स्रोतका अनुसार शिक्षा तथा संस्कृतिमन्त्री महेशप्रसाद यादवले ती कर्मचारीको रमाना नदिन सचिव लक्ष्मी भट्टराईलाई दबाब दिइरहेका छन् ।

मुख्यमन्त्री यादवले मन्त्रालय टुक्र्याएदेखि मन्त्री यादव असन्तुष्ट छन् । त्यही असन्तुष्टिका कारण मन्त्री यादवले अहिलेसम्म खेलकुद तथा समाज कल्याण मन्त्रालयको भागमा परेका योजना तथा कार्यक्रमहरू हस्तान्तरण गर्न ढिलाइ गरि रहेको स्रोतले बतायो । खेलकुद तथा महिला बालबालिका, युवा तथा समाज कल्याणतर्फको बजेट पनि अर्थ मन्त्रालयले अहिलेसम्म सम्बन्धित मन्त्रालयमा पठाएको छैन ।

यता, शिक्षा तथा संस्कृति मन्त्रालयका सचिव लक्ष्मीप्रसाद भट्टराई मन्त्रालय विभाजन र कार्यक्षेत्र विवादका कारण समस्या भएको बताउँछन् । उनले मन्त्रालयहरूको कार्य विभाजन तथा कार्यक्षेत्र राजनीतिक मुद्दा भएकाले त्यसमा आफूले केही भन्न नसक्ने बताए । एक वर्षअघि सामाजिक विकास मन्त्रालय टुक्र्याएर शिक्षा तथा समाज कल्याण मन्त्रालय बनाइएको थियो ।

यता, बजेटको लागि पटक-पटक ताकेता गर्दा केही दिनअघि अर्थ मन्त्रालयले मन्त्रालय व्यवस्थापनका लागि पहिलो चरणमा २ करोड रुपैयाँ विनियोजन गरे पनि आर्थिक कारोबार गर्ने कोड उपलब्ध नगराउँदा ती रकम पनि निकासा हुन नसकेको खेलकुदमन्त्री साहले बताइन् । 'तत्कालीन शिक्षा तथा समाज कल्याण मन्त्रालय टुक्र्याएर दुई नयाँ मन्त्रालय बनाइयो । यस्तो अवस्थामा आर्थिक कारोबार गर्न मन्त्रालयलाई नयाँ कोड चाहिन्छ,' खेलकुदमन्त्री साहले भनिन्, 'हामीले नयाँ कोड पाएका छैनौं । तर, शिक्षा तथा संस्कृति मन्त्रालयले भने नयाँ कोड नलिई तत्कालीन मन्त्रालय शिक्षा तथा समाज कल्याण मन्त्रालयको कोडले काम गरेर आर्थिक सुशासनको खिल्ली उडाइरहेको छ ।'

शिक्षा तथा संस्कृतिमन्त्री यादव भने खेलकुद मन्त्रालयले प्रक्रिया पूरा गरेर शाखा आफूमातहत लान सक्ने बताए । 'टिप्पणी उठाएर सम्बन्धित मन्त्रालयबाट पत्र आउनुपर्‍यो नि, हाम्रो यो-यो कुरा छ पठाइदिनुपर्‍यो भनेर । तर, अहिलेसम्म आएको छैन,' मन्त्री यादवले भने ।

मन्त्रालय विभाजन हुँदा कुन-कुन शाखा कता रहने भनेर मुख्यमन्त्रीले अहिलेसम्म निर्णय नदिएको उनको दाबी छ । 'मैले नेतृत्व गरेको मन्त्रालय टुक्र्याएको भनेर आफूलाई अहिलेसम्म आधिकारिक जानकारी अएको छैन । मन्त्रालय टुक्र्याउने विषयमा अहिलेसम्म प्रदेशको मन्त्रिपरिषद्मा कुनै छलफल वा निर्णय भएको छैन । मुख्यमन्त्रीजीले नै जबर्जस्ती मन्त्रालय टुक्र्याउने निर्णय गर्नुभयो ।' दुई मन्त्रालयबीच अधिकार क्षेत्रको विवाद हुनुको मुख्य कारण मन्त्रीका दलहरू जसपा र जनमतबीचको द्वन्द्व रहेको कर्मचारीहरूको भनाइ छ । राजनीतिक द्वन्द्वले नै यस्तो परिस्थिति आएकाले यसको समाधान मुख्यमन्त्रीले नै गर्नुपर्ने उनीहरू बताउँछन् । गत वर्ष मंसिरको प्रदेश सभा निर्वाचनमा स्वतन्त्र हैसियतमा जितेर जसपा प्रवेश गरेकी सुरितालाई मुख्यमन्त्री सरोज यादवले सामाजिक विकासमन्त्री बनाएका थिए । त्यसपछि कांग्रेसलाई सरकारमा सामेल गराउँदा मन्त्री साह विनाविभागीय बनेकी थिइन् ।

अधिकृत वारेसनामा बदर गरिएको सार्वजनिक सूचना

सुकु नारायण विन्दुकारको नाती सुकुराम विन्दुकारको छोरा का.जि. धर्मस्थली गा.वि.स. वडा नं ५ परिवर्तित तारकेश्वर न.पा. वडा नं. ६ बस्ने वर्ष ३२ को सुसिल विन्दुकार(ना.प्र.नं. २७१०३२/३४८७२ मिति २०६५/११/१८ जि.प्र.का. काठमाडौं) आगे मेरो नाउँमा मालपोत कार्यालय मनमैजु काठमाडौंमा दर्ता श्रेस्ता कायम रहेको मोही सुकु नारायण विन्दुकार जनिएको का.जि. धर्मस्थली वडा नं. ५(घ) कि.नं ९६ को क्षे.फ. १-६-०-० जग्गामध्ये मोहीको हकहिस्सा जति यथावत राखी म ज.ध.को हकहिस्सा जति मात्र मिति २०८०/०२/२३/३ मा काठमाडौं जिल्ला अदालतबाट चन्द्र मोहन श्रेष्ठको नाति कृष्ण मोहन श्रेष्ठको छोरा का.जि.का.म.न.पा. वडा नं २८ परिवर्तित ऐ ऐ वडा नं. २५ बस्ने वर्ष ५५ को ज्ञानेन्द्र मोहन श्रेष्ठ (ना.प्र.नं १४८२१/४११८ मिति २०४२/१२/१५ जि.प्र.का. काठमाडौं) लाई मुलुकी देवानी कार्यविधि (संहिता), २०७४ को दफा १५४ बमोजिम अधिकृत वारिसनामा गरि दिएकोमा उक्त कार्य म आफैले गर्ने भएकोले उक्त अधिकृत वारेसनामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५५(१) (ग) बमोजिम बदर गरेको यो सार्वजनिक सूचना प्रकाशित गरि दिएको छ ।

इरानी जनरल...

पृष्ठ १ बाट क्रमशः

एम्बुलेन्स र उद्धारकर्मी देखिन्छन् । इरानको तस्निम समाचार एजेन्सीले जानकार स्रोतहरूलाई उद्धृत गर्दै भनेको छ, 'बमले भरिएका दुई ब्यागमा विस्फोट भयो, यो घटनाका अपराधीले रिमोट कन्ट्रोलमार्फत बम विस्फोट गराएको देखिन्छ ।' आइएसएनए समाचार एजेन्सीले केरमानका मेयर सइद तबरिजीलाई उद्धृत गर्दै १० मिनेटको अन्तरालमा बम विस्फोट भएको जनाएको छ ।

सुलेमानी इरानको इस्लामिक रिभोल्युसनरी गार्डस् कोर्प्सको विदेशी शाखा 'कुद्स फोर्स'का प्रमुख थिए । उक्त शाखाले मध्यपूर्वमा सैन्य कारबाहीको निरीक्षण गर्थ्यो । जीवित रहँदै इरानका सर्वोच्च नेता आयतोल्लाह अली खोमेनीद्वारा 'जीवित सहिद' घोषणा गरिएका सुलेमानीले इराक र सिरियामा सक्रिय इस्लामिक स्टेट (आइएस) लाई हराउन महत्त्वपूर्ण भूमिका खेलेका थिए ।



तथापि, उनका गतिविधि अमेरिका र उसका सहयोगीको हितविरुद्ध हुने गरेकाले उनी ती पक्षबाट घातक शत्रुका रूपमा हेरिन्थे । सुलेमानी सिरिया, इराक र यमनमा इरानको राजनीतिक र सैन्य एजेन्डा सेट गर्दै यस क्षेत्रको सबैभन्दा महत्त्वपूर्ण शक्ति साझेदारका रूपमा हेरिन थालेका थिए ।

उनी सन् २०२० मा बग्दाद विमानस्थलको बाहिरी भागमा अमेरिकी ड्रोन हमलामा मारिएका थिए । त्यसवेला सुलेमानीको अन्त्येष्टिमा भाग लिन लाखौं मानिस केरमान पुगेका थिए ।

०७७ जेठसम्मकै...

पृष्ठ १ बाट क्रमशः

भएपछि प्रिमियम शुल्क लिन नपाइने दाबी गर्दै बक्यौता तिर्न अटेर गरिरहेका वेला आयोगले भने ०७७ जेठसम्म नै प्रिमियममा महसुल उठानुपर्ने निष्कर्ष सार्वजनिक गरेको छ ।

नयाँ महसुल निर्धारण नभएसम्म पूर्वनिर्धारित महसुल नै लागू हुने आयोगको ठहर छ । आयोगले ०७७ असारदेखि मात्रै डेडिकेटेड फिडर र ट्रंक लाइनको प्रिमियम महसुलदर खारेज गरेको थियो । त्यसमा गुनासो भएमा ग्राहकले १५ दिनभित्र आयोगमा पुनरावेदन दिन सक्ने व्यवस्था थियो । तर, कसैबाट पनि पुनरावेदनको माग नभएको हुनाले यसमा थप निर्णय गर्न आवश्यक नभएको आयोगको निष्कर्ष छ । अब प्राधिकरणले जेठ ०७७ सम्मै डेडिकेटेड फिडर र ट्रंक लाइनसरहको महसुल उठाउन पाउनेछ ।

६ घन्टा लोडसेडिङ हुँदा उद्योगलाई न्यूनतम २० घन्टा विद्युत् आपूर्ति दिएमा प्रिमियम शुल्क लिन पाउने सर्त छ । ३१ वैशाख ०७५ पछि पनि त्यो सर्त पूरा भएमा प्रिमियममा महसुल लिन पाइने आयोगका प्रवक्ता गोकर्णराज पन्थले बताए । तर, प्राधिकरणले प्रमाण भने देखाउनुपर्नेछ । 'यद्यपि, पहिला तोकिएको सर्त भने पूरा हुनुपर्छ । कुनै वेला अघोषित रूपमा लोडसेडिङ भएको हुन सक्छ,' उनले भने, 'सर्त पूरा नभए अदालत वा पुनरावेदन प्रक्रियाबाट यसलाई टुंगोमा पुऱ्याउनुपर्छ ।'

समग्रमा आयोगले उद्योगीबाट सबै अवधिको बक्यौता उठाउनुपर्ने धारणा सार्वजनिक गरेको छ । यसअघि अदालत, लेखा समिति, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, ऊर्जा मन्त्रालय तथा नेपाल विद्युत् प्राधिकरणमा गठित समितिहरूबाट बक्यौता उठाउने निर्णय तथा निर्देशन भइसकेको छ । त्यस अवस्थामा यसबारे आफ्नो अन्यथा धारणा नहुने आयोगको भनाइ छ । तोकिएको सर्त पूरा गरेर प्राधिकरणले उद्योगीहरूबाट प्रिमियममा महसुल उठाउन सक्ने बाटो आयोग खुला गरेको छ ।

आयोगका अध्यक्ष दिल्ली सिंहले यो निर्णयले डेडिकेटेड र ट्रंक लाइन महसुलसम्बन्धी विवाद निरूपणमा सहयोग पुग्ने बताए । 'हामीले आफ्नो अधिकार क्षेत्र प्रयोग गरेर अधिकतम निर्णय गरेका छौं । यसले यो विवाद निरूपण हुन ठूलो सहयोग पुग्ने अपेक्षा छ,' उनले बताए ।

बक्यौताबारे ०७२ साउनदेखि पुससम्म, ०७२ माघदेखि ०७५ वैशाखसम्म र ०७५ जेठदेखि ०७७ जेठसम्म गरेर तीन अवधि (चरण) को विवाद छ । प्राधिकरणले प्रिमियम शुल्कमा ०७२ साउनदेखि उद्योगहरूमा २४ घन्टासम्म बिजुली दिन सुरु गरे पनि महसुल दर भने ०७२ पुसमा मात्रै तत्कालीन महसुल निर्धारण आयोगबाट अनुमोदन भएको थियो । ०७५ वैशाखमा लोडसेडिङ अन्त्य भए पनि प्राधिकरणले महसुलदर खारेज नभएको भन्दै उद्योगीहरूलाई प्रिमियमसहितको बिल पठाएको थियो । आयोगले अनुमोदन गरेकोभन्दा अधि र लोडसेडिङ अन्त्य भएपछिको बक्यौता नतिर्ने उद्योगीहरूको अडान छ ।

बक्यौता महसुल नतिरेको भन्दै प्राधिकरणले ६ पुसबाट सम्बन्धित उद्योगमा लाइन काट्न सुरु गरेको छ । हालसम्म २३ वटा उद्योगको लाइन काटिएकोमा हिमाल आइरन एन्ड स्टिलले बक्यौता बुझाउन थालेपछि पुनः जडान गरिएको छ । लाइन काटिएका अन्य उद्योग सम्पर्कमा आएका छैनन् ।

०७२ साउनदेखि पुससम्मको पनि असुल्नुपर्ने

आयोगले पहिलो अवधि अर्थात् ०७२ साउनदेखि पुससम्मको महसुल पनि उठाउनुपर्ने धारणा राखेको छ । यस अवधिको विषयमा आयोगमा कुनै उजुरी नपरेको हुनाले थप निर्णय गर्न नपर्ने आयोगको भनाइ छ । यद्यपि, अदालतमा मुद्दा विचाराधीन रहेका उद्योगको हकमा भने आयोगले कुनै निष्कर्ष निकालेको छैन । पछि अदालतबाट आउने फैसलाकै आधारमा आवश्यक निर्णय गर्नुपर्न आयोगका प्रवक्ता पन्थले बताए । अन्य उद्योगबाट भने प्रिमियममा महसुल उठाउन सकिने उनको भनाइ छ ।

स्वीकृत नभए पनि प्रिमियम शुल्क

प्राधिकरणको सञ्चालक समितिबाट डेडिकेटेड फिडर र ट्रंक लाइनमार्फत विद्युत् दिने प्रस्ताव स्वीकृत नभए पनि प्रिमियम शुल्क लाग्ने निष्कर्ष पनि आयोगले गरेको छ । उद्योगले प्रस्ताव गरेपछि प्राधिकरण सञ्चालक समितिबाट स्वीकृत गरेपछि मात्रै डेडिकेटेड फिडर र ट्रंक लाइनमार्फत बिजुली दिनुपर्ने व्यवस्था थियो । तर, अधिकांश उद्योगले प्राधिकरणमा आवेदन नदिएको दाबीसहित पाटन उच्च अदालतमा रिट हालेका थिए । अदालतले उक्त रिटहरू खारेज गर्दै आवेदन नदिए पनि उद्योगले डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् आपूर्ति नलिएको दाबी नपुग्ने फैसला गरेको छ । त्यस अवस्थामा प्राधिकरणबाट स्वीकृत नभए पनि विद्युत् आपूर्ति भएमा प्रिमियम शुल्क लाग्ने आयोगको निष्कर्ष छ ।

टिओडीबाहेकको तथ्यांक पनि मान्य हुने

आयोगले यो प्रकरणमा टाइफ अफ डे (टिओडी) मिटरबाहेकको तथ्यांक पनि मान्य हुने निष्कर्ष निकालेको छ । प्राधिकरणले केही उद्योगका टिओडी र लकसिटका आधारमा सबै उद्योगको प्रमाण भएको दाबी गरेको छ । उद्योगीहरूले भने टिओडीबाहेकको तथ्यांक मान्य नहुने दाबी गर्दै आएका छन् । यस्तो अवस्थामा आयोगले टिओडी वा अन्य प्राविधिक तथ्य पनि मान्य हुने निष्कर्ष निकालेको छ । पाटन उच्च अदालतले टिओडी वा अन्य प्राविधिक तथ्यको विश्लेषणबाट उद्योगले विद्युत् प्रयोग गरे-नगरेको यकिन गर्नुपर्ने फैसला गरेको थियो, सोहीअनुसार प्राधिकरणले कामकारबाही अघि बढाउनुपर्ने आयोगको निष्कर्ष छ ।

आयोगले भन्यो- आठ वर्षपछि आएर कानुनको अपव्याख्या गर्न मिल्दैन

आयोगले ०७२ पुस र ०७३ असारमा तत्कालीन महसुल निर्धारण आयोगले जारी गरेको महसुलदरमा अहिले आठ वर्षपछि आएर परिवर्तन/व्याख्या/अपव्याख्या वा प्रस्ट्याउन नमिल्ने बताएको छ । त्यसमाथि सर्वोच्च अदालतले शिवम् सिमेन्टविरुद्ध प्राधिकरणले हालेको मुद्दामा पश्चात्दर्शी असर हुने गरी निर्णय गर्न नमिल्ने फैसला गरेको छ । त्यसैले यस विषयमा आयोगबाट अन्य निर्णय गर्न नमिल्ने प्रवक्ता पन्थले बताए । सरकारले पहिलाको आयोगलाई खारेज गरेर ०७४ सम्म विद्युत् नियमन आयोगसम्बन्धी ऐन ल्याएको थियो । अर्कै निकायले ल्याएको नीतिबारे आफूले भूतप्रवाही रूपमा थप निर्णय गर्न नसकिने आयोगको भनाइ छ ।

अझै पनि पुनरावेदनका लागि बाटो खुला

आयोगले बक्यौताबारे चित्त नबुझेमा प्राधिकरणको पुनरावेदन समिति हुँदै पुनः अदालतसम्म मुद्दा हाल्न पाउने बाटो पनि खुला गरेको छ । ग्राहकले महसुलमा चित्त नबुझेमा प्राधिकरणको पुनरावेदन समितिमा आवेदन दिन सक्छन्, त्यसमै के-कति विद्युत् खपत गरेको हो ? उद्योगलाई कुन दरमा शुल्क लाग्ने हो ? भन्नेलगायतका विवादलाई निरूपण गर्न सकिन्छ । तर, उद्योगीहरू उक्त विकल्प प्रयोग नगरी सीधै अदालत गए पनि रिट खारेज भइसकेको छ । यद्यपि, उद्योगीहरू अझै पनि पुनरावेदन प्रक्रियामा आउन सक्ने आयोगको निष्कर्ष छ ।

उच्च अदालतमा...

पृष्ठ १ बाट क्रमशः

(रुपन्देही), कृष्णमुरारि सिवाकोटी (रुपन्देही, काजमा भक्तपुर), नारायणप्रसाद सुवेदी (धनुषा) र विदुर कोइराला (सिन्धुपाल्चोक)लाई पनि जिल्लाबाट उच्चमा ल्याएको छ । त्यस्तै, काठमाडौं जिल्ला अदालतमा कार्यरत न्यायाधीशद्वय दण्डपाणि शर्मा र कृष्णप्रसाद सुवेदी उच्चमा नियुक्त भएका छन् ।

कानुन व्यवसायी पृष्ठभूमिबाट अधिवक्ताहरू सानुमैया डंगोल, सरला मोक्तान, खेमराज भट्ट, अस्मिनकुमार राई, मातृकाप्रसाद भण्डारी, नरबहादुर खड्का, नरेशकुमार चौधरी, कैलाश गुरुङ र माधव घिताल उच्चको न्यायाधीशमा नियुक्त भएका छन् । सहन्यायाधिवक्ता रमादेवी पराजुली र सर्वोच्चका सहरजिस्ट्रार नेत्रप्रकाश आचार्य तथा कानुन मन्त्रालयका सहसचिव कोशलचन्द्र सुवेदी र महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता हरिप्रसाद जोशीलाई पनि परिषद्ले उच्चको न्यायाधीशमा नियुक्त गरेको छ । प्रधानन्यायाधीश अध्यक्ष रहने परिषद्ले न्यायाधीश नियुक्तिको निर्णय लिने गर्छ । हाल विश्वम्भरप्रसाद श्रेष्ठ प्रधानन्यायाधीश छन् । परिषद्मा वरिष्ठतम न्यायाधीश ईश्वरप्रसाद खतिवडा, कानुनमन्त्री धनराज गुरुङ सदस्य छन् । वरिष्ठ अधिवक्ताहरू रामप्रसाद भण्डारी र रामप्रसाद श्रेष्ठ पनि सदस्य छन् । भण्डारी सरकारको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त भएका हुन् भने श्रेष्ठ नेपाल बार एसोसिएसनका तर्फबाट परिषद्मा प्रतिनिधित्व गर्छन् ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय बसुन्धारा, काठमाण्डौको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/०९/१९ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बसुन्धारा, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० माघ ०५ गते शुक्रबार**का दिन शाखा कार्यालय बसुन्धारा, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

ऋणीको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०८/०४ मा दर्ता नं. २०२६६२/०७५/०७६ र स्थायी लेखा नं. ६०६५४५७३८ कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा., वडा नं. २४ स्थित कार्यालय रहेको **नेप्जवेयर इन्टरप्राइजेज प्रा.लि.** (सञ्चालक षडानन्द अर्यालको नातिनी, हरि प्रसाद अर्याल/सावित्री अर्यालको छोरी काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा., वडा नं. ०६ बस्ने **वीणा कुमारी अर्याल** (ना.प्र.नं. १७४८, जारी मिति २०५६/०४/२३, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. षडानन्द अर्यालको नातिनी, हरि प्रसाद अर्याल/सावित्री अर्यालको छोरी काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा., वडा नं. ०६ बस्ने **वीणा कुमारी अर्याल** (ना.प्र.नं. १७४८, जारी मिति २०५६/०४/२३, जिल्ला प्रशासन कार्यालय काठमाण्डौ) ।
२. षडानन्द अर्यालको नाति, हरि प्रसाद अर्याल/सावित्री अर्यालको छोरा, रौतहट जिल्ला जुडिवेला गा.वि.स., वडा नं. ०९ स्थायी ठेगाना भई हाल मकव

का.जि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १९ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

एपिएफ पाँचौंपटक पिएम कप च्याम्पियन

राष्ट्रिय टोलीका खेलाडीले भरिएको एपिएफले पाँचौंपटक उपाधि जित्ने क्रममा कोशीलाई ११ रनले हरायो

रमेश सुवेदी/नयाँ पत्रिका

कोशी प्रदेशलाई ११ रनले हराउँदै विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले पाँचौंपटक प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि जितेको छ। एपिएफले अपराजित यात्रा कायम राख्दै उपाधि जितेको हो। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा बुधबार भएको फाइनलमा एपिएफले पहिलो ब्याटिङ गर्दै ११५ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा कोशीले निर्धारित २० ओभरमा चार विकेट गुमाएर मात्र १०३ रन जोड्यो। एपिएफले यसअघि सन् २०१७, २०१८, २०१९ र २०२२ मा उपाधि जितेको थियो। प्रतियोगितामा एपिएफसँग कोशीको यो तेस्रो हार हो। एपिएफले कोशीलाई लिग चरणमा ९२ तथा पहिलो क्वालिफायर्समा ५२ रनले हराएको थियो। उपाधिसँगै एपिएफले पाँच लाख तथा उपविजेता कोशीले तीन लाख रुपैयाँ पाएका छन्।

रुविनाको अर्धशतक

कोशीकी ओपनर तथा कप्तान रुविना क्षेत्रीले अर्धशतकीय इनिङ्स खेले पनि टोलीलाई उपाधि जिताउन सकिनन्। उनले सर्वाधिक ६२ रन बनाउन ५८ बलमा सात चौका र एक छक्का प्रहार गरिन्। विकेटकिपरसमेत रहेकी काजोल श्रेष्ठले २२ रन जोडिन्। यसबाहेक अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। रुविना र काजोलबीच दोस्रो विकेटका लागि ६६ बलमा सर्वाधिक ६० रनको साझेदारी भएको थियो। ओपनर अप्सरी वेगम ८, चौथो नम्बरमा क्रिजमा आएकी लकिता राजवंशीले ६ रन बटुले। सवनम राई २ रनमा अविजित रहिन्। एपिएफकी कप्तान सीता रानामगर र करुणा भण्डारीले समान एक विकेट हात पारेका थिए।

एपिएफविरुद्ध कोशीकी अप्सरी वेगमले ह्यात्रिक विकेट लिइन्। चार ओभर बलिङ गरेकी अप्सरीले २१ रन खर्चिदै तीन विकेट लिएकी हुन्। अप्सरीले १९.१ ओभरमा इन्दुलाई आउट गरिन्। १९.२ ओभरमा नेरी थापा र १९.३ ओभरमा सोनु खड्कालाई गोल्डेन डकआउट गर्दै उनले ह्यात्रिक गरिन्। कोशीकी अलिसा खाडियाले दुई विकेट लिँदा कप्तान रुविना क्षेत्री र निशा साहले समान एक विकेट हात पारे।



प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेटको ट्रफीसाथ एपिएफका खेलाडी। **तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका**

अपराजित रहँदै च्याम्पियन भयौँ, सीता रानामगर, कप्तान, एपिएफ

अपराजित भएर उपाधि जित्न सफल भएका छौं। प्रतियोगिता राउन्ड रोबिन हुँदा खेलाडी अनुभवी भए। पहिलोदेखि फाइनलसम्म खेलाडीले राम्रो प्रदर्शन गरे। नयाँ खेलाडीले पनि राम्रो गरेका छन्। पूर्वाञ्चलले प्रतियोगिताभर राम्रो गऱ्यो। ज्योति मेरो ओपनिङ पार्टनर हुन्। ज्योति नहुँदा नराम्रो लागेको छ। हामीलाई उनी नहुँदा समस्या हुन्छ। अहिले नै नलिएको भए पनि राम्रो हुने थियो जस्तो लाग्छ।

अझै अनुभव चाहिन्छ, रुविना क्षेत्री, कप्तान, कोशी

टोली एकै खेलाडीमा निर्भर भयो। ११५ रनको लक्ष्य ठूलो होइन। सबैले फाइनलमा दबाब लिए। इनिङ्सको बीचमा धेरै डट बल भयो। एपिएफसँग खेल्ने युवा खेलाडीलाई अनुभव चाहिएको छ। केही खेलाडीले राम्रो खेले पनि अरूले सकेनन्। प्रदेशले अझै प्रतियोगिता राखेर खेलाडीलाई बुस्ट गर्न सक्छ। फाइनलमा पुग्न सक्यौं। ज्योतिले सन्न्यास लिने थाहा थियो। हाम्रो चाहना नै खेलाडीको राष्ट्रिय टोलीबाट बिदाइ राम्रो होस्।

इन्दुले सम्हालिन् एपिएफको इनिङ्स

पहिलो ब्याटिङ गरेको एपिएफलाई राष्ट्रिय टोलीका खेलाडीको साथ रहेको थियो। अनुभवी खेलाडी भए पनि एपिएफले उपाधि भिडन्तमा गतिलो सुरुवात गर्न सकेन। एपिएफ इनिङ्सको एक समय कमजोर अवस्थामा थियो। त्यसपछि एपिएफलाई इन्दु बर्माले उकासेकी थिइन्। राष्ट्रिय टोलीकी कप्तानसमेत रहेकी इन्दुले अर्धशतक बनाइन्। उनको अर्धशतकको सहयोगमा एपिएफले टस जितेर ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेट गुमाएर ११४ रनको योगफल बनायो। इन्दुले ४७ बलमा ६ चौका र एक छक्कासहित सर्वाधिक ५३ रन बनाइन्। ओपनर ज्योति पाण्डेले २७ र रोमा थापाले १४ रन बनाए। अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। इन्दु र रामाले तेस्रो विकेटका लागि ३३ रनको साझेदारी गरे। इन्दु र ज्योतिले दोस्रो विकेटका लागि २८ रनको साझेदारी गरेका थिए। कप्तान तथा ओपनर सीता रानामगर ८ बलमा १ रन बनाएर आउट भएपछि एपिएफ दबाबमा आएको थियो।

रुविना सर्वोत्कृष्ट खेलाडी

कोशी प्रदेशकी रुविना क्षेत्री प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी घोषित भएकी छिन्। कोशी उपविजेता बन्दा रुविनाले समग्रमा ३४५ रन बनाइन्। प्रतियोगितामै उनी सर्वाधिक रन बनाउने खेलाडी बनेकी छिन्। उत्कृष्ट खेलाडी हुँदै रुविनाले एक थान स्कुटर पाइन्। उत्कृष्ट ब्याट्समयान गण्डकीकी सुमन खतिवडा भइन्। उनले प्रतियोगिताका सात खेलमा २१२ रन बनाइन्। उत्कृष्ट बलर मधेश प्रदेशकी पूजा महतो चुनिइन्। उत्कृष्ट चुनिएका तीनै खेलाडी राष्ट्रिय टोलीका सदस्य हुन्।

ज्योतिको सन्न्यास



नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीकी सदस्य ज्योति पाण्डेले अन्तर्राष्ट्रिय क्रिकेटबाट सन्न्यासको घोषणा गरेकी छिन्। पिएम कपमा उपाधि जितेसँगै ज्योतिले अन्तर्राष्ट्रिय क्रिकेटबाट टाढा रहने निर्णय लिएकी हुन्। एपिएफबाट घरेलु प्रतियोगिता खेल्ने ज्योतिले २०२१ मा कतारविरुद्धको खेलबाट अन्तर्राष्ट्रिय टी-२० खेलमा डेब्यु गरेकी थिइन्। उनले पछिल्लोपटक २०२३ जुनमा मलेसियाविरुद्ध नेपाली टोलीको प्रतिनिधित्व गरेकी थिइन्।

■ बागमती प्रदेश क्रिकेट छनोट

काठमाडौंले भक्तपुरलाई हरायो

नयाँ पत्रिका

काठमाडौंले भक्तपुर जिल्लालाई १९१ रनले हराउँदै प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत बागमती प्रदेश छनोटमा पहिलो जित निकालेको छ। मूलपानीको तल्लो क्रिकेट मैदानमा काठमाडौंले दिएको ३०५ रनको लक्ष्य पछ्याएको भक्तपुर २८ ओभरमा ११३ रनमै समेटियो। भक्तपुरका लागि अविनाश बस्यालले अविजित २५, कृष कार्कीले १९, सुरज कामीले १६ र सौरभ सखाकर्मीले १२ रन बनाए।

काठमाडौंका लागि सोनु देवकोटाले आठ ओभरमा एक मेडनसहित ८० रन खर्चिएर चार विकेट लिए। यसैगरी मनोज यादवले तीन, प्रतिश जिसीले दुई र राकेशकुमार कर्णले एक विकेट लिए। पहिलो ब्याटिङ गरेको काठमाडौंले ४० ओभरमा सबै विकेट गुमाउँदै ३०४ रनको योगफल तयार पारेको थियो। काठमाडौंका लागि रोबिन जोशीले सर्वाधिक ९५ रनको योगदान दिएका थिए। उनले ७५ बलमा १२ चौका र दुई छक्का प्रहार गरेका थिए।

यसैगरी, हरिबहादुर चौहानले ५५ बलमा आठ चौका र एक छक्काको सहयोगमा ६० रनको योगदान दिए। काठमाडौंका सोनु देवकोटाले ३१, रोकशकुमार कर्णले २९, इशान पाण्डेले २८ र रित गौतमले २३ रन बनाए। काठमाडौंको ब्याटिङमा पाँचौं विकेटका लागि रोबिन र राकेशले ७१ रनको साझेदारी गरेका थिए। भक्तपुरका लागि धीरेन्द्रकुमार बस्नेतले तीन विकेट हात पारे।

कृष कार्कीले दुई तथा विज्ञान गौतम, सुवास खत्री, अविनाश बस्याल र केशव साउदले समान एक विकेट लिए। यसैगरी, चितवनस्थित गौतम बुद्ध



अन्तर्राष्ट्रिय क्रिकेट मैदान भएको खेलमा चितवनले मकवानपुरलाई सात विकेटले पराजित गरेको छ।

पर्सासँग धनुषाको हार

शंकर पौडेलको उत्कृष्ट बलिङमा बाराले मधेश प्रदेशस्तरीय प्रधानमन्त्री कप एकदिवसीय क्रिकेटमा सहज जित निकालेको छ। बाराले सिराहालाई ५६ रनले हराएको हो। कलैयास्थित सिद्धेश्वर मैदानमा पहिलो ब्याटिङ गरेजेको बाराले ३९ ओभरमा सबै विकेट गुमाउँदै १६४ रन बनाएको थियो। बाराका नीरज यादवले नटआउट अर्धशतक प्रहार गरे। उनले ४८ बलमा ६ चौका र एक छक्का प्रहार गरेका थिए।

केपी ओली कप फागुनमा

नयाँ पत्रिका

केपी ओली कप फुटबल प्रतियोगिता ११ देखि २० फागुनसम्ममा आयोजना हुने भएको छ। राष्ट्रिय युवा संघ नेपालको आयोजनामा प्रतियोगिताको दोस्रो संस्करणको तयारी गरेको छ। पहिलो संस्करणको फाइनलमा मच्छिन्द्र क्लबले सातदोबाटो युथ क्लबलाई सडनडेथमा हराएर उपाधि जितेको थियो। अखिल नेपाल फुटबल संघ (एन्फा)ले आयोजक राष्ट्रिय युवा संघलाई मिति उपलब्ध गराएको युवा संघका प्रवक्ता निरोज पौडेलले बताएका छन्।

एन्फाले प्रतियोगितामा सहभागी हुने टोली तथा क्लब एन्फा तथा जिल्ला फुटबल संघमा आधिकारिक रूपमा आबद्ध भएको हुनुपर्ने सर्त राखेको छ। दोस्रो संस्करणको केपी ओली कपको फाइनलबाहेक सबै खेल च्यासलस्थित मैदानमा हुनेछ। फाइनल खेल दशरथ रंगशालमा हुने आयोजकले जनाएको छ। प्रतियोगितामा सहभागिताका लागि खुला आह्वान गरिने र त्यसपछि सहभागी टिमको छनोट गरिने पनि आयोजकले जनाएको छ।

नेपालका 'ए' डिभिजन र विदेशी टोलीलाई प्रतियोगितामा सहभागी गराउने आयोजकले जनाएको छ। प्रतियोगिताको विजेताले ११ लाख र दोस्रो टोलीले ५ लाख रुपैयाँ पाउनेछन्। यसैगरी, उत्कृष्ट खेलाडीले एक लाख रुपैयाँ पाउनेछन्। उत्कृष्ट गोलरक्षकर, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीले समान ५० हजार रुपैयाँ पाउनेछन्। हरेक खेलको म्यान अफ दी म्याचले १५ हजार रुपैयाँ प्राप्त गर्नेछन्।

प्रधानमन्त्रीद्वारा युथ टोलीको बिदाइ



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बुधबार दक्षिण कोरियाको गाङवनमा हुने चौथो शीतकालीन ओलम्पिक युथमा सहभागी हुने नेपाली टोलीको एक कार्यक्रमबीच बिदाइ गरेका छन्। प्रधानमन्त्री प्रचण्डले युथ ओलम्पिकमा सहभागी हुने खेलाडीलाई शुभकामना दिएका छन्। यसअघि नेपाली टोलीलाई केल्मीले खेल पोसाकको प्रायोजन गरेको थियो। केल्मीको आधिकारिक विक्रेता कामरु ट्रेडिङका कार्यकारी निर्देशक उत्तम न्यौपानेले नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठलाई खेल पोसाक हस्तान्तरण गरेका छन्। शीतकालीन युथ ओलम्पिकमा नेपालको यो तेस्रो सहभागिता हो। नेपालले यू-१९ स्तरमा प्रतिस्पर्धा गर्नेछ। यसपल्टको प्रतियोगिता १९ जनवरीदेखि १ फेब्रुअरीसम्म आयोजना हुनेछ। नेपालबाट पुरुषमा छोवाङ मिन्गुर तामाङ र महिलामा लक्ष्मी राईले सहभागिता जनाउनेछन्। दुवैले स्लालम र जायन्ट स्लालममा आफ्नो चुनौती पेस गर्नेछन्।

खेल संक्षेप

सिवांसले जिते तीन स्वर्ण

काठमाडौं/ फर्स्टस्टेप प्रिस्कुलको स्पोर्टस् डे बुधबारबाट सुरु भएको छ। तीन दिनसम्म हुने स्पोर्टस् डेमा विद्यालयका विद्यार्थीबीच विभिन्न स्पर्धा गराई प्रतिस्पर्धा गराइएको छ। प्रतियोगिताअन्तर्गत पहिलो दिन चार विधामा प्रतिस्पर्धा भयो। खुला दौडमा सिवांस भट्टराई पहिलो भए। चम्चा दौडमा सिवांस नै शीर्ष स्थानमा रहे। रिले दौडमा पनि उनी नै पहिलो भए। स्विट्स दौडमा इभाना दुमासे पहिलो, सहर्ष राना दोस्रो र आसिरमान ढुंगाना तेस्रो भएका छन्। स्कुलका प्रिन्सिपल कृष्णा शर्मा पन्थीले विद्यार्थीबीच भएको प्रतियोगिताले आपसी सद्भाव हुने बताइन्।

साहुखल मुख्य प्रशिक्षक

काठमाडौं/ यू-१९ महिला फुटबल टोलीको मुख्य प्रशिक्षकमा बालगोपाल साहुखल नियुक्त भएका छन्। अखिल नेपाल फुटबल संघ (एन्फा)ले बुधबार एक कार्यक्रमबीच साहुखललाई मुख्य तथा गंगा गुरुङ र श्यामसुन्दर सिंहलाई सहायक प्रशिक्षक नियुक्त गरेको हो। यसैगरी शैलेश कर्माचार्य गोलकिपर प्रशिक्षक बनेका छन्। यस टोलीले आसन्न यू-१९ साफ महिला च्याम्पियनसिपका लागि बुधबारदेखि प्रशिक्षण सुरु गरेको छ। नेपाली फुटबलमा साहुखल अनुभवी 'ए' डिभिजन प्रशिक्षकमा पर्छन्। घरेलु लिगमा उनले च्यासल क्लबलाई प्रशिक्षण गराएका थिए।

स्काई र सुस्मितालाई उपाधि

काठमाडौं/ ११ किलोमिटर म्याराथन उपाधि स्काई लिम्बू र सुस्मिता राईले जितेका छन्। धुलाबारी मोडमा भएको मिनी म्याराथनमा मिक्लाजुङ- ३ पाँचथरका स्काई निर्धारित दूरी ३९ मिनेट ३ सेकेन्डमा पूरा गर्दै पुरुषतर्फ च्याम्पियन बनेका हुन्। भद्रपुर- २ की सुस्मिता ५५ मिनेट ५८ सेकेन्डमा निर्धारित दूरी पार गर्दै महिलातर्फ च्याम्पियन बनिन्। विजेताले समान २१ हजार रुपैयाँ हात पारेका छन्। पुरुषतर्फ फिदिम १० पाँचथरका मुक्साम लिम्बू दोस्रो भए। महिलामा बुद्धशान्ति- ५ की सरिता दनुवार दोस्रो भएकी छिन्। प्रतियोगितामा महिला तथा पुरुष गरी एक सय ३४ जना धावकले सहभागिता जनाएका थिए। बिर्तामोडको देवी माविले आफ्नो ६१औं वार्षिकोत्सवका अवसरमा प्रतियोगिता आयोजना गरिएको प्रधानाध्यापक अम्बिका श्रेष्ठले जानकारी दिइन्।

भारतको नाटकीय पतन



केपटाउन/ दक्षिण अफ्रिकाविरुद्धको दोस्रो टेस्टको पहिलो इनिङ्समा भारतको नाटकीय पतन भएको छ। केपटाउनमा बुधबारदेखि सुरु भएको पहिलो टेस्टमा भारतले दक्षिण अफ्रिकालाई ५५ रनको झिनो योगफलमा अलआउट पारेको थियो। प्रत्युत्तरमा ब्याटिङ थालनी गरेको भारत एक समय १५३-५ को स्थितिमा थियो। तर, यसै योगफलमा बाँकी विकेट गुमाउँदा भारत १५३ रनमै अलआउट भयो। भारतले अन्तिम ५ विकेट ११ बलको अन्तरमा गुमाएको हो। भारतले पहिलो इनिङ्समा ९८ रनको अग्रता लियो।

भारतका लागि ६ ब्याट्समयानले रन नै बनाएनन्। श्रेयस एयर, रवीन्द्र जडेजा, जसप्रीत बुमराह, मोहम्मद सिराज र प्रसिद्ध कृष्णा शून्यमा आउट भए। भारतको ब्याटिङ इनिङ्सको ३३.१ ओभरमा लुन्गी एनगिडीले लोकेश राहुललाई क्याच आउट गराए। राहुलको विकेटसँगै भारतको विकेट झर्ने क्रम सुरु भयो। ३३.३ ओभरमा जडेजाले आफ्नो विकेट गुमाए। ३३.५ बलमा बुमराह क्याच आउट हुन पुगे। त्यसपछि ३४ ओभरमा भारतले थप तीन विकेट गुमायो। इनिङ्सको ३४.२ ओभरमा विराट कोहली आउट भए। ३४.३ ओभरमा मोहमद सिराज र ३४.५ ओभरमा डिएसआरका आधारमा प्रसिद्धले विकेट गुमाएका थिए।

भारतका लागि कोहलीले ५९ बलमा ६ चौका र १ छक्कासहित सर्वाधिक ४६ रन बनाए। शुभमन गिल ४६ रन र कप्तान रोहित शर्माले ३९ रन जोडे। दक्षिण अफ्रिका २३.२ ओभरमा ५५ रनमा अलआउट भएको थियो। दक्षिण अफ्रिकाका कायल भेरेयानले सर्वाधिक १५ र डेभिड बेडिंघमले १२ रन बनाए।

> दक्षिण अफ्रिकाविरुद्धको टेस्टको पहिलो इनिङ्सको कुनै समय भारत १५३-५ को स्थितिमा थियो। ११ बलको अन्तरमा बाँकी विकेट गुमाउँदा भारत १५३ रनमै अलआउट भयो।

भारतको पहिलो इनिङ्समा दक्षिण अफ्रिकाका तीन बलरले सामान तीन विकेट लिए। कागिसो राडवाले ११.५ ओभरमा ३८ रन खर्चे। लुन्गीले ६ ओभरमा ३० रन खर्चेर तीन विकेट हात पारे। बर्गरले ४ ओभरमा ४२ रन दिँदै तीन विकेट हात पारे। भारतको उत्कृष्ट बलिङ सामु कमजोर देखेको दक्षिण अफ्रिकाका नौ खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्। भारतका मोहमद सिराजले ९ ओभरमा ३ मेडन राखी १५ रन खर्चेर ६ विकेट लिए।

बुमराह र मुकेश कुमारले समान दुई विकेट हात पारे। दक्षिण अफ्रिका सिरिजमा १-० ले अघि छ। पहिलो टेस्टमा दक्षिण अफ्रिका इनिङ्स र ३२ रनले विजयी भएको थियो।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Federal Project Implementation Unit, Rupandehi

INVITATION FOR BIDS (IFB)

DATE OF PUBLICATION: 2080-09-19 BS (2024-01-04 AD)

Department of Urban Development & Building Construction, Federal Project Implementation Unit, Rupandehi invites electronic bids for construction of following works under NCB procedures. All other information and bid documents can be downloaded from PPMO'S website: ***www.bolpatra.gov.np/egp*** **(FPIU Rupandehi)**. All eligible bidders are requested to submit bid with the requested documents within mentioned period.

S. N.	Contract No /Bid No	Description of Works	Estimated Amount (Without VAT & Contingencies)	Bid Security Amount (NRs)	Bid Document Price (NRs)	Last date of Bid Submission and Time
1.	DUDBC/FPIU/ Rupandehi/Works/NCB/50/080/81	Upgradation of Road in Kapilvastu District Bijaynagar Rural Municipality wada no. 6 & 1 Ujjwalpur to Bhagirampur way to Asahanara, Kapilvastu	6855075.27	215000.00	3,000.00	2024-02-05 A.D. (2080-10-22 B.S.) 12:00 Hours
2.	DUDBC/FPIU/ Rupandehi/Works/NCB/51/080/81	Beautification of Taulihawa Bazaar to Tilaurakot road (Installation of Electric Street Pole Lighting Works), Kapilvastu	4284154.42	135000.00	3,000.00	
3.	DUDBC/FPIU/ Rupandehi/Works/NCB/52/080/81	Beautification of Taulihawa Bazaar Premises (Installation of Electric Street Pole Lighting Works), Kapilvastu	8560530.77	260000.00	3,000.00	
4.	DUDBC/FPIU/ Rupandehi/Works/NCB/53/080/81	Physical infrastructure construction work for settlement development in Isma Rural Municipality Gulmi.	4292810.19	135000.00	3,000.00	
5.	DUDBC/FPIU/ Rupandehi/Works/NCB/54/080/81	Physical infrastructure construction work for settlement development in Malika Rural Municipality Gulmi	4283461.28	135000.00	3,000.00	

Project Chief

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com